लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha National Weekly

वर्ष १२, अंक ९, २०७५ असोज ५ गते शुक्रबार (Sep. 21, 2018) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५
website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## मधेशी दलको भूमिकाप्रति निधिको आरोप

काठमाडौँ । नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले मधेश केन्द्रित दलहरुले दोहोरो चरित्र देखाएको आरोप लगाएका छन् ।



वर्तमान संविधान मान्य छैन भनेर जनतामा भ्रम छरेको आरोप उपसभापति निधिले संविधान दिवसका अवसरमा पार्टी मुख्यालय सानेपामा लगाएका हुन् । तीन वर्ष अगाडि बनेको संविधानअनुसार सबै गतिविधिमा भाग लिएका मधेश केन्द्रित दल राजपा र संघीय समाजवादी फोरमले संविधान दिवस नमनाउने निर्णय गरेका थिए । यही संविधानअनुसार सबै चुनावमा भाग लिने, सबै लाभका पद लिने तर संविधान दिवस नमनाउने मधेश

(बाँकी अन्तिम पृष्ठमा)

# दाहालको विदेश भ्रमणले भूइँचालो

काठमाडौँ । अध्यक्ष पुष्पकमल दाहालको भारत (दिल्ली) र चीन भ्रमणले नेकपामा भूइँचालो गएको छ । दाहालको भ्रमणलाई अध्यक्ष एवं प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली पक्षका नेताहरुले षड्यन्त्रको गन्ध भन्दै असन्तुष्टि जनाएको नेकपा स्रोतले







जानकारी दिएको छ ।

पुष्पकमल दाहालको भारत र चीन भ्रमण राजनीतिक हुनसक्ने नेकपाभित्र चर्चा चलेको छ । भारतको चार दिने भ्रमण पूरा गरी लगत्तै दाहाल पाँच दिने भ्रमणका लागि चीन प्रस्थान गरेका थिए । राजनीतिक वृत्तमा नेकपा अध्यक्ष दाहाल भारत भ्रमणको स्पष्टीकरण दिन चीन गएको बताइएको छ । वेटिङ प्रधानमन्त्रीका रुपमा हेरिएका दाहाललाई भारत र चीनले पहिला आफ्नो देशमा आउन भ्रमणको निम्तो दिएको थियो । अध्यक्ष दाहाल पहिलो भारत भ्रमणमा गएपछि कतिपयले भ्रमणलाई अनुत्पादकको रुपमा हेरेका छन् । दाहालको बेमौसमको भारत र चीन भ्रमणप्रति अध्यक्ष खड्गप्रसाद शर्मा ओली असन्तुष्ट रहेको समाचार स्रोतले जानकारी दिएको छ । भारत भ्रमणका क्रममा दाहालले भारतीय दैनिक अखबार 'द हिन्दु' लाई दिएको अन्तर्वार्तामा दुई वर्षमा आफू प्रधामन्त्री बन्ने गरी पार्टी एकीकरण गरेको बताएपछि नेकपा पार्टीभित्र भुइँचालो गएको जानकारहरुले बताएका छन् ।

नेकपा पार्टीभित्र माधवकुमार नेपाल समूहले सकेसम्म अध्यक्ष दाहाललाई कि नारा लगाउने रणनीतिमा जुटेको समाचार स्रोतले बताएको छ । नेकपा पार्टीमा अध्यक्ष दाहाल र प्रवक्ता नारायणकाजी श्रेष्ठ एक दिन अघि र पछि चीन प्रस्थान गर्नुलाई राजनीतिक रुपमा अर्थपूर्ण मानिएको छ ।

उता, दाहालको बेमौसमी भारत र चीन भ्रमणका विषयलाई लिएर प्रधानमन्त्री समेत रहेका ने.क.पा.का अध्यक्ष खड्गप्रसाद शर्मा ओली बढी सशंकित देखिएका छन् । प्रधानमन्त्री भएपछि नेपालका प्रधानमन्त्री भारत र चीनमा ओहदाको प्रमाणपत्र बुझाउन जाने प्रचलन जस्तो नै बनिसकेको अवस्थामा ओली भारत र चीनको भ्रमणमा गइसकेका छन् । कम्युनिष्ट सरकारप्रति बढी सकारात्मक हुने ठम्याइका साथ चीनको भ्रमणमा समेत

(बाँकी अन्तिम पृष्ठमा)

## फोरमले गल्ती गरेको ठाकुरको आरोप

हेटौंडा । राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले संघीय समाजवादी फोरम नेपाल सरकारमा गएर ठूलो गल्ती गरेको आरोप लगाएका छन् । बाराको सदरमुकाम कलैयमा बुधवार आयोजित विरोध सभालाई सम्बोधन गर्दै ठाकुरले मधेशीले गरेको बलिदानलाई बदनाम गराउदै सत्ताको लालचमा परेर फोरमले मधेशीको दु:ख बिर्सेको टिप्पणी गरे ।

उनले वर्तमान संविधान मधेश र पहाड बीच ठूलो खाडल भएको बताउँदै वर्तमान संविधानले मधेशीलाई विदेशी सरह अधिकार दिएको आरोप लगाए । उनले वर्तमान संविधान संशोधन आवश्यक भएको भन्ने कुरामा जोड दिँदै मधेशले संविधानलाई पूर्ण रुपमा नभई आंशिक रुपमा मात्र मान्न सक्ने अवस्था रहेको बताएका थिए । संविधानमा मधेशीमाथि विभेद रहेको दाबी गर्दै ठाकुरले संविधानमा संशोधन नभएसम्म वास्तविक रुपमा समस्या समाधान नहुने धारणा पनि राखेका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

## थापा पुनर्विचारको पक्षमा

काठमाडौं/ कमल थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीले धर्मनिरपेक्षता, गणतन्त्र र संघीयता जस्ता मान्यताबारे पुनर्विचार गर्न आग्रह गरेको छ ।



पार्टीको हालै सम्पन्न केन्द्रीय कार्य समितिको बैठकले विगतको अनुभव र वर्तमान यथार्थको धरातलमा उभिएर राष्ट्रिय हित र स्वार्थलाई दृष्टिगत गर्न आग्रह गरेको छ । त्यसैगरी गलत नीति, मार्गचित्र त्रुटिहरु सच्याउने तर्फ गंभीरतापूर्वक सोच्न सबै राजनीतिक दलसँग आग्रह समेत गरेको छ । एकता महाधिवेशनबाट पारित वैचारिक मान्यतामा आधिरत रहेर समान विचारधारा रहेका दलहरुसँग सहकार्य र एकता गर्ने सम्बन्धमा वार्ता गर्न अध्यक्ष थापालाई पूर्ण अधिकार दिने निर्णय भएको सो दलद्वारा जारी गरेको

(बाँकी अन्तिम पृष्ठमा)

# काँग्रेसमा ३३ प्रतिशत महिला आरक्षण

काठमाडौँ । लामो इतिहास बोकेको नेपाली काँग्रेसले ३३ प्रतिशत महिला आरक्षणको व्यवस्था पार्टी संरचनामा लागु गर्ने भएको छ । आगामी १४ औं महाधिवेशनबाट केन्द्रीय कार्यसमितिदेखि पार्टीका आठवटै संरचनामा ३३ प्रतिशत



महिलाको सहभागिता हुने गरी विधान संशोधन गर्न लागिएको जानकारी काँग्रेस स्रोतले दिएको छ ।

यसअघि राज्यका हरेक संरचनामा यस्तो व्यवस्था भए पनि काँग्रसले हेलचेत्र्याइँ गर्दै आइरहेको थियो । हाल काँग्रेसको केन्द्रीय कार्यसमितिमा महिलाहरुको आरक्षण ११ प्रतिशत मात्रै छ । ८५ सदस्यीय काँग्रेस केन्द्रीय कार्यसमितिमा एकजना कोषाध्यक्षसहित १६ जना महिला केन्द्रीय सदस्य रहेको काँग्रेसले बताएको छ । अबदेखि ३३ प्रतिशत महिला सुनिश्चित गर्ने प्रावधानले ठूलो संख्यामा क्षमतावान् महिलाहरु पार्टीको नेतृत्वमा आउने बाटो खुलेको छ । काँग्रेसले प्रस्तावित गरेको आठवटा संरचनामा

(बाँकी अन्तिम पृष्ठमा)

## अमेरिकामा बाबुरामको विरोध

काठमाडौं । अमेरिकामा निजी भ्रमणमा रहेका पूर्व प्रधानमन्त्री



बाबुराम भट्टराईको भ्रमणलाई उनकी पत्नी हिसिला यमीले फेशबूक मार्फत सकारात्मक रुपमा वर्णन गरी

(बाँकी अन्तिम पृष्ठमा)

## किन पेचिलो बन्यो सु.ई. र डि.ई.हरुको सरुवा ?

काठमाडौँ । नीति र थितिभन्दा बेथिति बढी हुने गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्राविधिक, सहसचिव (सु. ई.) हरुको सरुवा भाद्र मसान्तभित्र हुनुपर्नेमा मन्त्री रघुवीर महासेठको कार्यव्यस्तताले हुन नसकेको मन्त्रालय स्रोतले बताएको छ । मन्त्रालयका सहसचिवहरुको सरुवा जुनसुकै अवस्थामा पनि हुन सक्ने भएकाले मन्त्रीले टेन्डर खोली असोजको दोस्रो हप्तासम्ममा गर्ने स्रोतले जानकारी दिएको छ । दरबन्दीलगायतका समस्याले गाँठो परेको प्राविधिक उपसचिव (डि. ई.) हरुको सरुवा असोज १५ गतेभित्र हुने चर्चा चलेको छ । सरुवाको हल्ला बढी चल्ने भौतिक पूर्वाधार मन्त्रालय र सडक विभागका सु. ई. तथा डि. ई.हरु सरुवा नहुँदा अन्योलग्रस्त बनेको जानकारहरुले बताएका छन् ।

प्राविधिक उपसचिव (डि. ई.) हरुको सरुवा मन्त्रालय र विभागले गर्ने भएकाले असोजको १५ गतेभित्र हुने बताइएको छ । सडकमा दुई वर्ष पुगेका डि. ई. हरु सरुवा नहुँदा काम गर्ने मनस्थिति छाडेर पानीबिनाको माछोजस्तै बन्न पुगेका छन् । विगतमा मन्त्रीको आशीर्वाद, कर्मचारीका नेताको सिफारिस र आर्थिक

(बाँकी अन्तिम पृष्ठमा)

## वामदेवलाई पार्टीभित्रबाटै 'एम्बुस'

काठमाडौँ । वामदेव गौतमलाई चुनाव हराउन तत्कालीन एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओली नै लागेको चर्चा यतिबेला सेलाउन पुगेको



छ । अहिले वामदेव कमरेडलाई उपनिर्वाचनबाट संसद्मा ल्याउने विषयले नेकपाभित्र तरङ्ग पैदा गरेको छ । नेकपाका नेताद्वय माधवकुमार नेपाल र झलनाथ खनाललाई आफूले प्रधानमन्त्री बनाएको नेकपाका अध्यक्ष पुष्पकमल दाहालले संसद्मा बताइसकेका छन् । उनै दाहालको जोडबलमा गौतमलाई सांसद् बनाई प्रधानमन्त्री बनाउन प्रयत्न गरिएको राजनीतिक वृत्तमा चर्चा छ । व्यक्तित्व एवं क्षमताका हिसाबले गौतम नेपाल र खनालभन्दा अग्रपंक्तिमा आउन पर्नेमा दिनानुदिन उपनिर्वाचनमार्फत् सांसद् बन्ने कुरा पेचिलो बन्न थालेको

(बाँकी अन्तिम पृष्ठमा)

## आयललाई धराशयी पार्ने खेल

काठमाडौँ । विगत केही समयदेखि नेपाल आयल निगम निरन्तर घाटामा गइरहेको छ । मासिक एक अर्ब तीन करोड निगमलाई घाटा भएपछि पछिल्लो पेट्रोलियम पदार्थमा मूल्य करेक्सन गरेको छ तैपनि १५ दिनमा ३१ करोड ६७ लाख घाटा रहेको निगम स्रोतले जानकारी दिएको छ ।

अन्तर्राष्ट्रिय बजारमा अमेरिकी डलरको भाउ आकाशिएको त्यसको असर निगममा परेको जानकारहरुले बताएका छन् । पेट्रोलियम पदार्थमा

(बाँकी अन्तिम पृष्ठमा)

## नेवानि कंसाकारको आतंकबाट मुक्त

काठमाडौँ । नेपाल वायुसेवा निगमको महाप्रबन्धक सुगतरत्न कंसाकारको आतंक र तानाशाही



प्रवृत्तिबाट कर्मचारीहरुले मुक्ति पाएका छन् । गत भाद्र ३१ गतेको मन्त्रिपरिषद् बैठकले झापा निवासी मदन खरेललाई निगमको कार्यकारी अध्यक्षमा महाप्रबन्धकको अधिकारसहित नियुक्त गरेको छ । खरेल यसअघि पनि नेपाल वायुसेवा निगममा रहँदा स्वास्थ्यको कारण देखाएर राजीनामा गरेका थिए ।

चार वर्षको लागि नेपाल वायुसेवा निगमको महाप्रबन्धक बनेका कंसाकारको कार्यकाल सकिन आठ

(बाँकी अन्तिम पृष्ठमा)

# ओलीका कालो अरिङ्गालदेखि होसियार

काठमाडौँ । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले सरकारका काम, कारबाहीविरुद्ध बोल्नेमाथि कालो अरिंगालजस्तै खनिन आफ्ना कार्यकर्तालाई निर्देशन दिएका छन् । उनले उक्त कुरा पूर्वमाओवादीका दिवंगत नेता पोष्टबहादुर बोगटीको चौथो स्मृति सभामा बताएका हुन् ।



शक्तिशाली पार्टीका प्रधानमन्त्रीले नै खुलेआम आफ्ना कार्यकर्तालाई आक्रमण गर्न निर्देशन दिनुले सर्वसाधारण जनताको जीउधनको रक्षाप्रति प्रश्नचिह्न खडा भएको छ ।

प्रधानमन्त्रीको उक्त भनाइपछि नेविसंघले सडकमा र प्रतिपक्ष दल नेपाली काँग्रेसले संसद्मा अरिंगालको विषयलाई प्रवेश गराएको छ । ओली प्रधानमन्त्री बनेको २२१ दिन अर्थात् सात महिना बढी भइसकेको छ । यो अवधिमा सरकारले प्रशंसा गर्नलायक एउटा पनि राम्रो काम नगरेको, उल्टै विवादित कामहरु बढी गरेको जानकारहरुले बताएका छन् । प्रधानमन्त्रीले अरिंगाल बनेर जाइलाग्न दिएको निर्देशनलाई नेकपाका स्थायी समिति सदस्य घनश्याम भुसालले कटाक्ष गरेका छन् । उनले अरिंगालको जस्तो सामूहिकता खोज्नेले

(बाँकी अन्तिम पृष्ठमा)

## नेपाली सेनामा कमाई हुने विभागहरु

काठमाडौँ । नेपाली सेनाका लागि राज्यले आर्थिक वर्ष २०७४/७५ मा ४४ अर्ब ८६ करोड बढी बजेट विनियोजन गरेको थियो । नेपाली सेनाको इतिहासमै यो बजेट बढी भएको जानकारहरुले बताएका छन् । जंगी अड्डाको भीमकाय बजेट परिचालन गर्ने अधिकार प्रधानसेनापतिलाई हुन्छ । नेपाली सेनाभित्र सिपाहीदेखि प्रमुखसम्मको मासिक तलब, भत्ता, राशन, बुटलगायतमा विनियोजित बजेट खर्च हुने बताइएको छ । जंगी अड्डाको भीमकाय बजेटमाथि चलखेल हुन थालेपछि रक्षा मन्त्रालयलाई समस्या उत्पन्न भएको समाचार स्रोतले बताएको छ । बर्दीको आडमा नेपाली सेनाको दोहन हुन थालेपछि सिपाहीदेखि पृतना, बाहिनी, गण, गुल्म र तालिमकेन्द्र चनाखो बन्न थालेको

(बाँकी अन्तिम पृष्ठमा)

## राउतले कसरी जम्मा पारे भीड ?

काठमाडौँ । संघीय सरकारले देशैभर संविधान दिवस मनाइरहेको



असोज ३ गतेको दिन प्रदेश नं. २ को

(बाँकी अन्तिम पृष्ठमा)

# अरिङ्गालले संविधानलाई आक्रमण गर्ने त होइन ?

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएको ३ वर्ष पुगेको छ । यसबीचमा संविधानलाई संस्थागत गराउन भएका प्रयास निश्चितरूपमा प्रशंसनीय छन् । खासगरी संविधानअनुसार निर्वाचनद्वारा ३ तहको सरकार निर्माण भएको छ । उपलब्धिका रूपमा रहेका विषय कार्यान्वयनमा छन् । अनेक जातीय राजसंस्थाहरूको अन्तिम अवशेष शाही राजसंस्थालाई बिदा गरेपछि प्रारम्भ एकप्रकारको राजनीतिक संक्रमण अन्त्य गर्न राजनीतिक नेतृत्वले सकेसम्म कसरत नगरेको होइन । हिंसाको मुहानका रूपमा यो वा त्यो कारणले निरन्तर रहेको राजसंस्थाको अवशानपछि नेपाल आयामिक परिवर्तनतर्फ उन्मुख छ । वर्तमान संविधान जारी गर्न प्रधानमन्त्रीका रूपमा नेतृत्वगर्ने नेपाली काँग्रेसका तत्कालीन सभापतिसुशील कोइरालालाई सम्मानपूर्वक यसबेला स्मरण गर्नुपर्ने हुन्छ । ३ असोज, २०७२ मा संविधान जारी गरेकै कारण उहाँको राजनीतिक भविष्य अन्त्य भएको तीतो सत्य कुनै समयमा इतिहासकारले उत्खनन् गर्नेछन् ।

असोज ३ बाट नै नेपालको लोकतान्त्रिक आन्दोलनको मियो नेपाली काँग्रेसको अधोगति आरम्भ भएको यथार्थलाई पनि कुनै दिन कसैनकसैले पुष्टि गर्नेछन् । खासगरी एमालेसँगको गठबन्धन तोड्ने र सुशील कोइरालालाई प्रधानमन्त्रीको उम्मेदवार गराउन भएको निर्णय धेरै अर्थमा घातक थियो र यसतर्फ जसले प्रेरित गरे तिनका विषयमा खोजीनीति हुनु अनिवार्य छ । २०६४ को निर्वाचनपछि जसरी गिरिजाप्रसाद कोइरालाप्रति प्रतिशोधपूर्ण राजनीति भयो त्यही कथा सुशील कोइरालामा समेत दोहोरिएको थियो ।यो सिलसिला निरन्तर रहने देखिँदैछ । नयाँसंविधानअनुसार २०७४ मा तीनै तहको निर्वाचन गराउने नेपाली काँग्रेसका सभापति एवम् तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि कोइरालाद्वयले भोग्नुपरेको जस्तै प्रतिशोध बेहोर्नुपर्दैन भन्ने छैन । उहाँमाथि मसिना विषय र प्रसंगलाई लिएर सार्वजनिकरूपमैभइरहेका आलोचनाको निष्कर्ष के हो भने संशयपूर्ण र कठीन अवस्थामा समेत निर्वाचन गराउने काम भएकै कारण अबका दिनमा देउवालाई समेत लज्जित गराउने आन्तरिक र बाह्य दुवैप्रकारका खेल हुनेछन् । देउवाको तेजोवध नगरी निर्वाचन सफल पार्न उहाँले गरेको इमान्दार प्रयासको बदला पूरा हुने छैन । देउवापछि जोसुकै आए पनि नेपाली काँग्रेसको शीर्ष नेतृत्वको हविगत कोइरालाहरूको जस्तै गरी निरन्तर दोहोरिने निश्चित छ । त्यसमा को पात्र कसरी प्रकट हुन्छ, समयले नै देखाउनेछ ।

सरकारका सात महिनाले नेपाली जनतामाझ केही विशेष उपहार प्रदान गरेको छ भने त्यो हो- निराशा । भय, निरंकुशता, उखानतुक्का, भ्रष्टाचार, बलात्कर, हत्या, झुट र असुरक्षा । राजनीतिक संक्रमण अन्त्य गर्ने र स्थायित्वको मार्ग प्रशस्त गर्न खोज्ने नेतृत्वलाई अस्थिर बनाउने र आक्रामक बुख्याचाहरूमार्फत अस्थिरता जीवित राख्ने प्रपञ्चको खेल नेपालमा नयाँ होइन । त्यो खेल लामो समयदेखि निरन्तर मञ्चित छ । नेपालको राष्ट्रियतालाई आफ्नो शीरमा राखेर लोकतन्त्र र सामाजिक/आर्थिक रूपान्तरणको पदमार्ग समात्न खोज्ने शक्तिलाई निरस्त पार्न तयार राजनीतिक बुख्याचाहरूले दिन/प्रतिदिन यो देशको क्षमता, विश्वसनीयता र अस्तित्वलाई समेत चुनौती दिन लागेको अनुभव हुँदैछ ।२०७२ मा जारी संविधानले नेपाली जनतालाई पूर्णरूपमा हुकुमी शासनबाट सदाका लागि मुक्त पारी स्वतन्त्र, सर्वोच्च, सार्वभौमसत्ता सम्पन्न नागरिकमा परिणत गरेको थियो । तर अहिले नेपाली नागरिक निरीह हुन लागेका छन् । २०७२ को संविधानले शान्ति, सहमति, सहकार्य, सद्भाव, कानुनी राज्य र सामाजिक न्यायका पक्षमा आफूलाई उद्बोधित गराएको थियो । संविधानमा केही विषय छन् जसलाई कतिपय नेपालीले समर्थन जनाएका छैनन् । एक पक्ष संघीयता मान्दैन, अर्को पक्ष धर्मनिरपेक्षता स्वीकार गर्दैन, अर्को पक्ष संघीयतामा स्वायत्तताको माग गरिरहेको छ । एकथरीले राजस्वमा तर मार्दै संविधानविरुद्ध उभिने निर्णयसमेत गरे ।तर यी विषय क्रमशः सुधार गर्दै मान्य हुने कुरामा नेपाली जनता आस्वस्त थिए । अर्थात् राजनीतिक स्थायित्व, शान्ति र अहिंसा, सामाजिकन्याय, समतामूलक समाज निर्माण, आधारभूत नागरिक स्वतन्त्रता



पुरुषोत्तम दाहाल

अनि स्वतन्त्र सार्वभौम सर्वोच्चताका पक्षमा नेपाली जनता अहिले पनि उत्तिकै विश्वास गर्छन् । तर संविधान जारी भएपछिका दिनमा जसरी कार्यान्वयनको प्रश्न विवादास्पद हुँदैछ त्यसले जनताको विश्वासमा पानी फेरिँदै गएको देखिन्छ । जनता आकुल हुन लागेका छन् । निर्वाचनपछि बनेको सरकारका सात महिनाले नेपाली जनतामाझ केही विशेष उपहार प्रदान गरेको छ भने त्यो हो- निराशा । भय, निरंकुशता, उखानटुक्का, भ्रष्टाचार, बलात्कर, हत्या, झुट र असुरक्षा । राष्ट्रवादको आक्रामक आवरणमा देशको स्वाभिमानलाई बन्धक बनाइएका अनेक उदाहरण छन् । हिजो गरिएका अनेक प्रतिज्ञाको पोल जनताले खोलिरहनु नपर्ने भएको छ ।

७ महिनाको यो कहालीलाग्दो स्थितिबीचसंविधानले ३ वर्ष पूरा गर्दैगर्दा संविधान कार्यान्वयनको जिम्मेवारी लिनुभएका प्रधानमन्त्री यतिविधि असहिष्णु हुनुभएको छ कि अबका दिनमा नयाँ राजनीतिक द्वन्द्वको सम्भावना बढ्ने संकेत देखिन लागेका छन् । सरकारका काम हेर्दा निरंकुश सत्ताको पूर्वाभ्यास गर्न लागेको स्पष्ट देखिन्छ ।लोकतन्त्रको अर्थ असहमति राख्न पाउने स्वतन्त्रता हो । जीवनको शास्वत अधिकारसँग जोडिएको अभिव्यक्तिको स्वतन्त्रता लोकतन्त्रको सौन्दर्य हो । यदि असहमतिको अधिकार र अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गरिन्छ भने लोकतन्त्र निरंकुशतन्त्र, कुरूपतन्त्र, हुल्लडतन्त्र, अराजकतन्त्रमा परिणत हुने निश्चित छ । आफूसँग असहमतहरूलाई अरिंगालको गोलो जस्तो बनेर घातक आक्रमण गर्न आफ्ना कार्यकर्तालाई प्रधानमन्त्रीले भर्खरै आह्वान गर्नुभएको हुनाले पनि अराजकताको उत्कर्षतर्फ देश अग्रसर भएको प्रतीत हुँदैछ । संघीय लोकतान्त्रिक गणतन्त्रका लागि एक थोपो पसिनासमेत नचुहाउनुभएका वर्तमान प्रधानमन्त्रीले निरंकुशशैलीमा विपक्षीहरूमाथि जाइलाग्न दिनुभएको सन्देश र गर्नुभएको आग्रहले कम्युनिस्ट पार्टीका इमान्दार सदस्यलाई लज्जाबोध गराएको हुनुपर्छ । यो सन्देश आफ्ना समर्थक कार्यकर्तालाई मात्रै हो कि उहाँको नेतृत्वमा चलिरहेको राज्यसंयन्त्रलाई पनि हो रुस्पष्ट छैन । यो आग्रह कार्यकर्तामा मात्र सीमित होला भनेर विश्वास गर्ने आधार प्रधानमन्त्रीको तीव्र महत्वाकांक्षा र आन्तरिक निरंकुशताको कार्यशैलीले दिएको छैन । नेपाल कम्युनिस्ट पार्टीमा धेरै वैचारिक क्षमता भएका, कार्यकुशलता भएका, जीवन उत्सर्ग गरेका, परिवर्तनका लागि अनवरत संघर्ष गरेका र आजको उपलब्धिकालागि जेलनेल यातना भोगेका अनेक सदस्य छन् । केहीलाई छाडेर उनीहरूमा अव कुनै साम्यवादी निरंकुशताको सपना पनि छैन होला । आजको समाजको माग, आवश्यकता, क्षमता सबैलाई सूक्ष्म विश्लेषण गर्न सक्ने ठूलो पंक्ति नेकपामा छ । लोकतन्त्रका मर्यादा ध्वस्त पारेर समाज विकास हुँदैन भन्नेमा धेरै सदस्य विश्वस्त देखिन्छन् पनि । तर संघीय लोकतान्त्रिक गणतन्त्रका लागि एक थोपो पसिनसमेत नचुहाउनुभएका वर्तमान प्रधानमन्त्रीले निरंकुशशैलीमा विपक्षीहरूमाथि जाइलाग्न दिनुभएको सन्देश र गर्नुभएको आग्रहले कम्युनिस्ट पार्टीका इमान्दार सदस्यलाई लज्जाबोध गराएको हुनुपर्छ । वचन र कर्मले सरकार प्रमुखको हैसियत जनाउँछ । वर्तमान प्रधानमन्त्रीले केही दिनपहिले सरकारका पक्षमा आक्रामक नभएको भन्दै आफ्ना सहयोगी र कार्यकर्तासँग गुनासो गर्नुभएको थियो । उहाँका यतिविधि घटिया शब्दशैली र टिप्पणी हुने गर्छन् कि एकपटक आफूलाई मौरी र अरु पार्टीलाई झिंगाको उपमा दिने काम गर्नुभयो । त्यसको प्रतिटिप्पणी गर्नु आवश्यक थिएन । केलाई चलाइ गन्ध भन्ने नेपाली उखानै छ ।

प्रधानमन्त्रीले संविधान जारी भएको ३ वर्षमा विपक्षीमाथि अरिंगालको गोलोजस्तै गरी खनिन दिएको सन्देशलाई नेकपाका सदस्यले स्वीकार गर्छन् त ? उनीहरूले अरिंगालको गोलो जस्तो हुन स्वीकार गरेनन् भने प्रधानमन्त्रीको पद र पार्टीको अध्यक्ष पदको गरिमा जोगाउन उहाँले आफ्नै पार्टीको अर्को कुनै साथीलाई ती पदमा विराजमान गराउने नैतिक साहस देखाउनु हुन्छ ? वस्तुतः अस्थिरताको मुख्य कारणका साथ बुख्याचाको भूमिका प्रधानमन्त्री आफैं निर्वाह गरिरहनुभएको छ । किन ? किन उहाँ निहुँ खोज्दै हुनुहुन्छ ? के ७ महिनाका असफलता ढाकछोप गर्ने बहानाका रूपमा यस्ता उत्तेजक अभिव्यक्ति दिँदै हुनुहुन्छ ? कि साँच्चै उहाँ यो परिवर्तनविरुद्ध प्रतिक्रान्तिको राजमार्ग निर्माण गर्ने खेलमा सक्रिय हुनुहुन्छ ? यसको जवाफ दिनैपर्छ । उहाँका समर्थकले कसमाथि अरिंगालको गोलो खनिएझैं खनिनुपर्ने हो ? के निर्मलाका हत्यारा पत्ता लगाऊ भनेर नारा लगाउनेहरूविरुद्ध अरिंगाल जस्तो गरी आक्रमण गर्नुपर्ने हो कि ? के उपकुलपति र एउटा विद्यार्थीलाई अपराधीशैलीमा एयरपोर्टबाट किन फिर्ता गरेको भनेर सोध्नेविरुद्ध खनिनुपर्ने हो ? अथवा सुनका ठूला माछा लुक्ने दुलो कहाँ लुकाउनुभयो भनेर सोध्नेदेखि काम नगर्ने ठेकेदार र यातायात सिन्डिकेटको महाभारत किन पूरा भएन भनेर जान्न खोज्नेहरूलाई चिल्नुपर्ने हो ? दिनहुँ स्वतन्त्रताको घाँटी निमोठ्दै पत्रकारलाई हत्कडी लगाउनु संविधान र स्वतन्त्रतामाथि आक्रमण ठान्नेका मुखमा टोक्नुपर्ने हो कि ? नेपाल एयरको वाइडबडी प्रकरणको रहस्य सार्वजनिक गर्न माग गर्नेका मुख सुन्निने गरी चिल्नुपर्ने होरु विधानविपरित बर्खास्तगी किन गरिँदैछ भनेर सोध्नेका आँखामा चिल्नुपर्ने हो ? जनकपुर हुँदै राजधानीसम्म विदेशी सेनाले हतियार र आर्मी ड्रेससहित मार्चपास्ट गर्ने काम राष्ट्रको स्वाभिमानविरुद्ध भयो भनेर कराउनेका मुख बन्द गर्न अरिंगालको गोलो खनिनुपर्ने हो कि ? सरकारी ढुकुटीबाट ओली वंशकालागि ठूला भोजभतेर लगाउनु बेइमानी हो भन्ने र पार्टीका ४ सयभन्दा बढी सदस्य र अरु सम्मिलित बैठकको खर्च जनताको तिरोबाट लुट्न पाइँदैन भनेर कराउनेको घाँटी कस्न अरिंगाल हुनुपर्ने हो कि रु चुनावलगत्तै ५ हजार घर-घरमा पुऱ्याउने काम किन गरेनौं भनेर प्रश्न गर्ने वृद्धवृद्धाका सुकेका ओठ र गिजामा खिल रोप्ने कि ? करको भारले थिच्न हुन्न भन्नेहरूलाई अरिंगाल भएर टोक्ने हो कि ? यी त केही नमुना प्रश्नमात्र हुन् । ७ महिनामा यस्ता धेरै प्रश्न पैदा भएका छन् । के ती सबैलाई निर्जीव गराउन अरिंगालको गोलो भएर नेपाल कम्युनिस्ट पार्टीका सदस्यहरू देशभर दौडन्छन् त ? यिनै प्रश्न हुन् जसले राजनीतिक संक्रमणलाई स्थायी बनाउने काम गर्दैछन् र संविधानको मर्ममाथि प्रहार गर्न लागेका छन् ।

# ओली बंशको अंश होइन, सरकारी ढुकुटी

प्रधानमन्त्री केपी शर्मा ओली ओली बंशमा संयोग बस जन्मेका हुन । मान्छे कुनै पनि बंशमा संयोगबस जन्म लिन पुग्ने हो । संजोगले जन्म लिए पनि उसको त्यो कुल, बंश र परम्परामा केही दायित्व निर्वाह गर्नुपर्ने सामाजिक, सांस्कृतिक र नैतिक भुमिकाहरु हुन्छन् । मान्छे समाज भन्दा पर गएर रहन सक्दैन पनि । यस्तै भुमिका र दायित्व बीच प्रधानमन्त्रीले देशको सरकारी भवन प्रधानमन्त्री निवास बालुवाटारको दुरुपयोग गरे । भन्नेहरुले त यो सदुपयोग नै भनेर तर्क गरेको पनि भेटियो र भने पनि उनी आफू बस्ने ठाँउमा कार्यक्रम हुनु दुरुपयोग होइन । उनी बस्ने ठाँउ कार्यक्रम गर्ने उपयुक्त र उचित स्थान हो । उचित ब्यबस्थापन सहितको स्थान भनेर नै उनको लागि सरकारले यो ब्यबस्था गरेको हो । तर प्रश्न उठछ कुन कार्यक्रम चैं उचित हो कुन होइन ? देश र जनताले तिरेको करबाट कुनै एउटा बंश पालित पोषित हुने चलन ठिक हो ? बंशबादको नाममा राज्यको ढुकुटी रित्याउने र राज्य संयन्त्र प्रयोग गर्ने काम अनि प्रधानमन्त्री स्वयं यसमा अग्रसर हुनु जायज हो र ? प्रधानमन्त्री भइ सकेपछि उनको जीवन पुर्णतया सार्वजनिक हो हुनुपर्छ ।

कुनै बंश, कुल, परम्परा र साँगुरो घेराभित्र मात्र बस्न सुहाउन्न । समग्र देशको प्रधानमन्त्री भइ सकेपछि उसको दायित्व सानो घेरा, बंश कुल पार्टी विशेष र कार्यकर्ता विशेषमा होइन देश विशेषमा केन्द्रित हुनुपर्छ । राज्यको शक्ति सेवा र स्रोत सबैको पहुँचमा पुर्याउनु पर्छ । नकी निहित स्वार्थमा मात्र ? प्रधानमन्त्री त देशको हुन्छ साझा हुन्छ नि होइन र ? प्रधानमन्त्री त हिजो उनलाई चुनाव हराउन दिलो ज्यानले लाग्ने विरोधी दल र कार्यकर्ताको पनि हो । कसैलाई भोट नै नहाल्ने सर्वसाधारणको पनि हो । प्रधानमन्त्री भइ सकेपछि उनले कतिपय निजीकुरा पनि भुल्नु पर्ने बाध्यता र परिस्थितिमा हुन्छन् । याद गर्नुस प्रधानमन्त्री ज्यु, तपाईंको आफ्नो निजी दुःखमा दुख्ने, रुने र खुसीमा दिल खोलेर हास्ने बैयक्तिक स्वतन्त्रता पनि निर्बाध प्रयोगमा ल्याउन नसक्ने बाध्यता र अप्ठ्यारो बीच चल्नुपर्छ । सार्वजनिक र उच्चस्तरीय ओहोदाको यो बैयक्तिक स्वतन्त्रता हरण हुने अवस्था हो । प्रधानमन्त्री हुने पनि मान्छे नै हुन उसको पनि निजि जिन्दगी र सुख दुःखका मेलोहरु हुन्छन् । दुःखमा उनलाई पनि अरु मान्छेलाई जस्तै रुन मन लाग्छ सुखमा दिल खोलेर हाँस्न मन लाग्छ । खुसीमा रमाइलो वातावरणमा नाच्न मन लाग्छ । तर सामाजिक उच्च ओहोदाको कारण जुन जहाँसुकै अरु मान्छेलाई झैं उनलाई त्यो अवसर मिल्दैन अप्ठ्यारो हुन्छ । सामाजिक आचारसंहिता र सुरक्षाको कुरा जोडिएको हुन्छ । सजिलो छैन प्रधानमन्त्री हुन यो अवसर जो कोहीले पाउदैनन् अनि सजिलो छैन प्रधानमन्त्रीको भूमिका खरोसँग सम्पादन गर्न ।

अप्ठ्यारो र जटिलता बीच नै प्रधानमन्त्रीको अधिकांश समय ब्यतित भएको हुन्छ । उनको पल पल महत्वपूर्ण र सार्थक हुनुपर्छ । सानो समूहको स्वार्थ र बंशको, आ-फ्नाको लागि मात्र देशको महत्वपूर्ण समय खर्च हुनु भनेको देश बर्बादीको बाटोमा जानुको निकृष्ट उदाहरण हो । जातीय अहम् र परम्पराको बिजारोपण मलजल र गोडमेल गर्नु हो । जसले प्रकारान्तरमा जातीयताको पक्ष पोषण गर्छ । शनिबार बालुवाटार प्रधानमन्त्रीको सरकारी निवासको दृश्य देख्दा देश नै लज्जित हुने स्थिति देखियो । नो ओली नो इन्ट्री ! देशको कार्यकारी प्रधानमन्त्री निवास बंशबन्धुको घेरामा पर्नु , ओली बाहेक अरुलाई नो ओली ?

नो इन्ट्री ! भनेर सुरक्षाकर्मीले गेटबाट नै फर्काएको देख्दा लाग्थ्यो हामी बंशबादका बादशाहबाट शासित हुँदैछौं । के कम्युनिस्ट पार्टी लगायतको दुई तिहाईको सरकारको प्रगतिशिलता बंशवाद हावी हुनु हो ? प्रधानमन्त्री केपी ओली यो देशका 'ओली'हरुको मात्र प्रधानमन्त्री हुन् भने उनले ओलीहरुको: वंश भेला प्रधानमन्त्री निवास बालुवाटारको



सञ्जीव कार्की

किचनमै आयोजना गरे पनि कसैलाई पनि सरोकार हुँदैनथ्यो । तर, उनी यो देशकै प्रधानमन्त्री भएकाले कुनै अमुक जात, थर या गोत्रको भेला जनताको करबाटै संचालन हुने प्रधानमन्त्री निवासलाई बनाउनु अनुचित मात्र हैन अनाचार पनि हो । प्रधानमन्त्री निवास न त पार्टी प्यालेस हो, न पिकनीक स्पट । न कुनै डिस्को र रोधीघर ? बहुजातीय, बहुभाषिक, बहुधार्मिक मुलुकमा आफ्नै वंशलाई मात्र बालुवाटारमा प्रश्रय दिएर प्रधानमन्त्रीले के सन्देश दिन खोजेका हुन ?

लोकतान्त्रिक ब्यबस्थामा एक जात थरको कब्जामा बालुवाटार पर्नु निश्चय नै घीनलग्दो संस्कृतिको शुरुवात त विगतको राजतन्त्रको झल्को हो । ओली बन्धुहरुको भेला पाँचतारे होटलमा गरे हुन्छ, ओली बन्धुहरुप्रति मेरो गुनासो छैन । तर प्रधानमन्त्री ओली त म गैरओली भए पनि मेरो पनि प्रधानमन्त्री हुन । उहाँहरुको भेला, बैठक, सभा सम्मेलन टुँडीखेलमा गरे हुन्छ । माइतीघर मण्डलामा गरे हुन्छ । कुनै पनि सार्वजनिक ठाँउमा गर्न छूट छ । तर ओली थरका मान्छे प्रधानमन्त्री हुँदैमा उनको सरकारी निवासलाई बंश बिर्ता झैं ठान्दै गाइजात्रा देखाउनु चै , सामाजिक, नैतिक, कानुनी र मार्क्सवादी दर्शनको दृस्टीले पनि एकदमै नाजायज हो । घटीया हर्कत र अपसंस्कृतिको थालनी हो । राणाकालमा श्री ३ महाराजले दरबारमा आफ्ना भाइभारदारको भेला डाकेजस्तो पो देखियो त ओली बंश भेला । प्रधानमन्त्री निवासमा ओली बंशको 'खानपिन' सहितको भेला पनि पुर्ववर्ती सरकारकै निर्णय हो या जनवादी सरकारको पुँजीवादी रुपान्तरण ? कि प्रम निवास 'ओली क्याटरिङ सेन्टर हो ?' राज्यदोहनको यो हद देख्दा, सुन्दा मन अमिलो हुदैन कमरेड ?

*राष्ट्रपति निवासमा तीज पार्टी ।*

*प्रधानमन्त्री निवास बालुवाटारमा ओलीहरुको वंश भेला ।*

आहा ! 'सुखी नेपाल, समृद्ध नेपाल । प्रजाबत्सल 'राजनेता' कमरेड केपी ओलीको 'रामराज्य' शुरु भएको हो त हजुर ? नेपालीका सुखका दिन आएर दुःखका दिन सकिएको लक्षण देखिएको हो अब ? राजनीतिमा नैतिकताको स्थान र सामाजिक व्यबहारको स्थान कहाँ हुन्छ सरकार ? प्रधानमन्त्री ओली ज्यु, तपाईं जनताको करबाट सिन्चिंत धनको माध्यमले आफ्नो मिर्गौला फेरेर बाँचिरहनु भएको छ । देशले तपाईंको उपचारको लागि १८ करोड खर्चेको छ अझ कति खर्च उपचारको लागि लाग्ने हो ? यो रकम तपाईंको पार्टी र तपाईंको ओली बंशको मात्रै त होइन त्यसैले तपाईं नेपाली जनताको प्रधानमन्त्री हो, बन्नुस , जनताको प्रधानमन्त्री । देशले ठुलो धनराशी खर्च गरेर ब्यबस्था गरेका सल्लाहकार, विषय विज्ञ समुहको काम सरकारी भात हसुर्नु र सेवा सुबिधामा लामो हात गर्नु मात्रै हो कि ? उपयुक्त, उचित सल्लाह, सुझाव र सुझबुझ पुर्ण निर्णय गर्न प्रभाव देखाउने हो ? कसैले त जबाफ देवस ।

## वी.पी.को एउटा नलेखिएको इतिहास

सन् ७७ को नोभेम्बर महिना थियो । जम्माजम्मी १७ बर्षको हुँदो हुँ म उबेला । थुना र जेल परिसकेको थिए । डाक्टर बनाउने हजुर बा को सपनालाई पहिले मुलुकमा प्रजातन्त्र ल्याउनु पर्छ भन्ने मेरो जोशले धमिलो लेपन लाउँदै थियो । डाक्टरी पढदैनस् भने बरू वकिल नै बनेपनि हुन्छ । तर, जेल गैरहने यो राजनीति नगर भने हजुर बा को प्रस्ताव बेअर्थको हुदै थियो मेरो लागि । बिहार बीरपुरको एक भूमिगत



जेपी गुप्ता

गेष्टहाउसमा गोपाल राईले नेकाको चार तारे झंडालाई घरीघरी अबिर लाउँदै ल मैले काँग्रेसलाई सिन्दुर दान दिए है भन्दा बिहे गर्ने यो पो तरिका ठिक रै'छ भनी साँच्चैको बिहाबाट बिरक्तिएको बेला थियो त्यो । बाबु बाजे कोई पनि राजनीतिमा नलागेको मेरो पृष्ठभूमिमा राजनीतिमै लाग्ने यो भेल कसरी पस्यो आज सोच्दा उत्प्रेरणाको कुनै एक घटना याद आउँदैन । तर, बगेको समयले निष्ठाका साथ गरिएको राजनीतिको असंख्य घटनाहरूलाई याद गराउँदै छ ।

नागेन्द्र झा, सप्तरी मधवापुरका मेरा अग्रजलाई आज उहाँकै घरमा भेटन पुग्दा माटोको भित्तामा लहरै झुन्डिएका पुराना तस्वीरहरूले ती यादहरूलाई अझ आलो बनायो । मधेसको राजनीतिमा म बत्तासिदां मैले संसदको सदस्यताबाट राजिनामा दिएको थिए । गोपाल राईले बारम्बार सिंदुर लाएर बिहे गरेको उही काँग्रेसको टिकटबाट म त्यतिखेर सांसद थिए । मैले राजिनामा दिएर रिक्त रहेको पुनर्स्थापित संसदको सो ठाँउमा नागेन्द्र बाबु सांसद हुनु भएको थियो । आज हसाउनु भोस भन्नु भो 'तिमीले पद परित्याग गर्दा समेत म लाभान्वित भए । तिमी जेल गएपछि पनि धेरै जना फायदामा रहें । राजनीतिमा कसैको अवसान पनि कोहीको लागि अवसर हुनजान्छ । ' कोशीको पानी बगेको भन्दापनि तिब्र रूपमा हामी दुबै जनाको संझनाहरू बगिरहेको थियो । बीपी कोईराला पेरोलमा रिहा भै अमेरिकामा उपचार गराई फर्कने क्रममा पटनामा नेपाली काँग्रेसको सम्मेलन डाकिएको थियो । बिहार राज्यको एम एल ए क्लबमा । बीपी कोईरालालाई समर्थन गर्न लोकनायक जय प्रकाश नारायण, चन्द्र शेखर जस्ता मुर्धन्य नेताहरूको उपस्थिति थियो । मंचमा शैलजा आचार्य पनि हुनुहुन्थ्यो । नागेन्द्र झा, शिव मधुकर, जगन्नाथ दास, म अनि संगै सप्तरीका केही साथीहरू पनि थियौं । त्यो तस्वीर उही बेलाको हो । नागेन्द्र झाले भन्नु भो 'अब म त यस्ता फोटोहरूलाई पनि जोगाउन नसक्ने भए । बर्षाको पानीले तस्वीरहरूको रंगलाई उप्काउँदै लगेको छ । ' मैले पनि भने शेष स्मृतिहरूको सहारा बाँच्ने कलाको अब अभ्यास गरौन त् ! मैले सन् ७७, नोभेम्बरको एक दुई तस्वीर जस्को म पनि साक्षी रहेको थिए- यो भित्तामा राखेको छु । स्मृतिको रोहमा बाँच्ने अभ्यासको रूपमा !

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोनः ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# वैदेशिक रोजगारीलाई व्यवस्थित बनाऊ

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका क्रममा देखिएका समस्या निराकरण गर्न कस्सिएको छ। विभागले सुरक्षित वैदेशिक रोजगारीको वातावरण सिर्जना गर्न 'म्यानपावर कम्पनी' हरुलाई निर्देशन दिएपछि सो क्षेत्रमा केही सुधार हुने अपेक्षा गर्न थालिएको छ। म्यानपावर कम्पनीको अवान्छित कार्यको सुक्ष्म अनुसन्धान भइरहेको जनाउँदै विभागले त्यस्ता गतिविधि गर्ने कम्पनीलाई कानूनको दायरामा ल्याई कारबाहीको भागिदार बनाउने जनाएको छ। म्यानपपावर कम्पनीले कामदारको राहदानीलगायत कागजपत्र नियन्त्रणमा लिने, समयमै काममा नपठाउने र त्यसबीचमा कामदारले नजाने इच्छा व्यक्त गरेमा सबै कागजात फिर्ता नदिई दुःख दिनेजस्ता घटना बढ्दै गरेकोलाई गम्भीर रुपमा लिएको जनाएको छ। यसैगरी कामदारको राहदानी कम्पनीमा राख्दा कम्पनीले बुझिलिएको भरपाई दिने व्यवस्था अनिवार्य गर्न विभागले निर्देशन दिएको छ।

कामदारको राहदानी कम्पनीमा सङ्कलन भएपछि अनिवार्य रुपमा नाम, राहदानी नम्बरको अभिलेख राख्नुपर्ने व्यवस्थालाई पनि विभागले कडाइ गरेको छ। यसैगरी म्यानपावर कम्पनीका आधिकारिक व्यक्ति आफ्नो परिचयपत्र लगाएर बस्नुपर्ने, अनाधिकृत व्यक्तिलाई कम्पनीमा राखी कामदारसँग लेनदेन र अन्य कुनै प्रकारको कारोबार गर्न लगाई कामदार ठगी गरेमा म्यानपावर कम्पनी स्वयम् जवाफदेही हुनुपर्ने व्यवस्था पनि गरिएको छ। कामदारलाई 'श्रम मात्र गरिदिएको' र बाँकी अन्य काममा कामदार स्वयं जवाफदेही हुने जस्ता गलत सम्झौता गराई विदेश पठाउने गतिविधिलाई तत्काल बन्द गर्नका लागि विभागले त्यसो नगरी त्यस्तो अवस्थामा समेत सम्बन्धित कम्पनी जबाफदेही हुनुपर्ने खालको व्यवस्था गरेको छ। यसैगरी म्यानपावर कम्पनीमा आवश्यक मात्रामा फर्निचर, स्वच्छ पिउने पानी र आगन्तुक कक्षसहित न्यूनतम पूर्वाधारको व्यवस्था गर्नुपर्ने कुरालाई पनि विभागले अनिवार्य रुपमा लागू गर्न म्यानपावर कम्पनीहरुलाई निर्देशन दिएको छ। यस्तै 'भिजिटिङ कार्ड' मा कम्पनीको इजाजत र सम्पर्क नम्बर, कम्पनी सञ्चालकको नाम र ठेगाना स्पष्ट खुलाई उक्त कार्डको जानकारी विभागलाई समेत गराउनुपर्ने व्यवस्था गरिएको छ। कम्पनीहरले अनिवार्यरुपमा कम्पनीको बेवसाइट बनाई आफ्ना गतिविधि बेवसाइटमा अद्यावधिक गर्नुपर्ने तथा कुनै पनि किसिमका गुनासा भएमा त्यसको उजुरी गर्नका लागि सम्बन्धित कम्पनीहरुले देखिने ठाउँमा त्यस्ता गुनासा संकलनका लागि आवश्यक पर्ने बाकस राख्न पनि भनेको छ।

यसरी विभागले दिएको निर्देशनको सही पालना गरिएको खण्डमा त्यस क्षेत्रमा देखिएका विसंगतिहरुमा रोकावट आउने देखिन्छ। सरकार वा विभागले निर्देशनमात्र दिने भन्दा पनि त्यसको पालना भए नभएको बारेमा बढी ध्यान दिएको खण्डमा मात्र ती निर्देशनको अर्थ रहने देखिन्छ। यसका लागि विभागले नियमित रुपमा अनुगमन गर्नुपर्ने हुन्छ। त्यसैगरी रोजगार व्यवसायमा जानेहरुका लागि पनि सचेतना गरिनु आवश्यक हुन्छ। यस्तै विभिन्न सञ्चार माध्यमहरुमा विभिन्न किसिमबाट सूचनाहरु तथा जानकारीहरु प्रकाशन तथा प्रशारण गरी जनचेतना दिने कार्यमा पनि सरकारले कञ्जुस्याँइ गर्नु हुन्न। यसैगरी विदेशमा काम गर्न गएकाहरुको बारेमा पनि के कसरी व्यवस्थित गराउन सकिन्छ भनी सरकारले राम्रो नीति लिएको खण्डमा सबैको कल्याण हुने थियो। यसतर्फ सरकारको ध्यान जानु जरुरी छ।

# राजनीतिले अपराधलाई जटिल बनाउँछ

डा. माधव आचार्य, अपराधशास्त्री



समाजमा बढ्दै गएको अपराध मनोवृत्ति र राज्य तहमा रहेकाहरूको कथित संलग्नताले हाम्रो समाज कता गइरहेको छ भन्ने प्रश्न खडा गरेको छ। समाजका यस्ता परिघटनाहरूको अध्ययन तथा अनुसन्धान गरेका अपराधशास्त्री प्रोफेसर डा. माधव आचार्यसँग यसका विविध आयामहरूबारे गरेको संक्षिप्त कुराकानी।

**० अपराधबाट कुरा सुरु गरौं। एउटा मानिसलाई के कुराले अपराध गर्न प्रेरित गर्छ ?**

अपराध स्वयंमा एउटा जटिल विषयवस्तु हो। त्यसलाई एउटै शिरा, एउटै मात्रै उत्तरले पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्दैन। अपराध हुनको पछाडि धेरैवटा पृष्ठभूमि हुन्छन्। त्यहाँभित्र केही सामाजिक कारणहरू पनि हुन्छन्। केही मनोवैज्ञानिक कारण पनि हुन्छन्। केही चाहिँ उसको शारीरिक कमजोरीका कारण पनि हुन्छन्। साथ साथमा सामाजिक कारण कस्तो हुन्छ। यी सबैको पृष्ठभूमिमा अपराधलाई हेर्नुपर्छ। अपराधलाई जटिल विषयवस्तु भएकाले यो हिसाबमा हेरिनुपर्छ।

**० एउटा अपराधीको मानसिकता आम मानिसको भन्दा फरक हुन्छ कि एउटै हो ? पृष्ठभूमिले मात्र उसलाई अपराधका लागि प्रेरित गर्छ ?**

अवश्य हुन्छ। प्रत्येक व्यक्तिले कुनै कुरा गर्दाखेरी उसको पुरानो अनुभव कस्तो छ ? त्यस आधारमा उसले नयाँ कुरा हेर्छ। यो सबैको हकमा लागू हुन्छ। हामी प्रत्येक व्यक्तिले कुनै कुरा देख्दा, हेर्दा पुरानो जे अनुभव छ, त्यसका आधारबाट नयाँ कुरालाई हेर्छौं, त्यसको मूल्याङ्कन गर्छौं। त्यस सन्दर्भभित्र रहेर निर्णय लिन्छौं। यसरी हेर्दा अपराधीको एउटा आफ्नै एउटा दृष्टिकोण भने हुन्छ। कुन स्थितिमा अपराध गर्न सुरक्षित हुन्छ, कुन स्थितिमा अपराध गर्न सम्भव छ भन्ने उसले विचार गरिरहेको हुन्छ। साथै, ऊ आफूले अपराध गर्दा आफू बच्न सक्छु अथवा आफू लुक्न सक्छु भन्ने मनोवृत्तिले काम गरेको हुन्छ। अपराध गर्दागर्दै म कतैबाट चिनिन्न, म लुक्न सक्छु भन्ने धारणा भयो भने अपराधीले अपराध गर्छ। जहाँ चिनिने सम्भावना हुन्छ, जहाँ पक्राउ पर्ने सम्भावना हुन्छ, त्यहाँ अपराध हुँदैन अथवा कम हुन्छ।

**० अपराधीकरणमा अपराधी हुर्किएको परिवार, समाज र राज्यजस्ता संस्थाको भूमिका कस्तो हुन्छ ?**

परिवारमा उसले ठीक तरिकाको शिक्षा पाएको छ, नैतिक शिक्षा पाएको छ, घरमा धार्मिक वातावरण पनि छ भने परिवारले उसलाई राम्रो बाटोमा लैजानलाई सहयोग पुऱ्याएको हुन्छ। बालबालिकाले धेरै कुरा परिवारबाट सिक्छन्। त्यसको अतिरिक्त स्कुल, छिमेकीबाट सिकिरहेका हुन्छन्। त्यसपछि आउँछ सामाजिक भूमिकाको कुरा। सामाजिक भूमिका कस्तो छ त्यो पनि महत्वपूर्ण हुन्छ। सामजिक भूमिका भन्नाले बाह्य जगत हो। सञ्चारका साधनको विकासका आधारमा मिडियाको पनि विकास भएको छ। त्यसबाट प्राप्त भएका सामग्रीले पनि उसको मनोविज्ञानलाई असर गर्छ। ती सामग्री उसको अध्ययनको रुचिको विषय बन्नेछ। त्यसबाहेक अर्को पनि तत्व छ। त्यो भनेको राजनीतिक क्रियाकलाप र वातावरण हो। राजनीतिमा अपराध घुसेको छ भने अथवा अपराधमा राजनीति घुसेको छ भने पनि आपराधिक समस्या जटिल बनेर जान्छ। किनभने उसले म पक्राउ भइहालेँ भने पनि मलाई राजनीतिक वृत्तबाट संरक्षण हुन्छ भन्ने के सोच्छ। त्यो स्थितिमा पनि ऊ कानुन मान्न तयार हुँदैन र अपराध बढ्ने गर्छ।

**० अघि तपाईंले धार्मिक वातावरणले गर्दा आपराधिक मानसिकता कम हुने भन्नुभयो। व्यक्ति कत्तिको धार्मिक छ भन्ने कुराले पनि उसले अपराध गर्ने नगर्ने असर गर्छ र ?**

केही हदसम्म गर्छ किनकि धर्मले नैतिकताको वकालत गर्छ र उच्च नैतिकता नहुँदा जे गरे पनि हुन्छ भन्ने मानसिकताको विकास हुन्छ। धर्ममा विश्वास नहुने व्यक्तिले धार्मिक परिवेशमा आफूलाई हेर्दैन। त्यस्ता व्यक्तिले आफ्नो भौतिक खुस-सुविधा, आफ्नो अनुकूलता र व्यक्तिगत उन्नतिलाई नै सर्वस्व भन्ने धारणा राखेको हुन्छ। अङ्ग्रेजी भाषामा भन्ने हो भने यसलाई 'इन्डिभिजुयालिस्टिक प्याटर्न' भनिन्छ। त्यस्तो सोचले अपराधीकरण वृद्धि हुन्छ। आफ्नो स्वार्थको दुर्व्यसन बढ्दा अपराधीकरण बढ्छ। धर्म र नैतिकताले यो काम गर्नु हुँदैन। निषेधित काम गर्नु पाप हो, साथै हाम्रो शास्त्र र धर्मले यो कुरालाई निषेधित गरेको छ भनेर धेरै कुरामा निषेध गर्ने भएकाले अपराध कम हुन्छ।

**० अपराधीको मनोवृत्ति हेरेर उसले पाउने सजायमा थपघट गर्नुपर्छ भन्ने मानसिकता पनि छ। त्यो कत्तिको सही हो ?**

यो एकदम सही हो। अहिले बनेको अपराध संहिताले मुख्य आधार यसैलाई बनाएको छ। कुनै काम आफैमा स्वतः गलत हुँदैन। त्यो कार्य सम्पादन गर्दाको मनोवृत्ति कस्तो छ, त्यसमा भर पर्छ। पूर्वसोचविचार गरेर, योजना बनाएर, अरूको सहयोग लिएर गरिने अपराध र कुनै एउटा काम विशेषमा हिँड्दा आकस्मिक रूपमा कसैसँग झगडा भएर हुने अपराध फरक हुन्। त्यस्तै, अर्काले उत्तेजना गरिदिएर अनि त्यसमा प्रतिक्रिया गर्दा हुने अपराधको प्रकृति फरक हुन्छ। यी प्रत्येक प्रकृतिमा मानिसको मनोवृत्तिको आधारमै सजायको घटबढ गरिन्छ। त्यस्तै, सन्दर्भ आत्मरक्षा गर्दाको सन्दर्भमा पनि हुन्छ। कुनै मानिसमाथि आक्रमण भयो भने उसले आफूलाई जोगाउनलाई प्रतिकार गर्ने भनेको स्वाभाविक कुरा हो। कानुनले पनि त्यस्तो अधिकारको वकालत गरेको छ। यदि आत्मरक्षा गर्दा आक्रमणकारीलाई क्षति पुग्यो भने कानुनले उसलाई छुट दिन्छ। तर फेरि त्यस क्रममा उसले बढी बल प्रयोग गऱ्यो वा आवश्यकताभन्दा बढी बल प्रयोग गऱ्यो भने त्यो अपराध हुन्छ। तर उसले पाउने सजाय थोरै हुन्छ। किनकि उसले पूर्वयोजना बनाएर वा सोचविचार गरेर आफ्नो स्वार्थका लागि काम गरेको हैन।

**० पछिल्लो समय हाम्रो समाजमा बलात्कारका घटनाका समाचार बढी आउन थालेको छ। यसको पछाडि समाजमा पहिले रहेको बलात्कार पीडितहरूमा बाहिर आए बेइज्जत हुन्छ भन्ने मानसिकता कम हुँदै गएर बाहिर आउन थालेको हो अथवा साच्चै नै समाजमा बलात्कार बढेकै हो ?**

यसमा दुईटा कारणहरू छन्। पहिलो कुरा विगतको तुलनामा हाल समाज अलिक बढी स्वतन्त्र भएकाले मानवीय गतिविधि बढी चलायमान भएको छ र त्यसले अपराधीहरूलाई अपराध गर्ने अवसर प्रदान गरेको छ। अर्को भनेको पहिले पहिले ती अपराध उल्लेख्य मात्रामा भएको हुन सक्ने सम्भावना छ। तर, ती कतिपय अवस्थामा रिपोर्ट नै नहुने, बाहिर नआउने हुन्थे। किनकि पीडितको परिवार, नातेदारहरूमै यो कुरा बाहिर गयो भने आफ्नो मान र प्रतिष्ठामा हानी नोक्सानी हुन्छ भनेर गुपचुप राख्ने प्रवृत्ति थियो। यो हामीलाई थाहा भएको कुरा हो। यसले गर्दा यो अपराधहरू रिपोर्ट नै नहुने, थाहै नहुने, समचारमै नआउने हुन्थ्यो। अहिले क्रमशः अपराध हामीले होइन, उसले गरेको हो। त्यसैले अपराध गर्नेलाई सजाए दिलाउनुपर्छ भन्ने भावनाले बढ्दै गएको पाइन्छ। यो राम्रो पनि हो। त्यसैले गर्दा यस्ता घटना पत्रपत्रिकामा, प्रहरीकोमा रिपोर्ट हुने दर्ता हुने हुन थालेको हो। यसैले ठूलो आकार पाएको हो।

**० अपराधशास्त्रले समाजमा बलात्कारका घटनाहरू किन र कुन परिवेशमा घटित हुन्छन् भन्ने देखाउँछ ?**

अपराधशास्त्रले एउटा अपराधीले कसरी र किन अपराध गर्छ भन्नेबारे जान्ने अवसर प्राप्त गर्छ। अपराधीको अपराध गरेर लुक्ने, त्यसलाई नियन्त्रण गर्ने र त्यसको प्रवृत्ति तथा प्रकृतिका बारेमा यसले अध्ययन गर्नेगर्छ। यसले अपराध गरेर लुक्ने, भाग्ने अवस्थालाई कम गर्नका लागि आफ्नो भूमिका निभाउने गर्छ। यो शास्त्र न्याय सम्पादनका लागि पनि उत्तिकै महत्वपूर्ण हुने गर्छ। जस्तैस हिजोआज सीसीटीभी क्यामेराको व्यवस्थाले धेरै ठाउँको निगरानी बढाएसँगै अपराधी चिन्न, त्यसका प्रकृति र मनोविज्ञान तथा घटनासँग सम्बन्धित कुरा बुझ्न अनुसन्धानमा खटिएका लागि सजिलो भएको छ। त्यस्तै यसले पनि अपराध घटनाउनका लागि त्यस क्षेत्रमा काम गर्नेहरूलाई सहज बनाउँछ। सीसीटीभीको कम प्रयोग हुने हुनाले गाउँघरतिर हाम्रा महिला, बालबालिकाहरू असुरक्षित वातावरणमा रहन्छन्। कमजोर नैतिक मानसिकता भएको मानिसलाई बालबालिकाहरूको शोषण गर्न सजिलो हुन्छ। बालबालिकाको शोषण किन हुन्छ भने उसलाई सहजै हातमा लिन सकिन्छ। कसैलाई नभन्नु भनेर लोभ र डर देखाउँदा सफल भइन्छ भन्ने अपराध गर्नेको मानसिकता हुन्छ। त्यसपछि जहाँसुकै जसको पनि शोषण गर्ने परिस्थिति बन्छ। वयस्क व्यक्तिको हकमा पनि अपराधीले आफू कसुर गरेर उम्किन सक्छु भन्ने धारणा अर्थात त्यहाँ एकान्त छ, त्यो कसुर गरेर उम्कन सक्छु भन्ने विश्वासले काम गर्छ। अमेरिकामा गरिएको एक अध्ययनमा त्यहाँका प्रहरीहरूले अपराधीहरूलाई तिमीले कसुर गर्दा यसका लागि दण्ड हुन्छ भन्ने थाहा छ भन्दा उत्तर थाहा छ भन्ने आयो। त्यसपछि दोस्रो प्रश्न कति दण्ड हुन्छ भन्ने थाहा छ भन्दा त्यो चाहिँ थाहा छैन भने। तेस्रो प्रश्न दण्ड हुन्छ भन्ने थाहा हुँदाहुँदै किन अपराध गरेको भनेर सोद्धा अपराधीहरूको उत्तर थियो- प्रहरीसँग छल्न सकुँला भनेर गरेको। भनेपछि जब प्रहरीलाई छल्न सक्ने अवस्था न्यून हुन्छ अथवा निगरानीको व्यवस्था चुस्त हुन्छ, त्यस्तो अवस्थामा अपराध कम हुन्छ। तपाईंले सोधेको कुन परिवेशमा यस्ता घटना बढी हुन्छन् भन्ने कुरा यसै भन्न सकिँदैन किनभने यस विषयमा हाम्रोमा यस विषयमा कुनै पनि आधिकारिक अध्ययन अनुसन्धान भएका छैनन्।

**० केहीले बलात्कारलाई पुरुषको यौन आवेगको परिणाम मात्र नभई महिलामाथि हाबी हुन चाहने पितृसत्तात्मक सोचको परिणाम हो पनि भन्ने गरेका छन्। तपाई के भन्नु हुन्छ ?**

कुरा सही हो तर सीधै त्यस्तो भन्न सकिँदैन।

**० कञ्चनपुरमा १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्याको घटना देशभरी चर्चामा छ। यसमा जोडिने प्रश्न के हो भने एउटा बलात्कारीले बलात्कार गरिसकेपछि उसको हत्या पनि गर्नुपर्छ भन्ने सोच उसमा हाबी हुन उसलाई कुन कुराले प्रेरित गर्छ ?**

कुनै किसिमको अपराध हुनेवित्तिकै प्रहरीको एउटा निरोधात्मक एप्रोच हुन्छ अर्थात निगरानी हुनु भनेको निरोधात्मक एप्रोच हो। प्रहरीको सुराकी व्यवस्था हुन्छ। त्यो पनि यही एप्रोचअन्तर्गत पर्छ। प्रहरीको गस्तीले पनि निगरानी नै गरिरहेको हुन्छ। त्यति हुँदाहुँदै पनि समाजमा कमजोर नैतिकस्तर भएकाहरूबाट कानुन भङ्ग हुने गर्छ। निर्मला पन्तको घटना पनि यस्तै कमजोर मानसिकता भएको मानिसले घटाएको हुनुपर्छ। घटना भइसकेपछि अहिलेसम्म किन घटनाको सत्यतथ्य आएन भन्दा अवश्य पनि प्रहरीबाट त्रुटि भएको छ। जहाँसम्म बलात्कारपछि ज्यान मार्ने कुरा छ, त्यसको कारण के हो भने कसुरदारले त्यतिकै छाड्दा पीडितले आफूले गरेको कसुर बताइदिन्छ कि भन्ने भय पनि उसमा त्यतिकै मात्रामा रहेको हुन्छ। पीडितले चिनेको हदसम्म हुलिया त प्रहरीसमक्ष बताउँछ नै, झन चिनेकै मान्छे रहेछ भने त उसलाई सीधै चिनाइदिन्छ भनेर आफू उम्किनुपर्छ भन्ने भावना उसमा हुन्छ। दण्डको भागी हुन्छु भनेपछि उसले प्रमाण मेटाउनका लागि त्यो हदसम्मको कृत्य गर्छ। यसमा अर्को कुन मनोवृत्तिले काम गरेको हुन्छ भने एकथरी मानिसहरू पीडितलाई कष्ट, यातना दिँदा अथवा हत्या गरेर प्रहरीलाई समेत हैरानीमा पार्न पाउँदा आनन्द मान्छन्। 'साइकोप्याथ' भनिने यी खाले प्रवृत्ति बोकेकाले समेत घटना घटाउने गर्छन्।

**० कञ्चनपुरको घटनामा स्थानीयले त्यहाँको उच्च प्रहरी संलग्न भएको आशंका गरेका छन्। अपराध नियन्त्रण गर्ने अख्तियारी पाएका व्यक्तिबाटै अपराध गरेको आरोपलाग्ने अवस्था कसरी आउँछ ?**

यो त अत्यन्त गम्भीर कुरा भयो। प्रहरीलाई रक्षक भन्छन्। ऊ आफै कसुरदारलाई लुकाउने, भगाउने र घटना दबाउने गर्छ भने यसको उत्तर नै छैन। यसको एउटै उत्तर हो- प्रहरी त्यस्तो हुनुहुँदैन। यो ठ्याक्कै कस्तो कुरा हो भने न्यायाधीश आफैले घुस खाए भने जस्तो। यस्तो भएमा के भन्ने ? त्यसको एउटै जवाफ हुन्छ- न्यायाधीशले घुस खान हुँदैन। यस्तो स्थानमा रहेको पदाधिकारीहरू कर्तव्यनिष्ठ, स्वच्छ र इमानदार हुनुपर्छ। समाजको निम्ति आफूले कष्ट भोगेर भए पनि अर्काको निम्ति काम गर्ने हुनुपर्छ। तब मात्र सभ्य समाज सम्भव छ। उनीहरू भ्रष्ट हुँदै आफ्नो स्वार्थलाई मात्रै हेर्न थाले भने समाजले दुःख पाउँछ। यदि त्यहाँका स्थानीयले आशङ्का गरेजस्तै प्रहरीले असली कसुरदारलाई लुकाउन खोजेको भए समग्र प्रहरीकै छवि खराब हुन्छ। जुन आफैमा खतरनाक कुरा हो। वास्तवमा प्रहरीको छवि समाजमा राम्रो हुनुपर्छ। त्यसैले समग्र प्रहरीकै आत्मबल कमजोर बनाउने काम गरेका त्यसभित्रका अधिकारीलाई कारबाही गरिनुपर्छ।

**० यो घटनामा आशंका गरिएजस्तै पछिल्लो समय नेपाली समाजमा उच्च पदमा बस्नेले पदको दुरूपयोग गर्ने प्रवृत्ति बढेको देखिन्छ। के यसले समाजको कुनै खास मानसिकताको प्रतिविम्बिन गर्छ ?**

अवश्य हो। राजनीति भनेको मेरो मात्र नभएर सिङ्गै समाजको उन्नति गर्छु भन्नु हो। यदि राजनीतिलाई योभन्दा भिन्न अर्थमा लिइन्छ भने अर्थात राजनीति भनेको कमाउ धन्दा हो, आफ्नो मान्छे भर्ना गर्ने धन्दा हो, आफ्नो सुख सयलका लागि गरिएको कृत हो भन्ने भावना विस्तार भइरहेको छ भने त्यो अत्यन्त खेदजनक कुरा हो। त्यसबाट सिङ्गै राजनीति बदनाम भएको छ। यसले समाजको भ्रष्टीकरणलाई सङ्केत गर्छ। यसले प्रहरी प्रशासनमा समेत प्रभाव पारेको छ। पछिल्लो समय राजनीतिक उच्च पदमा रहेकाहरूले प्रहरी अनुसन्धानमा हस्तक्षेप गर्ने गरेका छन्। यसले प्रहरी धर्म सङ्कटमा पर्छ। मानु एक कसुरदार उम्कन्छ, नमानु आफ्नो प्रमोसनमा असर पर्छ। उसले आफ्नो वृत्तिविकासका लागि अनुचित दबाब मान्छ। यो निक्कै दर्भाग्यपूर्ण कुरा हो।

**० भनेपछि सुरक्षाकर्मीको भ्रष्टीकरणमा राजनीतिक नेतृत्वको हात छ ?**

हो, प्रहरीको इन्सेन्टिभ तपाईंले कतिको मुद्दा हेर्नुभयो, जसमा कतिवटामा तपाईं सफल र कतिवटामा असफल हुनुभयो भन्ने आधारमा तय गरिनुपर्छ न कि कसैलाई रिझाएको आधारमा। प्रहरीलाई उपयुक्त तालिम र उपकरण दिने हो र बाह्य हस्तक्षेप नहुने हो भने मात्र उसले प्रभावकारी काम गर्न सक्छ। यसअघि नेपाल प्रहरीले ठूला-ठूला मुद्दाहरूको पनि छिनोफानो गरेको छ। त्यसैले हामीले प्रहरी सङ्गठनलाई व्यावसायिक र राजनीतिबाट मुक्त राख्नुपर्छ।

**० पछिल्लो समय समाजमा बलात्कारीलाई मृत्युदण्ड दिनुपर्छ, अपराध गरेकालाई 'इन्काउन्टर'बाट किनारा लाइनु पर्छ भन्ने मानसिकता बलियो हुँदै गएको छ, यसले समस्या समाधान गर्छ ?**

गर्दैन, यसले समस्याको समाधान विल्कुलै गर्दैन। यो कुरा आम जनताको आाक्रोशको परिणाम हो। आम जनताको असन्तुष्टिलाई सम्बोधन गरिनुपर्छ तर विधि भने यो होइन। एउटा निर्दोष बालक अथवा बालिकाको हत्या-बलात्कार हुनु आफैमा ठूलो अपराध हो। त्यसमाथि कसुरदार लामो समयसम्म पक्राउ नपर्नुले उनका आफन्त, हितैसीहरूमा यस्तो

(बाँकी ७ पृष्ठमा)

# भाषणशैलीमा फरक देखिएका नेपालका नेताहरु

'बोल्नेको पीठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन' भन्ने नेपाली उखान छ । बोल्नु भनेको कला हो । भाँती पुर्याएर बोल्नु त्यति सजिलो छैन । राजनीतिक नेता भएपछि नबोली सुखै छैन । प्रस्तुत आलेखमा ३६ राजनीतिक नेताको वाक्कलाबारे प्रकाश पारिएको छ ।

**डा. मीनेन्द्र रिजाल, सांसद :** 'गरे' जस्तो लागे पनि आफूले गरेको भाषण हेर्दा, सुन्दा त्यति सन्तोष लाग्दैन । बोल्दा राम्रै बोलेजस्तो लाग्छ । सबैले राम्रै भन्दिन्छन् । भाषण गर्दा थेगो प्रयोग नगरे पनि 'एउटा कुरा', 'यहाँबाट सुरु गरौं' भन्दोरहेछु । पहिले-पहिले सुझबुझसहित प्रशिक्षणजस्तो भाषण गरिन्थ्यो । काँग्रेस प्रतिपक्षमा रहेकाले हिजोआजको भाषण केही आक्रामक हुने गरेको छ । भाषण गरेकै आधारमा विवादमा तानिनु अस्वाभाविक होइन । राजनीतिकवृत्तमा मीनेन्द्र रिजालको एउटा पहिचान बनेको छ । पहिचान बनाउँदा मित्रमात्रै होइन, प्रतिस्पर्धीमा पनि कमाएको हुँला । पार्टीभित्र र बाहिरका प्रतिस्पर्धीले मेरो छवि बिगार्न आधारहीन प्रचार गर्न लागिपरेका छन् । भाषण गर्नअघि खासै तयारी नगरे पनि मोटो 'फ्रेम' बनाउने गरेको छु ।

**प्रकाशशरण महत, पूर्वमन्त्री :** विषयवस्तुबारे जानकारी भए भाषण सशक्त हुन्छ तर कहिलेकाहीं विषयवस्तुबारे जानकारी नहुँदा र त्यस्तै वातावरण हुँदा कामचलाउ भाषणमात्रै हुन्छ । म ठिकै भाषण गर्छुजस्तो लाग्छ । हामी भाषणमा धेरै कुरा गर्छौं तर निष्कर्ष केही पनि आउँदैन । सकेसम्म विषयवस्तुमा केन्द्रित रहेर आफ्नो कुरा सिधा राख्ने प्रयत्न गर्छु । सिधा कुरा राख्दा कतिपय अवस्थामा अलोकप्रिय मानिन पनि सक्छ । त्यसैबाट उसले पहिचान बनाएको हुन्छ । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । सत्य कुरा बोल्दा कतिपयलाई मन नपर्न सक्छ । भाषण गर्नअघि तयारी गर्दिनँ । तर, यी-यी कुरा बोल्छु भनेर दिमागमा 'सेट' गर्छु ।

**गुरु घिमिरे, केन्द्रीय सदस्य, काग्रेस :** म मध्यमखालको भाषण गर्छु । सुन्नलायक नै गर्छु । भाषण गर्दा 'चाइने', 'यसो भएको हुनाले', 'त्यसो भएको हुनाले' र 'म भन्न चाहन्छु' भन्ने थेगो आफसेआफ प्रयोग गर्दोरहेछु । परिस्थिति हेरेर जस्तोसुकै भाषण गर्न सक्छु । भारतले नाकाबन्दी गर्दा मतमतान्तर चलिरहेको थियो । कसैले नाकाबन्दी हो भने कसैले होइन । मैले पनि नाकाबन्दी नै हो भनेर बोलें । संविधान जारी गरेकाले नाकाबन्दी गरिएको हो भन्दा केहीले त्यस्तो नबोलेको भए हुन्थ्यो भनेर सुझाए । सामान्यतया त्यो दिन बोल्ने कुरा मस्तिष्कमा खेलाउँछु ।

**रामहरि खतिवडा, पूर्वसांसद :** मेरो भाषण शैली आफूलाई मन पर्छ । सुन्नेलाई कस्तो लाग्छ, थाहा छैन । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । भाषण गरेकै भरमा विवादमा परेको छैन । भाषण गर्नुअघि तयारी गर्दै गर्दिनँ ।

**कल्याण गुरुङ, केन्द्रीय सदस्य, काग्रेस :** राजनीतिक नेता भएपछि भाषण गरिरहनुपर्छ । आफ्नो भाषणशैलीप्रति सन्तुष्ट छु । म सुरुमा सानो स्वरमा भाषण गर्छु । बीच-बीचमा बढ्दै जान्छ । बढ्दै गए पनि बीचमा पुनः आवाज घटाउँदै लैजान्छु । 'रिदम' मिलाउने प्रयत्न गर्दै छु । परिस्थिति हेरेर भाषण गर्न सक्छु । भाषण गरेकै आधारमा एकपटक विवादमा तानिएको थिएँ । त्रिवि कर्मचारीको पोखरा अधिवेशनमा स्ववियुमा आर्थिक चलखेल बढ्यो भन्ने चर्चा गरियो । विद्यार्थीलाई आर्थिक चलखेलबारे थाहा हुँदैन, गर्दैनन्, जबसम्म सम्बन्धित क्याम्पसका कर्मचारी शुद्ध हुँदैनन् । त्रिवि, त्रिवि आंगिक र अन्य क्याम्पसका कर्मचारी शुद्ध हुने हो भने स्ववियुमा आर्थिक हिनामिना हुनै सक्दैन । त्रिविलगायत सबै क्याम्पसका कर्मचारीले भ्रष्टाचार रोक्न सक्नुपर्छ भन्नेबित्तिकै हामीलाई भ्रष्टाचारी भन्ने भन्दै दुई-चारजना कराउन थाले । मैले भाषण गर्न रोकिनँ । त्रिविमा भ्रष्टाचार छ भने रोक्नुपर्यो भन्ने मेरो भाषणको आसय थियो । सम्बन्धित क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थी मिलेर भ्रष्टाचार रोक्नुपर्छ भनेको थिएँ । भाषण गर्नअघि सामान्य तयारी गर्छु ।

**डा. डिला पन्त संग्रौला, सांसद :** आफूले गरेको भाषण रेकर्ड गरेर सुन्ने गरेकी छु । त्यसो गरियो भने भए-गरेका कमीकमजोरी कम गर्दै लैजान सकिन्छ । परिस्थिति, जनताको स्तर हेरेर भाषण गर्ने गर्छु । भाषण गर्नअघि तयारी गर्नुपर्छ ।

**पुष्पा भुसाल, सांसद :** राजनीतिक नेता भएपछि भाषण गरिरहनुपर्छ । भाषण गर्नअघि तयारी धेरै गर्छु । तर, व्यवस्थापन गर्न जरुरी छ । धेरै ज्ञान भए पनि भाषणमा व्यवस्थापन गर्न अप्ठ्यारो हुँदोरहेछ । शुभचिन्तकले समेत त्यस्तै सुझाएका छन् । निर्वाचनताका आक्रामक भाषण गरे पनि अन्य समय बौद्धिक भाषण गर्छु ।

**सुनील थापा, पूर्वमन्त्री :** म सकेसम्म छोटो भाषण गर्छु । सकेसम्म आफूले गर्ने भाषण आफैंले लेख्छु । अर्काले लेखेको भाषण उसको बुझाइको हुन्छ । बरु उनीहरूसँग महत्वपूर्ण कुरा बुँदागत रूपमा लिन्छु । इन्टरनेटमा 'सर्च' गर्छु । पहिलोपटक मन्त्री हुँदा आफैंले भाषण लेखें । अरूले लेखिदिएको भाषण पढ्नसमेत अप्ठ्यारो हुन्छ । एक लाईन छुट्यो भने अनर्थ हुन्छ । मेरो सबैभन्दा छोटो भाषण पाँच र लामो सातदेखि १० मिनेटको थियो । समय परिस्थिति हेरेर भाषण गर्छु । भाषण गरेकै आधारमा अहिलेसम्म विवादमा तानिएको छैन । भाषण गर्नअघि तयारी गर्छु ।

**दिलनाथ गिरी, पूर्वमन्त्री :** अहिलेसम्म ज-जसले मेरा भाषण सुनेका छन्, उसले मलाई उत्साहित गराएका छन् । सबैले मन पर्ने काम गर्नुपर्छ भन्ने मेरो मान्यता छ । आफूले गरेको काम अरूलाई मन पर्दैन भने अर्काले गरेको त्यो ढंगका काम आफूलाई मन पर्ने भएन । थाहा नपाउनेगरी 'चाइने' थेगो प्रयोग गर्दोरहेछु । परिस्थिति हेरेर आक्रामक र बौद्धिक भाषण गर्ने गर्छु ।

**मोहनविक्रम सिंह, मसाल महामन्त्री :** भाषण नगरेको धेरै भइसकेको छ । सार्वजनिक समारोहमा जाँदै जान्न । प्रशिक्षण कार्यक्रममा चाहिँ भाषण गर्नैपर्छ । म कहिल्यै आक्रामक भाषण गर्दिनँ । व्यक्ति र पार्टीको आलोचना गर्ने बानी छैन । सभ्य र शिष्ट भएर आफ्नो विचार प्रस्तुत गर्ने हो । भाषण गर्नअघि तयारी गर्दिनँ ।

**भरतमोहन अधिकारी, पूर्वउपप्रधानमन्त्री :** विषयवस्तुलाई प्रभावकारी ढंगले प्रस्तुत गर्न सक्छु । थेगो प्रयोग गर्छु, गर्दिनँ सुन्नेले भन्नुपर्ने हो । भाषण गरेको आधारमा धेरैपटक विवादमा तानिएको छु । 'जेन्युन' कुरा गर्दा विवादमा परिँदोरहेछ । जब-जब राष्ट्रियताबारे बोल्छु, लेख्छु, म विवादमा परिहाल्छु ।

**नारायणमान बिजुक्छे, अध्यक्ष, नेमकिपा :** भाषण गर्दा उग्र कुरा गर्न र झुटो बोल्न मन पर्दैन । विषयवस्तुलाई व्यवस्थित तरिकाले राख्ने कोसिस गर्छु । भाषणशैली प्रोफेसरको जस्तो जानकारीमूलक हुनुपर्छ । मैले मेरो आफ्नो मुख त देख्दिनँ भाषणशैली कसरी थाहा पाउनु ? त्यो त सुन्नेलाई मात्रै थाहा होला । भाषण गर्दा विषयवस्तुको गहिराइसम्म पुग्ने कोसिस गर्छु । बोक्रेताल मन पर्दैन । भाषण गर्नुअघि कहिलेकाहीं तयारी गर्छु ।

**लीलामणि पोखरेल, पूर्वसांसद :** मेरो भाषणशैली अरूले मूल्यांकन गर्ने हो । मलाई केही मानिसले भाषण गर्न प्रेरित गरेका छन् । म निर्मल लामाको भाषणशैलीबाट प्रेरित भएको हुँ । विद्यार्थीजीवनमा विश्वकान्त मैनालीको भाषणशैलीदेखि प्रभावित थिएँ । खगेन्द्र संग्रौलाको विषयवस्तु प्रस्तुत गर्ने शैलीबाट समेत प्रेरित भएको हुँ । तिहारको समयमा प्युठानमा मानिस धेरै भएको ठाउँमा आमसभा हुन्थ्यो । त्यहाँ नेताहरूले भाषण गर्थे । म पनि तिनीहरूजस्तै भाषण गर्ने हुन पाए हुन्थ्यो भनेर परिकल्पना गर्थें । स्नातक पढ्न काठमाडौं आएपछि केही नेताको सम्बन्ध र प्रस्तुति आत्मसात् गर्न थालेछु । भाषण गर्दा चार कुरामा ध्यान दिनुपर्छ । पहिलो 'मास साइकोलोजी' । 'मास' ले मलाई हेरेको छ कि छैन, हेरेको छ भने मेरो कुरा सुनेको छ, छैन भने मलाई मन पराएको छैन भनेर बुझ्नुपर्छ । त्यतिबेला मानिसलाई 'डाइभर्ट' गर्नुपर्छ । दोस्रो 'मास' लाई एट्र्याक्सन गर्न विचारसँगै उखान-टुक्का जोड्दा 'मास' आफूतिर आकर्षित हुन्छ । विषयवस्तु राम्रो हुँदाहुँदै पनि मास 'डिलिङ' हुँदैन । 'मास' मा भाषण गर्नेले 'फ्लकचुएसन' कहाँनेर स्ट्रेस दिने, कहाँ बिस्तारै बोल्ने र कहाँनेर पिकमा जाने भनेर ध्यान दिएमा 'मास' लाई आकर्षित गर्न सकिन्छ । चौथो हो-विषयवस्तु । म जे बोलिरहेको छु, त्यो विषयमा मभन्दा जान्ने अरू छैनन् भन्ने मनोविज्ञानसाथ बोल्नुपर्छ । 'मास' सँग डराउन थाल्यो भने भाषण फ्लप हुन्छ । म आक्रामक र बौद्धिक दुवैखालका भाषण गर्ने गर्छु । 'सेन्टिमेन्टल' भाषण गनुपर्यो भने आक्रामक हुन्छ । गोष्ठीमा अन्तरवस्तुमा आधारित हुन्छ । गोष्ठीका दर्शक, श्रोता कुन तहका छन् । त्यो आधारबाट हेरिन्छ । दर्शक, श्रोता 'मिक्स' छन् भने त्यतिबेला बडो गाह्रो हुन्छ । 'लेभल हाई' र 'लो' छन् भने कसको 'लेभल' मा बोल्ने भनेर गाह्रो हुन्छ, 'हाई लेभल' का लागि बोल्दा तलकाले वास्ता गर्दैनन् भने 'लो' का लागि बोल्दा 'हाईका' ले वास्ता गर्दैनन् । एउटै प्रकारका दर्शक, श्रोता भइदिए बौद्धिक विचार राख्न सजिलो हुन्छ । भाषण गरेकै आधारमा विवादमा तानिनु अस्वाभाविक होइन । विभिन्नखालका मानिस छन् । भिन्नभिन्न विचार छन् । भाषण गर्न जाँदा तयारीसाथ जाने गर्छु ।

**अशोक राई, वरिष्ठ नेता, संसफो :** युवाले मेरो भाषणशैलीलाई शाकाहारी भन्ने गरेका छन् । भनेको आक्रामक हुँदैन । नरम ढंगले आफ्ना कुरा राख्न रुचाउँछु । मानिसलाई उडाएर र घोचेरभन्दा बुझाएर उसको हृदय जितेर आफ्ना कुरा राख्नुपर्छ । मलाई थाहा हुनेगरी थेगो प्रयोग गर्दिनँ । थाहा नपाउनेगरी चाहिँ प्रयोग हुँदोरहेछ । भाषण गरेकै आधारमा विवादमा परेको छुइनँ । विवादास्पद नहुने कारणले पनि मेरो भाषणलाई शाकाहारी भनिएको होला ।

**सीपी मैनाली, महासचिव, नेकपा माले :** भाषण गरिसकेपछि म अझै सुधार्छु भन्ने प्रण गर्छु । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । परिस्थिति हेरेर भाषण गर्नुपर्छ । सबै भाषण एकैप्रकारका हुँदैनन् । एउटै भाषणसमेत एकै प्रकृतिको हुँदैन । भाषण गरेकै आधारमा विवादमा नतानिए पनि विरोधचाहिँ हुँदा हुन् । भाषण गर्नअघि तयारी गर्छु । भाषणको रूपरेखा तयार पार्छु । भाषण आलुको थुप्रोजस्तो नभएर लेखजस्तो अन्तर्सम्बन्धित हुनुपर्छ ।

**गिरिराजमणि पोखरेल, मन्त्री :** मेरो भाषणशैली त अरूलाई पो सोध्नुपर्छ । मलाई बोलिसकेपछि आफूलाई चित्त बुझे भयो भन्ने लाग्छ । कहिलेकाहीं विभिन्न कारणले चित्त बुझ्दैन । म भाषण गर्ने मानिस होइन । परिस्थितिअनुसार भाषण आक्रामक र बौद्धिक दुवै गर्नुपर्ने हुन्छ । भाषण गरेकै आधारमा धेरैपटक विवादमा परेको छु । सदनमा बोल्दाचाहिँ तयारी गर्न थालेको छु । शासकीय संस्कृतिसँग गाँसिएपछि त्यो जरुरी हुँदोरहेछ ।

**शेरधन राई, मुख्यमन्त्री :** आफ्नो भाषणशैली आफैंले मूल्यांकन गर्दा चित्तबुझ्दो लाग्छ । मेरो भाषण सुन्नेले दिएको प्रतिक्रियाका आधारमा मैले यसो भनेको हुँ । तर, आफ्नो भाषणशैलीदेखि आफैं सन्तुष्ट छुब्गस । भाषण गर्दा थेगो प्रयोग गर्ने बानी छैन । परिस्थिति हेरेर भाषण गर्नुपर्छ । भाषण गरेकै आधारमा विवादमा तानिएको छैन । भाषण गर्नअघि सामान्य तयारी गर्छु । त्यसो भन्दैमा घोकेर, लेखेर भाषण गर्ने मान्यता राख्दिनँ ।

**अग्नि सापकोटा, पूर्वमन्त्री :** आफूले आफ्नो भाषणशैली मूल्यांकन गर्दा आवेगात्मक लाग्छ । भाषणशैली बौद्धिक बनाउनुपर्छ भन्ने लागे पनि आक्रामक भाषण गर्ने गरेको छु । भाषण गरेकै आधारमा नभए पनि सञ्चारमाध्यममा प्रतिक्रिया व्यक्त गर्दा कहिलेकाहीं विवादमा तानिएको छु । भाषण तथा अन्तरक्रियामा भाग लिनअघि तयारी गर्ने बानी छ ।

**चक्रपाणि खनाल ...बलदेव', मन्त्री :** बोल्न त बोल्छुजस्तो लाग्छ तर मेरो भाषण सिलसिलाबद्ध नभएको हो कि भन्ने लाग्छ । पहिले-पहिले भाषणशैली आक्रामक भए पनि अहिले सुन्नेले सन्तुलित छ भन्ने गर्छन् । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । भाषण गरेकै आधारमा कहिलेकाहीं सामान्य विवादमा तानिएको छु । भाषण गर्नअघि तयारी गर्ने बानी छैन ।

**महेन्द्रबहादुर शाही, मुख्यमन्त्री :** मैले भाषण गर्दा भाषण एकातिर र श्रोताको मनोविज्ञान अर्कोतिर पाउँछु । नकारात्मक कुरालाई रुचिपूर्वक सुन्ने नेपाली संस्कृतिजस्तै बनेको छ । मैले भाषण गर्दा नकारात्मक कुरा गरें भन्ने श्रोताले ध्यानपूर्वक सुन्छन् तर जीवनोपयोगी कुरा गरें त्यो सुन्दा निद्रा लाग्छ । भाषण गर्दा म कसैलाई गाली गर्दिनँ । भाषण गर्दा 'चाहिँ' भन्ने शब्द प्रयोग भएको सुन्नेले बताउँछन् । भाषण गरेकै आधारमा विवादमा तानिएको छैन । भाषण गर्नअघि तयारी पनि गर्दिनँ ।

**पूर्णाकुमारी सुवेदी, पूर्वउपसभामुख :** आफ्नो भाषणशैली छि भन्नेखालको छैन जस्तो लाग्छ । शान्तिप्रक्रियामा आएपछि पार्टीले महिला वक्ता रूपमा मलाई विभिन्न ठाउँमा पठाएको थियो । परिस्थिति हेरेर बौद्धिक र आक्रामक दुवै प्रकृतिका भाषण गर्न आउँछ ।

**श्रीप्रसाद जबेगू, पूर्वमन्त्री :** भाषणशैली कामचलाउ छ भन्ने लाग्छ । भाषण गर्नेक्रममा थेगो प्रयोग गर्ने बानी छैन । अवस्था हेरेर आक्रमक र बौद्धिक भाषण गर्नुपर्ने हुन्छ । भाषण गरेकै आधारमा विवादमा तानिएको छैन । सबै क्षेत्रमा आफूलाई तयारी गरिरहेको हुनाले भाषण गर्नअघि तयारी आवश्यक छैन ।

**सुदन किराती, सांसद :** आफूले गरेको भाषणशैली आफैंले मूल्यांकन गर्ने गरेको छैन । मानिसलाई सन्तुष्टि कहिल्यै हुँदैन । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । परिस्थिति हेरेर भाषण गर्छु । सर्वप्रथम जनसमुदायको चेतना मापन गर्छु । भाषण गरेकै आधारमा विवादमा तानिएको थाहा छैन । मञ्चमा पुगेपछि भाषणको तयारी गर्छु । पहिले जनसमुदाय हेर्छु । मनोविज्ञान बुझ्छु । कार्यक्रमको शीर्षक हेर्छु । जनसमुदायले सुन्न चाहेनन् भने भाषण छोट्याउँछु ।

**सुरेशकुमार राई ...हिमाल', सांसद :** मेरो भाषणशैली प्रशिक्षणजस्तो हुन्छ । समय परिस्थिति हेरेर बौद्धिक र आक्रामक भाषण गर्न सक्छु । भाषण गरेकै आधारमा जबरजस्ती विवादमा तान्न खोजिएको थियो । संवत् २०७० को निर्वाचनमा उदयपुर गाईघाटको ढिम्कीमा कार्यक्रम थियो । मलाई निम्ता गरिएको थियो । त्यहाँ भाषण गर्दा श्रोता आकर्षित भए । श्रोतामध्येका एकजनाले सोधे- चुच्चे र थेप्चे कसले बनाएको ? म उभिइरहेको पछाडि मन्दिर थियो । मैले भनें- भगवान्लाई सोध्नुपर्छ । उनले फेरि त्यही प्रश्न सोधे । मैले भनें- म द्वन्द्वात्मक भौतिकवादी माओवादी हुँ । यो प्रकृतिले बनाएको हो । अध्यात्मवादअनुसार भन्ने हो भने भगवान्ले बनाएको भन्ने हुन्छ । तसर्थ, प्रकृतिको व्याख्या गर्ने हो भने अलि लामो हुन्छ । उसले पुनः तेस्रोपटक त्यही प्रश्न सोधे । चुच्चे र थेप्चे माओवादी, काँग्रेस र एमाले कसैले बनाएको होइन, प्रकृतिले बनाएको हो भनेर उत्तर दिएँ । अध्यात्मवादअनुसार भगवान्ले बनाएको हो भनेर जोड दिएँ । सो प्रश्न सुनियोजित ढंगले सोधिएको रहेछ । मलाई जबरजस्ती चुच्चो र थेप्चो शब्द ओकल्न लगाउन त्यस्तो प्रश्न सोधिएको थियो । सो शब्द उच्चारणपछि प्रश्नकर्ताले बरगाछी भन्ने ठाउँमा सुरेशकुमार राईले किरात राज्य ल्याउने हो, किरात राज्य ल्याएपछि क्षेत्री, बाहुन लखेट्ने रे, यहाँ बस्ने चुच्चेको नाक काट्ने रे भन्ने अफवाह फैलाईएको थियो । त्यसरी मलाई विवादमा तान्न खोजिएको थियो । भाषण गर्नअघि मोटामोटी तयार हुन्छ ।

**अनिता देवकोटा, पूर्वसांसद :** आफूले गरेको भाषणशैलीदेखि सन्तुष्ट छु । भाषण गर्दा थेगो प्रयोग गरेको सम्झना छैन । परिस्थिति हेरेर आक्रामक र बौद्धिक भाषण गर्नुपर्ने हुन्छ । म दुवै प्रकृतिको भाषण गर्न जान्दछु । भाषण गरेकै आधारमा विवादमा तानिनु अस्वाभाविक होइन । पहिले गरे पनि हिजोआज भाषण गर्दा तयारी गर्न छाडेकी छु ।

**अञ्जना बिशंखे, सांसद :** आफैंले मूल्यांकन गर्दा आफ्नो भाषणशैलीप्रति सन्तुष्ट छु । सुन्नेले पनि राम्रो भन्छन् । आफ्नो भाषणशैलीप्रति 'प्राउड फिल' गर्छु । भाषण गर्दा 'चाइने' थेगो प्रयोग गर्छु भन्ने सुन्नेले भन्छन् । समय परिस्थिति हेरेर भाषण गर्न सक्छु । भाषण गरेकै आधारमा विवादमा तानिएको छैन । भाषण गर्नअघि तयारी गर्छु ।

**जीवनबहादुर शाही, पूर्वमन्त्री :** म अलि छिटो बोल्छु । मेरो भाषणशैली तपाईंहरूले मूल्यांकन गर्ने हो तर नढाँटी भन्ने हो भने मैले आजसम्म जति भाषण गरेको छु, गरें कहिल्यै झुटा कुरा बोलिनँ । बरु गाली खान तयार हुन्छु । पछिल्लो उदाहरण पेस गर्छु- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको जग्गा अधिकरण विवाद कुनै पनि हालतमा टुंग्याउँछु भनेको थिएँ । टुंग्याएरै छाडें । धेरै बाधाव्यवधान आए पनि हिम्मत हारिनँ । मेरो भाषणशैली साह्रै तल्लोस्तरको जस्तो लाग्दैन । मेरो भाषण वास्तविकतामा आधारित हुन्छ । बह्मले जे भन्छ, त्यही भाषण गर्छु ।

**सूर्य थापा, केन्द्रीय सदस्य, नेकपा :** चिन्नेमध्ये धेरैजसोले मलाई लेखक, पत्रकार र राजनीतिक विश्लेषकका रूपमा नै बढी चिन्छन् । म पत्रकारिताभन्दा अघि राजनीति, अनि पत्रकारिता हुँदै राजनीतिमा सक्रिय भएँ । केही आन्तरिक, सांगठनिक कार्यक्रम, पार्टीका अधिवेशन/महाधिवेशन र धेरैजसो निर्वाचनक्रममा भाषण गर्ने मौका मिल्छ । मेरो भाषण आक्रमक भयो भन्नेहरू नभएका होइनन् । म जिल्ला (प्युठान) मा रुचाइएको वक्ताहरूमध्येमा गनिन्छु । भाषण गरेकै आधारमा कहिलेकाहीं विवादमा तान्न खोजिए पनि तानिएको छैन । प्रायः भाषण गर्नुअघि बुँदा टिपोट गर्छु ।

**यज्ञराज सुनुवार, सांसद :** आफ्नो भाषणशैलीबारे आफैंले कसरी मूल्यांकन गर्ने ? यसबारे श्रोतालाई निर्णय गर्न दिनुपर्छ जस्तो लाग्छ । 'आग्रह' र 'अनुरोध' भन्ने शब्द बढी प्रयोग गर्ने गरेको अरूले सुनाउँछन्, त्योबाहेक भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । कतिपय अवस्थामा परिस्थिति हेरेर आक्रामक भाषण गर्नुपर्ने अवस्था सिर्जना हुन्छ, नत्र भाषणका लागि भाषण नहोस् भन्नेमा सचेत छु । भाषण गरेकै आधारमा नियमापत्ति बेहोर्नुपरेको छैन । सामान्यतया जानुपर्ने ठाउँ र विषयवस्तुबारे जानकारी लिएर जाँदा राम्रो हुन्छ भन्ने मान्यता छ ।

**कृष्णकुमार राई, सांसद :** राजनीतिमा लागेपछि भाषण गर्नैपर्छ । भाषण गर्दा विषयवस्तुलाई अलि बढी व्याख्या गर्छु रे भन्ने शुभचिन्तकको सकारात्मक आलोचना छ । भाषण गर्दा थेगोभन्दा उखान-टुक्का प्रयोग गर्न रुचाउँछु । परिस्थिति हेरेर भाषण गनुपर्ने हुन्छ । तर पनि शालीन भाषण गर्ने बानी छ । भाषण गरेकै आधारमा विवादमा पर्नु सम्बन्धित नेताले भाषण गर्दाताकाका श्रोतामा भर पर्छ । हिजोआज सञ्चारमाध्यममा 'हेडलाईन' पढिन्छ, सुनिन्छ । समाचार पढिँदैन । त्यसो भएपछि मन नपरेकाको उछित्तो काढ्ने नेपालीको आमचरित्र छ । तसर्थ, भाषण गर्दा विवेक पुर्याउनुपर्छ । म पनि त्यसै गर्छु ।

**विशाल भट्टराई, सांसद :** राजनीतिक नेता भएपछि भाषण गरिरहनुपर्छ । आफैंले मूल्याकंन गर्दा आफ्नो भाषणशैली 'इन्फर्मल टाइप' को हो भन्ने लाग्छ । भाषणशैलीमा बौद्धिकता भर्नुपर्ने आत्मसमीक्षा गरेको छु । १९ वर्षदेखि निरन्तर खोटाङमा छु, यत्तिका अवधिमा मलाई सुनिरहनु भनेको सामान्य होइन । आकर्षण कायम राख्न पाउँदा गौरवान्वित छु । भाषण गर्दा नजानिँदोपारामा 'तपाईंको' भन्ने थेगो प्रयोग गर्दोरहेछु । प्रतिपक्षमा रहँदा कहिलेकाहीं आक्रामक भाषण गर्नु अस्वाभाविक होइन । हिजोआज त विकास निर्माणका कुरामात्रै गरिन्छ । भाषण गरेकै आधारमा कहिलेकाहीं विवादमा तानिएको छु ।

**डोरप्रसाद उपाध्याय, पूर्वसांसद :** मेरो भाषणलाई धेरैले डा. बाबुराम भट्टराईको शैलीसँग मिल्दोजुल्दो भन्ने गर्छन् । मलाई पनि त्यस्तै लाग्छ । डा. भट्टराईसँग झन्डै ४२ महिना सँगै बसेको हुँ । तसर्थ, त्यसो हुनु अस्वाभाविक होइन । मेरो भाषण कहिल्यै आक्रामक हुँदैन । बौद्धिक भन्दा हुन्छ । भाषण गर्नुअघि सामान्य तयारी गर्छु । मेरो भाषण बाहिरीभन्दा आन्तरिक प्रशिक्षणकिसिमको हुन्छ । पंक्तिभित्र दिने भाषण मिठासपूर्ण र रमाइलो हुन्छ तर जनमानसमा दिने भाषण त्यति प्रभावकारी हुँदैन भन्ने साथीहरूको भनाइ छ ।

**विष्णु रिजाल, केन्द्रीय सदस्य, नेकपा :** म मध्यम तहकै वक्ता हुँ जस्तो लाग्छ । मेरो भाषण सुन्नेले दिएको प्रतिक्रियाअनुसार म भाषण ठिकै गर्छु । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । परिस्थिति हेरेर भाषण गर्न सक्छु । सचेत भएर भाषण गर्ने भएकाले विवादमा तानिएको छैन । भाषण गर्नअघि तयारी गर्छु ।

**हेमकुमार राई ...सुरवीर', सांसद :** म भाषण गर्न सिपालु होइन । धारावाहिक भाषण गर्न जान्दिनँ भन्ने लागे पनि आफूले भन्न खोजेको विषय प्रस्ट पार्ने प्रयास गर्छु । भाषण गर्दा निश्चित रूपमा, तपाईंको, भन्नुस् न, जान्नुस् न लगायत थेगो प्रयोग गरे पनि कम गर्दै लगेको छु । समय-सन्दर्भ र परिस्थिति हेरेर भाषण गर्ने गर्छु । भाषण गरेकै आधारमा विवादमा तानिएको छैन । भाषण गर्नअघि तयारी गर्ने बानी छैन । विषयवस्तुबारे जानकारीचाहिँ लिन्छु ।

**हितबहादुर तामाङ, सांसद :** राजनीतिक नेता भएपछि भाषण गरिरहनुपर्छ । आफ्नो भाषणशैली आफैंले मूल्यांकन गर्दा कामचलाउमात्रै हो भन्ने लाग्छ । पछिल्लो समय सुधार्ने प्रयास गरेको छु । भाषण गर्दा थेगो प्रयोग गर्दिनँ । समय परिस्थिति हेरेर भाषण गर्न सक्छु । भाषण गर्नअघि तयारी नभए पनि विषयबारे जानकारी राख्छु ।

**डा. खिमलाल देवकोटा, नेता :** प्रशिक्षण दिनेखालको भाषण गर्ने गर्छु । मैले गर्ने भाषण आक्रामक हुँदैन । भाषण गरेकै आधारमा कहिलेकाहीं विवादमा तानिनु अस्वाभाविक होइन । भाषण गर्नअघि मस्तिष्कमा विषयवस्तुसम्म तयार गरेको हुन्छु । लेखेर तयारी कहिल्यै गर्दिनँ ।

*संकलक : दीपेन्द्र राई*

# न आत्तिनु, न मात्तिनु

**लाओस राई**

भनिन्छ, हरेक असफलाको निष्ठापूर्वक निरन्तर सामना गरिरह्यो भने त्यसले नयाँ सफलताको सम्भावना जन्माउँछ , अर्को प्रसंगमा सत्रु वा दुश्मनको शक्तिलाई नजरअन्दाज नगरौं भन्ने सन्दर्भमा, शत्रु वा दुश्मन जस्तो छ आफु पनि उस्तै हुन उपयुक्त हुन्छ। त्यसपछि मात्र शत्रुलाई पराजित गर्न सकिन्छ अन्यथा हार निश्चित छ। यी भनाईको आशय जित वा विजय भन्ने बुझिन्छ। त्यसकारण जितको लागि गरिने तयारी, कार्य, प्रयास, बिद्रोह, संघर्ष, क्रान्ति जे भनौं त्यो नै सबैभन्दा मूख्य र महत्वपूर्ण पक्ष रहेछ भन्ने देखिन्छ। यसलाई यसरी पनि बुझ्न सकिन्छ, बिजय र जितका निमित्त गरिने गतिबिधिले नै जित र हार के हुने हो त्यसको निर्धारण गर्दछ। अझै भनौं युद्ध भन्दा पनि युद्धका निम्ति गरिने तयारीको महत्व बढी हुन्छ। प्रसङ्ग पुरानो पार्टी नेपाली काँग्रेस र त्यससँग सम्बन्धित गतिविधिको हो। नराम्रोसंग पराजय भोग्नु परेको काँग्रेस पार्टीले बिगतमा प्रजातन्त्र प्राप्तिको निमित्त जति मेहेनत, संघर्ष, र पूर्व तयारी गऱ्यो, सत्तामा पुगेपछि पुनः जितको सुनिश्चितता निम्ति मजबुद रणनीति बनाउनु असफल भएको देखियो, जसले गर्दा लज्जास्पद हार ब्यहोर्नु पर्यो। एकैछिन चर्चा गरौं, २०१५ सालको प्रथम निर्वाचनमा दुई तिहाई र २०४६ देखि २०७४ सम्म २२ वर्ष समयावधी काँग्रेसले सत्ता चलाएको प्रष्टै देखियो। यो समयावधि भित्र गिरिजा बाबु( गिरिजाप्रसाद कोइराला) ६ पटक प्रधानमन्त्री भए भने सुशिल कोइराला बाहेक कृष्णप्रसाद भट्टराई दुई पटक र शेरबहादुर देउवा पनि धोको पुग्ने गरी चाररचार पटक प्रधानमन्त्री भए। फेरी ज्योतिषीको भनाईलाई सत्य मान्ने हो भने शेरबहादुर देउवा तीन पटक प्रधानमन्त्री हुनै बाँकी छ। यो अर्को पाटो हो, के होला भविष्यले देखाउला। कस्तो अचम्म प्रधानमन्त्री हुने पनि फुटबलमा गोल गर्न प्रतिष्पर्धा र कीर्तिमानी भए जस्तै। यो कस्तो विडम्बना र देशकै दुर्भाग्य। 'काम न साम थालभरी माम' भनेजस्तै जनहित भन्दा को धेरै पटक प्रधानमन्त्री हुने भन्ने दरिद्र सोच, अनि कहाँबाट हुन्छ समृद्धि ? एकै ब्यक्ति पटक पटक प्रधानमन्त्री भएपछी क्षमता भुत्ते हुने र कार्य शैलीमा नौलो नहुँदा ब्यक्ति र पार्टीलाई समेत जनताले मन पराउँदा रहेनछन्। त्यो यसैपाली सम्पन्न निर्वाचनले देखाएको छ। त्यो भन्दा पनि मुख्य कुरा भनेकै नेतृत्वको नियत, सोच र कार्यशैली स्वार्थ केन्द्रित भएपछी कुरै अर्को भइहाल्यो। त्यसैले त्यो पुरानो सोच र निहित स्वार्थको बिल्कुल त्याग गर्नु पर्दछ नेतृत्वले।

इतिहासमा कहिल्यै पनि यस्तो लज्जास्पद हार नभोगेको नेपाली काँग्रेसले हार कै कारण रन्थनिनु, भवीतब्य र प्रकोपमा परेजस्तो लाग्नु स्वभाविक पनि हो। किनकी, चन्द्रमा टिपेर ल्याउँछु भन्ने व्यक्तिहरु पछारिएका छन्। कोही जितेर पनि बाहिर बर्बराइरहेका छन्। हार्नेहरुमा कतिपय त मन्त्री वा लाभको पद पाउनै पर्छ मान्ने मान्यता बोकेका ब्यक्तिहरु छन्। यद्यपी, उनीहरुले पटक पटक जित्दा पनि प्रभावकारी काम गर्न सकेको देखिएन। त्यसकारण उनीहरुको सवालमा चाँही 'महाप्रलय' मान्न सकिएला। अन्यथा प्रलय प्रकोप बिलकुल परेको होईन। निर्वाचन भनेकै हारजित गर्नको लागि गराइन्छ। लोकतान्त्रिक पार्टीले परिणामलाई स्विकार गर्नुपर्छ। कम्युनिस्ट पार्टीको बारेमा भन्ने हो भने २०१५ सालको निर्वाचनमा नराम्रो हार ब्यहोरे पनि एजेन्डाले भने त्यसैबेला जितेको रहेछ भन्ने आज पुष्टि भयो। तिनै कारण कम्युनिस्ट पार्टी र बाम बिचार आजको अवस्थामा आइपुगेको तथ्यलाई स्वीकार्नु पर्दैछ। पूर्वाधार निर्माण नै ०१५ सालको निर्वाचन थियो। चार स्थानमा मात्र जित हात पारेका कम्युनिष्ट पार्टी थोरै संख्यामा संसद हुँदाहुँदै पनि बिचार र राजनीतिक मुद्दाले भने त्यसैबेला जितेका रहेछ भन्नु उपयुक्त हुन्छ। प्रत्येक निर्वाचनलाई आफ्नो क्षमता नाप्ने कसी (यन्त्र) को रुपमा प्रयोग र त्यसकै आधारमा संगठन निर्माण गर्ने जुन शैली उनीहरुले अपनाए, त्यो नै कम्युनिष्ट नेतृत्वको चातुर्यता मान्न सकिन्छ। अर्कोतर्फ संसदीय ब्यवस्थालाई रणनीतिक रुपले स्वीकार गर्दै प्रत्येक निर्वाचनलाई बाम बिचार प्रचारको माध्यम र संगठन निर्माणको उपरी संरचनाको रुपमा बिकास गर्दै लैजानु सक्नु नै उनीहरुको कला मान्नु पर्दछ।

कहिले फुट्ने र छरिएको कनिका जस्तो हुने त कहिले मोर्चाको रुपमा केन्द्रित हुने बाम विचारकहरुको रणनीतिक कार्यक्रम रहेछ भन्ने पछिल्लो पार्टी एकताको घटनाले देखाउंछ। जसले गर्दा दुई तिहाईको बाम सरकार निर्माण भएको भयो। यिनै विविध कारणहरुले गर्दा नेतृत्वको क्षमताको तुलनात्मक रुपले अध्ययन गर्दा काँग्रेस भन्दा कम्युनिस्ट नेतृत्व निकै चतुर र योग्य देखियो। अब रह्यो कुरा काम गर्ने शैली र प्र(णाली। त्यो भने हेर्न बाँकी छ। २०५१ सालदेखि मनोमहन अधिकारी बाट ओलीसम्म आईपुग्दा छ जना प्रधानमन्त्री (माधव नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, केपी ओली) बनिसके। ति मध्ये दाहाल दुई पटक प्रधानमन्त्री भए भने ओली दोस्रो कार्यकालको जहाजमा सयर गरिरहेका छन्। बाम विचारधाराका ब्यक्तिहरु छ जना प्रधानमन्त्री बनिसकेको परिप्रेक्ष्यमा तिनीहरुको कार्य सम्पादन कस्तो रह्यो त्यो सबै नेपाली जनताले मूल्यांकन गरेकै छन्। तथापि सबैको कार्य क्षमता नेपाली जनताले बुझि सकेको भएपनि पुनः तिनै ब्यक्ति नेतृत्वमा पुगेको हुँदा त्यस्ता व्यक्तिको कार्य गराईको शैलीमा खासै भिनता होला जस्तो भने देखिने छैन। भन्ने कुरा नेपाली जनताले भनिरहेका छन्। ठूलो पार्टी नेपाली काँग्रेस नेतृत्व वा शीर्ष नेताहरुको साधारण गल्तीका कारण बाम बिचारको पछि लागेका जनता पनि निरासाको सहारामा रहनु पर्ने देखिन थालिसकेको छ। त्यसकारण शक्तिसाली दुई तिहाईको सामर्थ राख्ने बाम पार्टी पनि नेपाली काँग्रेस पार्टीले बिगतमा बहुमत पाएको कृष्ण प्रसाद भट्टराई नेतृत्वको सरकारलाई जस्तै ढाल्ने खेलमा लाग्ने हो भने पुरानो काँग्रेस र नयाँ नेकपामा के फरक भयो र ? त्यसकारण नेकपाले पात्र परिवर्तन गर्ने खेलमा मात्तिएर लाग्ने हो भने नेकपाको पतनको दिन नजिकै छ भन्ने प्रचण्ड, झलनाथ, माधव नेपालले हेक्का राख्नु पर्दछ।

सन्दर्भः आत्तिने र मात्तिने ब्यक्ति र पार्टीको बारेमा चर्चा गरौं। जनादेश मेरो पक्षमा छ, मैले जे गर्दा पनि हुन्छ, सबै शस्त्रुलाई सखाप पर्छु भन्ने सोच र मान्यताले होला केपी ओली प्रधानमन्त्री भएदेखि निरंकुश प्रवृतिका निर्णयहरु गर्दै गएको देखिन्छ। अघिल्लो सरकारले गरेको सबै निर्णय खारेज, निषेधित क्षेत्र घोषणा, शान्तिपूर्ण बिरोधमा बर्बर दमनको कारण भएको हत्या र स्वास्थ्य मन्त्रीलाई कालो झण्डा देखाएकै कारण हिरासतमा चरम यातना दिएको कारण मृत्यु दिने जुन हर्कत सरकार ले गरेको छ, त्यो लोकतान्त्रिक सरकारले गर्ने कार्य भित्र पर्दैन। त्यस्तै प्रबुद्ध वर्गलाई धम्काउने, ब्यक्तिको नैसर्गिक अधिकारलाई नियन्त्रमा लिने गतिबिधि छ त्यो लोकतन्त्र नभएर साताको उन्मादले मात्तिएर अतिवादको पराकाष्टा हो भन्न सकिन्छ। त्यसकारण इतिहासमा आत्तिएको कम्युनिष्ट जनबलको कारण मात्तिने ठाउँमा पुगेको छ। लामो सत्ताको रसस्वाद गर्ने काँग्रेस आत्तिने स्थानमा पुगेको छ। हिजो संघर्ष भन्ने पार्टी आज संघर्ष भन्नै रुचाउँदैन। हिजो संघर्ष भन्ने सुन्ने बित्तिकै आवश्यक छैन भन्ने पार्टी आज संघर्ष भन्दै उर्लिन थालेका छन्। त्यसकारण परिस्थिति बिल्कुल बदलिएको छ। यस्तो बदलिएको परिस्थिमा पनि नेताहरुको मनस्थिति बदलिएको देखिएन। गरिव जनताको जनजीवन बदलिएको देखिएन। किसानको जनजीवन बदलिएको देखिएन। दिनदुःखीको जीवनयापन बदलिएको देखिएन्। देखियो मात्र आत्तिने र मात्तिनेको जीवन शैली बदलिएको मात्र। त्यसैले पुनः एक पटक नेपाली जनतालाई धन्यबाद भन्दै, जनता जिन्दाबाद।

# गुरुभक्त अभागी एकलव्य, यस्तो छ दुखलाग्दो कहानी

एकलव्य महाभारतका एक चर्चित पात्र हुन् जसले आफ्नो बूढी औंला काटेर गुरुदक्षिणाका रूपमा बुझाएका थिए। विभिन्न पुराणमा यिनको विषयमा अनेक कुरा पाइन्छ। कसैले एकलव्यलाई शिकारीको छोरो भनेका छन् भने कसैले भिल्लको छोरो भनेका छन्। कतिपयले एकलव्य शू( भएका कारण गुरु द्रोणाचार्यले शिक्षा दिन नमानेको बताएका छन्। जब कि यी कुरा गलत हुन्। एकलव्य न त भिल्ल थिए, न शूद्र न त आदिवासी। उनी निषाद जातिका थिए। निषाद नामक एक जाति आज पनि पाइन्छन्। उल्लेखनीय के छ भने धृतराष्ट्र, पाण्डु तथा विदुरकी हजुरआमा सत्यवती पनि निषादकन्या नै थिइन्। महाभारतका रचयिता वेदव्यास पनि सत्यवतीकै पुत्र थिए। सत्यवतीले राजा शान्तनुसँग विवाह गरेर चित्राङ्द र विचित्रवीर्य नामका दुई छोरा जन्माएकी थिइन्। सत्यवतीका पुत्र विचित्रवीर्यका पत्नीहरू अम्बिकाबाट धृतराष्ट्र तथा अम्बालिकाबाट पाण्डुको जन्म भएको थियो। वेदव्यासको नियोगबाट धृतराष्ट्र र पाण्डुबाहेक दासी पुत्र विदुरको समेत जन्म भएको थियो।

एकलव्य निषादराज हिरण्यधनुका पुत्र थिए। महाभारत कालमा प्रयाग ( इलाहाबाद) को तटवर्ती प्रदेशमा फैलिएको श्रृंगवेरपुर नामक राज्य निषादराज हिरण्यधनुको थियो। गंगाको किनारमा अवस्थित श्रृंगवेरपुर उक्त राज्यको सुदृढ़ राजधानी थियो। अर्को एक मान्यता अनुसार एकलव्य श्रीकृष्णको काकाको छोरो थिए। जसलाई उनले निषादराज हिरण्यधनुलाई दिएका थिए। जे होस् द्रोणभक्त एकलव्य निषादराज हिरण्यधनुका पुत्र थिए। उनको आमाको नाम सुलेखा थियो। उसबेला श्रृंगवेरपुर राज्यको शक्ति मगध, हस्तिनापुर, मथुरा, चेदि र चन्देरी आदि ठूला राज्यसमान नै थियो। निषादराज हिरण्यधनु तथा उनका सेनापति गिरिवीरको वीरता विख्यात थियो। हिरण्यधनु आफ्ना अमात्य (मन्त्री) परिषदको सहायताबाट राज्य संचालन गर्थे।

शुरुमा एकलव्यको नाम अभिद्युम्न थियो। उनलाई अभय नामले बोलाइन्थ्यो। पाँच वर्षको भएपछि एकलव्यको शिक्षा सुरु भयो। तत्कालीन व्यवस्था अनुसार कुलीय गुरुकुलमै उनको शिक्षा थालनी भयो। त्यो गुरुकुलमा सबै जाति र समाजका उच्चवर्गका व्यक्ति पढ्थे। एकलव्य एक राजपुत्र थिए। उनको पिता हिरण्यधनुलाई कौरवहरू सम्मान गर्थे अर्थात् हस्तिनापुरमा उनको प्रतिष्ठा थियो। बाल्यकालदेखि नै अस्त्र( शस्त्र विद्याप्रति बालकको लय, लगन र एकनिष्ठता देखेर गुरुले उक्त बालकको नाम 'एकलव्य' राखिदिएका थिए। एकलव्य युवा भएपछि हिरण्यधनुले आफ्ना एक निषाद मित्रकी छोरी सुनीतासँग एकलव्यको विवाह गराइदिएका थिए।

एकपटक पुलक मुनिले एकलव्यको आत्मविश्वास एवम् धनुष बाण सिक्ने लगन देखेर निषादराज हिरण्यधनुलाई भनेका थिए, 'हे निषादराज ! तपाईंको छोरोमा उत्कृष्ट धनुर्धर बन्ने क्षमता छ तसर्थ उसलाई सही दीक्षा दिलाउने प्रयास गर्नु राम्रो हुन्छ।' पुलक मुनिको कुराबाट प्रभावित राजा हिरण्यधनु, आफ्नो पुत्र एकलव्यलाई महान गुरु द्रोणकहाँ लैजान्छन्। तर गुरु द्रोण केवल कुरुकुल र राजदरबारका बालकहरूलाई मात्र धनुष विद्या सिकाउन सक्थे किनभने उनी भीष्मप्रति यो कुरामा वचनबद्ध थिए। यसकारण उनले एकलव्यलाई शिक्षा दिन अस्विकार गरिदिए।

पछि एकलव्यले द्रोणलाई नै गुरु मानेर उनको प्रतिमा बनाई धनुर्विद्याको अभ्यास गर्न थाले। उनी यस विद्यामा पारङ्गत पनि भए। उनी द्रोणका अन्य कुनै पनि शिष्यभन्दा कुशल धनुर्धर भए। द्रोणाचार्यले जुन अर्जुनलाई महान सिद्ध गर्नका लागि एकलव्यको बूढी औंला कटाएका थिए, एकलव्यलाई पछि तिनै अर्जुन विरुद्ध समेत युद्ध लड्नुपर्ने भयो। एकलव्य अर्जुनको पुत्रको हत्याका कारण बन्न पुगे भने अर्जुनको सालोकै हातबाट उनको मृत्यु पनि भयो। एकलव्यको एकजना पुत्र थिए जसको नाम केतुमान थियो। एकलव्यले युद्धमा वीरगति प्राप्त गरेपछि केतुमान सिंहासनमा बसे। महाभारत युद्धमा केतुमान कौरवहरूको पक्षबाट लडेका थिए। उक्त युद्धमा केतुमान भीमसेनको हातबाट मारिएका थिए।



# किन खिइँदै गयो हाम्रो इञ्जिनियरिङ क्षमता ?

**आशिषभद्र खनाल**

राजनीतिक आन्दोलनका श्रृंखलापछि नेपाली जनताको चाहना समृद्धि र विकासमा अड्केको छ। यो समयको माग पनि हो। के समृद्धि र विकास सोचेजस्तो सजिलो गरी प्राप्त गर्न सकिन्छ ? कुनै बेला हामीजस्तै अवस्थामा रहेका देश कसरी अगाडि पुगे ? यही सन्दर्भमा जापानको समृद्धि र नेपालको प्राविधिक कठिनाइबारे यो आलेख तयार गरिएको छ। सन् १८५९ मा जापानमा समुद्री बन्दरगाहहरू खुले। पश्चिमाहरूको प्रविधि भित्रिने बाटो खुल्यो। प्रविधि हस्तान्तरण गर्ने सर्तमा विदेशी प्राविधिकलाई ठेक्का करारमा जापान ल्याइयो। जापानी प्राविधिक तथा इञ्जिनियरले सँगै काम गर्ने मौका पाए। धेरै विद्यार्थीलाई इञ्जिनियरिङको उच्च शिक्षा लिन संसारका नामी विश्वविद्यालय पठाइयो। फर्केपछि विशेषज्ञका रूपमा काम गर्न रातो कार्पेट ओछ्याइयो। सन् १८७५ सम्म आइपुग्दा जापान सरकार स्वदेशी इञ्जिनियरबाट काम गर्ने हैसियतमा पुग्यो।

यसकै उदाहरण हो, क्योटो सहरको जलपरियोजना। सन् १८६७ मा जापानको राजधानी क्योटोबाट टोकियो सर्यो। क्योटोको चमकमा कमी आयो। खानेपानी समस्या हुँदै गयो। डाँडापारीको बिवा तालबाट पानी ल्याउने परियोजना थाती थियो। टोकियो विश्वविद्यालयबाट सिभिल इञ्जिनियर उत्पादन सुरू भएपछि यो योजनाले साकार रूप लियो। सरकारले सन् १८८४ मा बिवा तालबाट पानी ल्याउने योजना स्वीकृत गर्यो। अर्को वर्षबाट काम सुरू भयो। टोकियो विश्वविद्यालयबाट सिभिल इञ्जिनियरिङमा स्नातक तानावे साकुरोले ठूलो योगदान गरे। त्यति बेलाका प्राविधिक औजार र सुरूङ निर्माणदेखि इञ्जिनियरिङका दस्तावेज सुरक्षित छन्। यसरी दोस्रो विश्वयुद्धअगावै जापानले आधुनिक विकासमा फड्को मारेको देखिन्छ। विश्वयुद्धमा अणुबमले ध्वस्त पारिएपछि भने जापानको अर्थतन्त्र तहसनहस भयो। गरिबी र अभाव सिर्जना भयो। जापान पनि साम्यवादतिर लाग्ला र तत्कालीन सोभियत संघको कब्जामा पर्ला भनेर अमेरिका डरायो। ठूलो आर्थिक सहयोग गर्न थाल्यो। जलस्रोत क्षेत्रमा ठूल्ठूला बाँध यही समय निर्माण भए। सडक, रेल, उद्योग र अन्य क्षेत्रमा पनि निरन्तर प्रगति गर्यो। सत्तरी दशकमै जापान विश्वको दोस्रो अर्थतन्त्रका रूपमा स्थापित हुन पुग्यो। जापानबाटै पाठ सिकेर दक्षिण कोरियाले सन् १९६० पछि प्रविधिमा जोड दिएको हो। भारतले औपनिवेशकाल अन्त्यपछि प्रविधिलाई महत्व दियो। आइआइटीजस्ता अन्तर्राष्ट्रिय स्तरका इञ्जिनियरिङ कलेज स्थापना गरिए। गुणस्तरिय इञ्जिनियर उत्पादन सुरू भयो।

यो परिवेशमा नेपालको अवस्था कस्तो छ ? इतिहास, सँस्कृति र सम्पदा हाम्रा गौरव हुन्। हामीलाई अब नयाँ प्रविधिको खाँचो छ। सन् ८० दशकबाट पुल्चोकमा सिभिल इञ्जिनियरिङको स्नातक सुरू भयो। देशभित्रै इञ्जिनियर उत्पादन हुन थाले। त्यसअघि मेधावी नेपाली विद्यार्थी भारत र तत्कालीन सोभियत संघमा इञ्जिनियरिङ उच्च शिक्षा लिन जान्थे। असीकै दशकमा कर्णाली जलपरियोजना सुरू गर्न २ सय र पञ्चेश्वरलाई ५० जना नेपाली विद्यार्थी भारतको रूड्की इञ्जिनियरिङ कलेजमा (हाल आइआइटी) सिभिल इञ्जिनियरिङ पढ्न गएका थिए। कर्णाली जलपरियोजनाले साकार रूप लिन सकेन। पञ्चेश्वर पनि सुरु हुन सकेन। यी जनशक्तिमध्ये केही लोकसेवा पास गरेर सरकारी जागिरमा आए। आधाभन्दा बढी पलायन भए। किन पलायन भए ? यो प्रश्न आफैंमा महत्वपूर्ण छ। एउटा मेधावी विद्यार्थीले इञ्जिनियर भएपछि देश सेवा गर्ने र स्तरअनुसार घरपरिवार चलाउन पुग्ने आर्थिक आय कल्पना गरेको हुन्छ। सरकारी जागिरबाट यो सम्भव ठान्दैन। उसले त्यो अवसर विकसित मुलुकहरुमा देख्छ। त्यतै जाने बाटो पहिल्याउन थाल्छ। सरकारी सेवा प्रवेश गर्नेहरु पनि त्यति उत्प्रेरित भेटिँदैनन्। निजामती सेवामा इञ्जिनियरको वृत्ति विकासको दायरा साँघुरो बनाइएको छ। प्रायस डिजाइनका काम 'आउटसोर्सिङ' गरेर परामर्शदातालाई दिइन्छ। यो चलन हरेक प्राविधिक कार्यालयमा व्यापक भइसक्यो। दातृ सहयोगका आयोजनामा त विदेशी प्राविधिक नै राख्नुपर्ने बाध्यता छ। यो आर्थिक हिसाबले बोझिलो छ। नेपालमा प्रविधि हस्तान्तरणसम्बन्धी नीति-नियम छैनन्। यसले विदेशीबाट नेपाली प्राविधिकले लाभ लिन सक्ने परिस्थिति देखिँदैन। आज कुलेखानीजस्ता जलाशययुक्त बाँध, कर्णालीको 'केबल स्टे ब्रिज' वा रेल्वे डिजाइन गर्न सक्ने विशेषज्ञ इञ्जिनियरको अभाव छ। विगतमा यी पूर्वाधार के कसरी तयार भए भन्ने डिजाइन, ड्रइङ वा अन्य प्राविधिक तथ्यांक संरक्षण भएको छैन। नयाँ पुस्ताका इञ्जिनियरलाई यसबारे जानकारी दिन कुनै संग्रहालय वा प्राविधिक पुस्तकालय हामीसँग छैन। सडक सञ्जालमा चीनले बनाइदिएको कलंकी 'अण्डरपास' देख्दा रमाउनुपर्ने बाध्यता सडक विभागका प्राविधिकमा छ। सपना त उनीहरूको पनि पहाडी 'हाइवे' मा सुरूङ बनाउने, काठमाडौंका चोकहरुमा 'फ्लाईओभर' बनाउने थियो होला। आन्तरिक पद्धतिकै कमजोरीले परनिर्भरता बढ्दै गयो। विदेशी दाता र प्राविधिकमा बढी आश्रित हुन पुग्यौं। हाम्रा इञ्जिनियरिङ कलेजका स्नातक पालिकाहरूमा प्रशासनिक हाकिमअन्तर्गत काम गर्न मात्र उत्पादन भएका हुन् कि भन्ने अवस्था सिर्जना भयो। इञ्जिनियरिङ डिजाइनबाट ठूल्ठूला पूर्वाधार विकास गर्दा जोखिम सामना गर्नुपर्ने हुन्छ। कहिलेकाहीं इञ्जिनियर असफल भएका उदाहरण छन्। अमेरिकाको नासाजस्ता संस्थाले रकेट प्रक्षेपण गर्दा च्यालेन्जर विष्फोट भयो। कोलम्बिया सटल पृथ्वीमा फर्किने बेला विष्फोट भयो। यसले प्राविधिक काम जटिल र चुनौतीपूर्ण छ भन्ने प्रमाणित गर्छ। यहाँ भने केही कारणले त्रुटी पाइए इञ्जिनियरलाई अपराधी जसरी प्रस्तुत गर्ने चलन विकास हुँदैछ। यसले इञ्जिनियरहरूले जोखिम मोल्ने अवस्था आउँदैन। हामी यथास्थितिबाट अघि बढ्न सक्दैनौं।

यसो भन्दैमा जानाजान त्रुटी गर्ने र इञ्जिनियरिङ सिद्धान्तविपरित काम गर्नेलाई छुट दिनुपर्छ भन्न खोजिएको होइन। हाम्रोजस्तो अतिकम विकसित राष्ट्रमा पूर्वाधार निर्माण गर्दा धेरै अन्तरसम्बन्धित विकास नीति जेलिएका हुन्छन्। कामभन्दा यी अन्तरसम्बन्धित समस्या समाधान गर्नमै आयोजना प्रमुख व्यस्त हुन्छन्। दातृ सहयोगका आयोजनामा यी विषयका यति धेरै विज्ञ हुन्छन्, हरेक प्राविधिक कामको प्रगतिका बाधक यिनै विज्ञ त होइनन् भन्ने भान पर्छ। अमेरिकाको हुभर बाँध आजको मितिमा निर्माण गर्नुपरेको भए यस्ता अन्तरसम्बन्धित विषयले त्यो बाँध बनाउन दिने थिएन होला। वा, चीनले यस्ता विषयमा ध्यान केन्द्रित गरेको भए थ्री गोर्जेज बाँध कहिले पनि निर्माण हुने थिएन होला। यसरी देशभित्र प्रविधि र प्राविधिकको सही मूल्यांकन हुन नसक्दा 'ब्रेन ड्रेन' को समस्या बढ्दो छ। नेपाल इञ्जिनियरिङ एसोसियसनले केही समयअघि पेसागत इञ्जिनियरको धारणा ल्याएको थियो। प्रभावकारी रूपमा लागू हुन सकेको छैन। विज्ञ र पेसागत इञ्जिनियरहरूको ज्ञानबाट देशले लाभ लिन छुट्टै विशेष कार्ययोजना लागू गर्नुपर्ने देखिन्छ। अहिले हामीले परिकल्पना गरेका रेलका ठूला योजना, बूढीगण्डकी जलाशय, नारायणी नदीमा बन्न लागेको नयाँ पुल, फास्टट्र्याक वा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, यी सबै पूर्वाधार निर्माण गर्न देशले आफ्नो प्राविधिक क्षमता विकास गर्नुपर्छ। त्यो क्षमता डिजाइनमा मात्र नभएर निर्माण व्यवस्थापनमा पनि केन्द्रित हुनुपर्छ। यसका लागि हामीले इञ्जिनियरिङ शिक्षाको गुणस्तर सुधार गर्नुपर्छ। कम्तिमा भारतको आइआइटीसँग प्रतिस्पर्धा गर्न सक्ने इञ्जिनियरिङ संस्थाहरू विकास हुनुपर्छ। इञ्जिनियरिङ अनुसन्धानमा जोड दिनुपर्छ। उच्चस्तरीय प्राविधिक शिक्षाविना हामीले जतिसुकै क्रान्ति गरेर ल्याएको शासन व्यवस्थाले आर्थिक प्रगति गर्न सक्दैन। त्यसैले, द्रुत आर्थिक विकास गरिरहेका देशको प्रगतिबाट पाठ सिक्दै विकास र समृद्धिको सपनालाई विपनामा बदल्नै पर्छ। यसका लागि ठोस कार्ययोजनासहित अघि बढ्नुपर्छ।

# बाउआमाको बिहे

## साहित्य संसार

**नम्रता गुरागाईं**

हप्ताभरिको टाइमकार्ड बुझाउन के पसेकी मात्र थिएँ - हेर्न एउटा बिहेको पार्टीमा भर्जिनिया जानुपर्ने कपाल कस्तो बनाउने कस्तो कन्फ्युज भइराखेकी छु, एउटा मलाई सुहाउने छानिदेन भन्दै लिसाले हेयर स्टाइलका लिस्टहरु भएको कम्प्युटरको स्क्रिन मतिर तेर्स्याइ। एकछिन हेरेँ ती लिस्टहरुलाई र निकै जान्ने पल्टेर माथि जुरो बनाएको देखाएर यो बनाए हुन्न.. ? भनिदिएँ। त्यो त कति सजिलो... कति चोटी बनाइसकेँ मैले,



यो पल्ट नयाँ बनाउन मन लागेर पो सोधेकी त.. ? त्यसो भए पार्लर जा न त, उनीहरुले तँलाई सुहाउने बनाइदिइहाल्छन नि... भनिदिएँ। अँ... कति महँगो हुन्छ पार्लरमा ... ? म एकचोटी गएकी कति तिरेँ गेस गर त.... ? मैले यतिकै ५० डलर... ? भनिदिएँ। उसले तुरुन्तै १०० डलर तिरेँ नि.. अरु पनि एक दुइटा काम थियो, त्यसपछि त म यु टयुब हेरेर आफैँ बनाउन थालेँ भन्दै उसले आफ्नै लामो कपाल खेलाइरही। हेयर स्टाइलहरु हेर्दै घरी उ आफ्नो कपाललाई माथि लान्छे त घरी तल झार्छे, घरी जुरो बनाउँछे त घरी फुकाउँछे। मेरा आँखा पनि लिसालाई छानी दिने निहुँले ती स्टाइलहरुमा गइराखे। भित्री मनले थुक्क तँ कहिल्यै सबै कुरा मिलाएर हिँड्न जानिनस् गोज्याङ्ग्री भनेर मलाई गाली गर्‍यो। हुन पनि हो लिसाले जस्तो प्लान गरे पो सबै कुरा गर्न भ्याइन्छ। राम्रो हुन त सबैलाई मन लाग्छ नि हैन र ? तर, पार्टीमा जाने बेलामा सारी खोज्यो। बल्लबल्ल मन परेको सारी भेटियो भने त्यसको ब्लाउज नमिलेर कत्रो टेन्सन। ट्राइ गरेर फाल्दा फाल्दा बल्लबल्ल एउटालाई मिल्ने बनाएर हतार हतार लाउँछु। सारी त लाएतयरँ अब त्यसलाई मिल्ने चुरा, ब्याग र चप्पल भेटिएलान त.. ? ठ्याक्कै मिल्ने नभेटिएन के भो त...आजलाई भइहाल्छ नि, अर्को पार्टीमा चाहिँ मिलाएर लाउँछु भन्दै हिँड्छु। अर्को नयाँ पार्टी त आइहाल्छ, आफ्नो गति भने उस्तै। अझ अफिसको मिटिङ्गमा बस्दा आधा नङ्गपालिस भएका हातका नङ्ग देखिन्छन् कि भन्ने कत्रो जगजगी। अरुचाहिँ आफ्नो छुट्टीलाई शरीर राम्रो बनाउन प्रयोग गर्छन् र अफिस जाँदा चिटिक्क परेर आएका देखिन्छन्। आफूचाहिँ लगाएको नङ्गपालिससम्म आधा पारेर पुग्छु। के म नङ्गपालिसम्म लाउन भ्याउँदिन त छुट्टीमा... ? मैले एकछिन आफ्नै हेलचेक्राइलाई मर्ने गरी गाली गरेँ।

लिसाचाहिँ कुनै छानी देली कि भनेर मलाई हेर्दिरहिछ म भने कपालका स्टाइलहरु हेर्न निहुँमा कहाँ पुगेछु कहाँ। तयस्यसले मलाई सुहाउँला त... ? साँच्चै भन् त..भनेपछि पो म झसँग भएँ। निकै गहिरिएर हेरेजस्तो गरेर तुरुन्तै सुहाउँछ....मलाई बिश्वास गर। राम्रा मान्छेलाई जेले पनि सुहाइहाल्छ नि, भन्दै थोरै हावा पनि हालेँ लिसालाई। उ झन् खुशीले गमक्कै फुली। उसको कोठामा बसेको धेरैबेर भएकोले म जानलाई हतारिएँ। ए... पख त ...म दुई दिन आउँदिन, तँलाई केही चाहिएको छ भने भनिहाल् भनी। उत्तरमा छैन.... आएर कुरा गरौंला भनेर म उसको कोठाबाट बाहिरिएँ। लिसाले भनेको दुईदिन म पनि आफ्नै काममा ब्यस्त भएँछु। दुई-तिनवटा बिभागको एकैचोटीको कामको अनुरोधले मैले टाउको उठाउने समय पाइन। तीमध्ये पुलिस बिभागको एउटा। उनीहरुको काम जहिले पनि पहिला र चाँडोभन्दा चाँडो सकेर पठाउनु पर्ने हुन्छ। म त्यसैमा ब्यस्त भएँ। पुलिस बिभागको अनुरोध पुलिस इन्स्पेक्टरहरुको कामको एरिया बिभाजन रहेछ। हेर्दा अप्ठ्यारो नलागेको नक्साले नराम्ररी समय खायो। सानो कुरा नमिल्दा हाकिमको प्रेशर आफैँलाई बढेजस्तो भयो। बल्लबल्ल मिलाएर पठाइदिएँ। दुई दिन पत्तै नपाइ बितेछन्। दुई दिनपछि फेरि मैले लिसालाई सम्झिएँ। अब त पार्टीबाट फर्किहोली। पार्टीमा कसैले तँलाई यो स्टाइलले सुहाएन भनेका रहेछन् भने चाहिँ के भन्ने होला भनेर सँझिदैथिएँ। उ मेरो कोठामा टुप्लुकै आइपुगी।

म फर्किसकेँ नि....मैले तैँले भनेकैजस्तो कपालको स्टाइल बनाएँ। सबैले राम्रो भयो भने...यी हेर त.... भनेर फोटो देखाइ। अरुले पनि राम्रो भनेको सुनेर म पनि ढुक्क भएँ। मेरा आँखा हतार-हतार फोटोमा गए। सेतो ड्रेसमा त्यो कपालको जुरो लिसालाई साँच्चै सुहाएको रहेछ। देखिस मैले भनेको होइन... ? भन्दै नाक फुलाएँ मैले। उसले त झन् घिरौला जत्रै पारेर फुर्सदमा मेरो कोठामा आइज ल म अरु फोटो देखाउँछु भन्दै हिँडी। उ हिँडेपछि म आफ्नै काममा लागेँ। लन्च टाइममा कोठामा छेस भने खुत्रुक्क इमेल खसालेको उसले तुरुन्तै छु, आइज भनेर रिप्लाई गरेकीले म जुरुक्क उठेँ। कोठामा पस्नासाथ फेसबुकमा लग इन गरेर बिहाको फोटाहरु देखाइ। डोलो अनुहारकी काली-काली अल्गी लिसालाई सेतो ड्रेसले साँच्चै सुहाएको रहेछ। मानौँ त्यो बिहेकी बेहुली त लिसा नै हो। एकछिन लिसाको ठाउँमा आफू उभिएको कल्पना गरेँ। मलाई पनि पो सुहाएछ त्यो ड्रेसले त। फोटो हेर्दाहेर्दै लिसाको जस्तै ड्रेस पो किन्ने भएँ एकैछिन्मा। उ फोटोमा भएका मान्छेहरु चिनाउँदै गइ – यो मेरो फियान्से (विहे गर्नलाई मनपराएको मान्छे), यो अर्कोचाहिँ उसको भाइ हो, उसकै बिहेमा गएकी नि म...। भाइले त बिहे गरिसकेछ त दाजुले कहिले गर्छ रे नि.... ? मैले हास्दै लिसातिर प्रश्न फालेँ। अँ...कसैले फालेको बिबाह पेटीचाहिँ समातिसक्यो उसले-वेडिङ्ग बेल्ट- बिबाहयोग्य केटाले कसैले माथि फालेको बेल्ट भेट्टायो भने आफैँले म अब बिबाहयोग्य भएँ भन्ने चलन र त्यो बेल्ट भेट्टाउनेले एक वर्ष भित्रमा बिबाह गर्नुपर्छ भन्ने अमेरिकी बिश्वास)। मलाई पनि केटीहरुले माथि फालेको फूलको गुच्छा समात्न जा भन्दै थिए तर म त गइन। म त सक्दिन यत्रो महँगो बिहे गर्न, लिसाले हाँस्दै उत्तर फर्काइ।

मेरा आँखा फेरि फोटैतिर गए। अर्को फोटो नवबिबाहित जोडीको रहेछ। नयाँ जोडीको फोटो देखाउँदै यिनीहरुले धेरै पैसा खर्च गरे बिहाका लागि। कस्तो महँगो होटल। म त यत्रो खर्च गरेर अहिल्यैदेखि लोनमा फस्दिन। मेरो जागिरले भ्याउँछ त यति महँगो बिहे गर्न... ? भन्दै लिसाले अलिकति चिन्ता मसँग बाँडी। तेरो फियान्सेले गरिहाल्ला के भनेकी मात्र थिएँ, अँ.... कहाँ उसले मात्र गर्नु नि.... ? मैले पनि खर्च गर्नुपर्छ। ठूलो खर्च हुँदा धेरै समय लाग्छ तिर्नलाई भनेर अलिकति भविष्यको चिन्ता पनि गरी। लिसाले साना केटाकेटी नाचेको भिडियो पनि लिन भ्याएकी रहिछ। भिडियोमा मैले उसकी छोरीलाई खोजेँ। कहिलेकाहीँ अफिसमा उसले छोरीलाई ल्याएको दिन मलाई भेटाउन ल्याउथी र मैले पनि राम्ररी चिनेकी थिएँ लिसाकी छोरीलाई। फोटोमा नदेखेर खोइ त छोरी भन्दा ल्याइन.... उसलाई आमासँग छोडेर गएकी थिएँ। पार्टीमा केही कुरा उनीहरुले भनेजस्तो भएन भने पार्टी नै बर्बाद पार्छन् बच्चाहरुले कहाँ लानु... ? बच्चाहरुको बीचमा ५-६ वर्षको एउटा केटो जीउ छाडेर नाच्दैरहेछ। ए...यो सानो केटो चिनिनस् होला हगी... ? उ ती ग्रुम( बेहुला) र ब्राइड(बेहुली) त्यसैका बाउआमा हुन। फुर्सदमा बिहा गरेका रे उनीहरुले। त्यही भएर बाउआमाको बिहेमा धेरै खुशी भएर नाचेको रे।

*अमेरिका*

# विश्वकर्मा पूजा किन मनाइन्छ ?

हरेक चाड-पर्वको आ-आफ्नै महत्व र विशेषता हुन्छ। हरेक पर्व मनाउनुको पछाडि त्यसको धार्मिक, सांस्कृतिक, सामाजिक कारण हुन्छन्। वैज्ञानिक कारण हुन्छन्। आज विश्वकर्मा पूजा। विश्वकर्मा पूजा भन्नसाथ हामी विभिन्न कलकारखाना, पार्टपूर्जा, यन्त्रको पूजाआजा गर्छौं। आखिर किन यसो गरिएको होला ?

हरेक वर्ष कन्या संक्रान्तिको दिनमा अर्थात १७ सेप्टेम्बरमा विश्वकर्मा पूजा गरिन्छ। यो दिन भगवान विश्वकर्माको जन्म भएको थियो यसैले यस दिनलाई विश्वकर्मा जयन्ती पनि भनिन्छ। नेपाल लगायत भारतमा विश्वकर्मा पूजा उल्लासपूर्ण तरिकाले मनाइन्छ। यसैले विश्वकर्मा पूजाको दिन उद्योग, कलकारखाना र हरेक किसिमका मेसिनहरुको पूजाआजा गरिन्छ। यो पूजा सबै कलाकार, शिल्पकार र औद्योगिक घराना, व्यापारी र मजदुरहरुले गर्छन्। यो दिन धेरैजसो कलकारखाना बन्द रहन्छ र मानिसहरुले हर्षोल्लासको साथमा भगवान विश्वकर्माको पूजा गर्छन्।

भगवान महादेवले ब्रह्मा र विष्णुलाई सृष्टिको सृजना र पालनको भिन्न भिन्नै जिम्मेवारी दिएका थिए। सृष्टिको सृजना गर्ने आफ्नो जिम्मेवारी निभाउन ब्रह्माले आफ्नो वंशजदेव शिल्पी विश्वकर्मालाई आदेश दिए। विश्वकर्मालाई विश्वकै सबैभन्दा पहिलो इन्जिनियर र वास्तुकार पनि मानिन्छ। उनले पाताल, मध्यलोक र स्वर्गलोक गरी तीनै लोकको निर्माण गरे। भगवान विश्वकर्माको महत्व यो कुराले पनि स्मरण सकिन्छ कि उनको महत्वको वर्णन ऋग्वेदमा ११ ऋचाहरु लेखेर गरिएको छ।उनको अनन्त र अनुपम कृतिमा सत्ययुगमा स्वर्गलोक, त्रेतायुगमा लंका, द्वापयुगमा द्वारिका र कलियुगमा जगन्नाथ मन्दिरको विशाल मुर्ती आदि रहेका छन्।



जसको सम्पूर्ण सृष्टि र कर्म व्यापार हो उनीहरु विश्वकर्मा हुन्। सजिलो भाषामा भन्ने हो भने सम्पूर्ण सृष्टिमा जुन पनि कर्म सृजनात्मक हो जुन कामले जीवको जीवन सञ्चालित हुन्छ। उनीहरु सबैको मुल विश्वकर्मा हो। त्यसैले उनको पूजनले प्रत्येक व्यक्तिलाई प्राकृतिक उर्जा दिन्छ र काममा आउने सबै बाधा अड्चनहरुलाई तोडिदिन्छ भन्ने विश्वास रहेको छ।

# बहिनी, तिमी नजन्मिएकै बेस भो

**सन्दिप विक**

*मेरी नजन्मिएकी बहिनी,*

तिमी जन्मिएको भए कस्ती हुन्थ्यौ ? तिम्रो रुपरंग कस्तो हुन्थ्यो त्यो त थाहा छैन। तर, तिमीलाई जन्माउन मेरो बुबा आमाले ठूलो कोशिस गरेको मलाई थाहा छ। तिमीलाई थाहा छ, तिमी जन्मिन्छौ भनेर मेरी आमाले धेरैपटक गर्भमा छोरी छ कि छोरा छ भनेर भिडियो एक्सरे पनि हेरिन्। हो, तिमीलाई नै जन्माउन। मलाई पनि थाहा छ बहिनी, कति पटक त तिमी गर्भमा नभएकै कारण आमाले गर्भपतन गरिन्। अहिले त्यही कारणले आमालाई बेला बेला तल्लो पेट दुखिरहन्छ। तर, तिमी जन्मिइनौ। तिमीले आमाबुबालाई हरेक वर्ष खिन्न बनायौ। हामी पनि निराश भयौं। थाहा छ, तिमी जन्मियौ कि भनेर च्याँहा आवाज सुन्नेबित्तिकै बुबा हतारिएर तिम्रो अनुहार हेर्न पुग्नुभएको थियो रे। तर, तिमी जन्मिइनौं। भाइ जन्मियो। अनि फेरि बुबा निराश। बहिनी, छिमेकको काकीले छोराको आशामा छोरी जन्माइरहँदा हाम्री आमाले भने तिम्रै आशामा भाईलाई जन्माउनुभयो। हामी ४ भाई हामी हुँदासम्म तिमी यो धर्तीमा आइनौं।

तिमी नआएकै कारण आज हामीलाई खल्लो हुन्छ। तीज आउँछ, टोल छिमेकका नानीहरु छमछमी नाचेर घरै रमाइलो बनाउँछन्। बिबाहिता नानीहरु दर खान, तीज मान्न माइती आउँछन्। हाम्रो घर उज्यालो बनाउने तिमी छैनौं। तिहार आउँछ हाम्रो निधारमा सप्तरंगी लगाइदिने कोही हुँदैन। तिमी भएकी भए दाजु भन्दै चाडपर्वमा घर आइपुग्थ्यौ होला। तिम्रो र मेरो सम्बन्ध मखमलीको फूलजस्तो हुन्थ्यो होला।

तिमी जन्मिइनौ। तर अहिले त लाग्छ, तिमी नजन्मिएरै ठिक भयो। तिमीलाई थाहा छ, अहिले हाम्रो देशमा प्रत्येक दिन ३ जना महिला बलात्कृत हुन्छन्। यसरी बलात्कृत हुनेमा धेरै बालिका छन्। यदि तिमी जन्मिएकी भए ! घरीघरी त म झसंग हुन्छु। ती नरपिचासहरुबाट तिम्रो सुरक्षा गर्न सक्थें होला त मैले ? तिमी कसरी सुरक्षित हुन सक्थ्यौ ? तिमी परिवारबाटै असुरक्षित हुन्थ्यौ कि ? कतै मैबाट.....

तिमीलाई थाहा छ, अस्ति भर्खरै आफ्नै बाबुबाट छोरी बलात्कत भइन्। यहाँ हजुरबुबाबाट नातिनी, अनि दाजुबाट बहिनी नै बलात्कृत भएका छन्। आजभोली तिमीजस्ता साना नानीहरु समेत बलात्कृत हुन थालेका छन्। अस्ति भर्खरै ८ महिनाकी बालिका समेत बलात्कृत भइन्।

बहिनी ! म कल्पना गर्छु, जब तिम्रो उमेर बढ्दै जान्थ्यो। तिमी कपी, कलम र किताब च्यापेर स्कूल जान्थ्यौ। तिमी त्यहाँ पनि असुरक्षित हुन्थ्यौ। तिम्रा शिक्षकले तिमीलाई राम्रो नजरले हेर्दैनथे। ज्ञानको मन्दिरमा धेरै राक्षसी रुपहरु देख्थ्यौ। त्यहाँ पनि तिमी दुर्व्यवहारमा पर्न सक्थ्यौ। म पनि एउटा पुरुष। सम्झँदै जीउ सिरिङ्ग हुन्छ। कसरी सक्छन् साना नानीहरुलाई त्यस्तो व्यवहार गर्न। यसो सोच्छु मेरी बहिनी भएकी भए ! तिमी स्कूल, शौचालय जतातत‌ै असुरक्षित हुन्थ्यौ। केहि दिन अघि मात्रै एलकेजीमा पढ्ने ६ वर्षकी नानी विद्यालयको शौचालयमै बलात्कृत भइन्।

तिमी स्कूलबाट घर नआउँदासम्म ठूलो पीर हुन्थ्यो हामीलाई। कतै तिमी अपहरणमा त परिनौ, बलात्कृत त भइनौं भनेर। हुन त तिमी सुरक्षित त घरमा पनि कहाँ हुन्थ्यौ र ! तिमी घर फर्किए पनि साथीको घरमा होमवर्क गर्न जान्छु भन्थ्यौ। हामी तिम्रो वचन काट्न सक्दैनथ्यौं। तिमी त्यहाँ पनि असुरक्षित हुन्थ्यौ। अदृष्य संसारबाट देखेकी होलाउ नि, कञ्चनपुरकी निर्मला पन्त साथीको घरमै होमवर्क गर्न जाँदा बलात्कारपछि हत्या भएकी थिइन्।

पढाई सकेपछि तिमी जागिर खान्छु भन्थ्यौ। तिम्रो पनि सपना हुन्थे। जागिर खाएर बुबा आमालाई सुख दिने। तर, बहिनी तिमी त्यहाँ पनि सुरक्षित हुँदैनथ्यौ। त्यहाँ पनि तिमी सहकर्मी साथीबाटै असुरक्षित हुन्थ्यौ। त्यतिमात्रै हो र ! तिम्रा बाआमा दलित। दलितको कोखमा जन्मिएपछि तिमी पनि दलित।

तिमी पनि पानी छोएकै निहुँ, धारो छाएको निहुँमा कुटिथ्यौ। यस्तो अवस्थामा म तिमीलाई कसरी सुरक्षा दिन सक्थें बहिनी। तिम्रो उमेर बढ्दै जान्थ्यो। एकदिन तिमी महिनावारी हुन्थ्यौ। महिनावारी हुँदा तिमी पनि छाउ गोठमै जानुपर्थ्यो। तिमीलाई समाजले 'अपवित्र' मान्थे। तिमीले महिनावारी हुँदा न त मलाई नै हेर्न पाउथ्यो। नत सुर्यलाई नै। घरभन्दा धेरै टाढाको छाउ गोठमा बस्नुपर्थ्यो तिमी। त्यहाँ पनि ति सुरक्षित हुँदैनथ्यो। आज छाउगोठमै सर्पले डसेर धेरै किशोरीको ज्यान गएको छ बहिनी।

तिम्रो विवाह हुन्थ्यो। त्यहाँ पनि तिमी सुरक्षित हुन्थ्यौ भन्ने पक्का छैन। तिम्रा श्रीमान, परिवारबाटै हिंसामा पर्ने थियौ। हाम्रा बाआमा गरिब छन्। उनीहरुले तिम्रा श्रीमानले भनेको जति दाईजो दिन सक्दैनथे। अनि तिमी दिनरात दाईजोकै कारण हिंसामा पर्ने थियौ। मैले नै लेख्दै आएको छु नि, दाईजोकै कारण प्रत्येक घरपरिवारबाटै ज्यूँदै जलिएका महिलाहरुको व्यथा।

नानी, दाईजोकै कारण गत वर्षमात्र धनुषाकी हजरा खातुनले ज्यान गुमाइन्। उनलाई पनि दाइजो र नागरिकता कै निहुँमा श्रीमान, सासुससुराले ज्यूँदै मट्टितेल खन्याएका थिए। तिमी पनि यो धर्तीमा जन्मेको भए हजराको जस्तो स्थिति आउँदैनथ्यो भन्ने कसरी भन्थें मैले। आज हरेक दिन समाजमा अपराध मौलाउँदो छ बहिनी। महिला, बालिका आफ्नै घरपरिवार, छरछिमेक र पाइला पाईलामा असुरक्षित छन्। प्रत्येक दिन बाबुबाट छोरी, हजुरबुबाबाट नातिनी, दाजुबाट बहिनी, शिक्षकबाट विद्यार्थी बलात्कृत भएको घटना आइरहेका छन्। जब तिमी मबाटै असुरक्षित हुन्छेउ भने तिम्रो सुरक्षा कवज अरु को नै हुन सक्थ्यो र ? त्यसकारण तिमी जन्मिएनौं, त्यही नै वेश भो बहिनी।

सबै नेपालीको चाहना: लागूऔषध उत्पादन, अवैध ओसारपसार र सेवन र हित समाजको कामना।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बीपी : न्याय नपाएका महामना

**कुलचन्द्र वाग्ले**

सन्दर्भ यसै साता बीपीको १०५ औं जन्मजयन्ती। प्रसंग महामनाको। यसपछि न्याय, अन्यायको कुरा। बीपी जन्म वा स्मृति दिवसमा मात्रै किन, जहिले लेख्दा, पढ्दा र बुझ्दा पनि सान्दर्भिक दार्शनिक व्यक्तित्व। बीपी कोइरालालाई जनस्तरबाट जननायक, महामानव र महामनाजस्ता विशेषताले सम्बोधित गरेको सुनिन्छ, पाइन्छ। जननायक, पहिलो जननिर्वाचित प्रधानमन्त्री वा परिणामदायी पहिलो जनआन्दोलनका नेता। महामानव मानवीय विशेष गुण वा क्षमता। र, महामना फराकिलो मन, विचार र विवेक। उहाँलाई प्राप्त स्वःस्फूर्त सम्बोधनका यी शब्दको अर्थ खोज्ने जिज्ञासामा आफैँ यस्ता अर्थ दिएर बुझियो। अन्तर्राष्ट्रिय क्षेत्रमा पनि युगौंमा जन्मने महान्आत्मालाई जनस्तरबाट यस्तो विशेष उपाधि दिएको देखिन्छ। हाम्रै भूमिपुत्र गौतम बुद्धलाई पनि विभूषित गरिएको छ, जुन अति स्वाभाविक लाग्छ -'एसियाका ज्योति'। यस्तो उपाधि खासगरी दुई स्तरबाट दिएको पाइन्छ। जनस्तर र सरकारीस्तर। यहाँ जनस्तरको कुरा हो। महामनालाई प्रा.डा.अभी सुवेदीले विशेष व्याख्या दिनुभएको छ। 'सान्दाजुको महाभारत' नाटकका सर्जक प्राडा.सुवेदीले एक वर्षभन्दा अघि कान्तिपुर दैनिकमा लेख्दै - नेपालमा प्रायः सबै विषयप्रति पहुँच र आधिकारिक दखल राख्ने पहिलो दार्शनिक राजनेता बीपी कोइराला, यस कारण उहाँलाई महामना भन्नुको औचित्य छ, भन्नुभएको छ। यही अर्थ र सन्देश दिने उहाँको लेखका वाक्य थिए। प्रा.डा.सुवेदीको व्याख्यालाई बौद्धिक जनस्तरको समेत समर्थन प्रमाण मानेर महामनालाई थप विशद् अर्थमा ग्रहण गरें।

महामना बीपी कोइरालाले राजनीतिक, साहित्यिक, आर्थिक वा सामाजिक र अन्य ती सबै विषयमा राष्ट्र,जनता र लोकतन्त्रलाई शीर्ष स्थानमा वा केन्द्रीय लक्ष्यमा राख्नुभएको छ। लक्ष्य जनता नै हो। ती विषयमा उहाँको प्रयोग विधि र व्याख्यामा तत्कालीन सान्दर्भिकता छ र केन्द्रीय विन्दु वा मुहानको हैसियतमा ती विषयको सान्दर्भिकता अनन्त वर्तमान भन्नोस् कि मानव सभ्यतासम्म पनि रहन्छ भन्ने देखिन्छ। अहिलेको यथार्थ पनि प्रजातान्त्रिक समाजवाद नै हो। मानवसभ्यतामा राष्ट्र, जनता र लोकतन्त्रभन्दा फरक सोचको राजनीति कल्पना गर्न सकिन्छ तर सुखद परिणाम पाइदैन। यो कुरा २० औं शताब्दीको उत्तरार्धसम्म आइपुग्दा प्रमाणित भइसकेको छ।

बीपीको विचारमा केन्द्रमा जनता। राजनीतिमा लोकतन्त्र जनकेन्द्रित उद्देश्य हो। यो सबैले जान्ने विषय भइसक्यो। तर, बीपीको साहित्यमा मनोविज्ञान वा भौतिक मनोविज्ञान र सामाजिक, सांस्कृतिक चेतनासम्बद्ध गहिराइ पढ्दा, बुझ्दा त्यहाँ मानिस अर्थात् जनताको पात्र प्रतिनिधि पात्र छन्। पढ्दा यो हरफ छुट्नु हुँदैन। त्यस्तै राष्ट्र, राष्ट्रियता। बीपी भूबनोटभन्दा माथि जनतालाई राष्ट्रको प्रतीक मान्नुहुन्छ। हिटलर युगमा विस्थापित यहुदी जहाँ बसे त्यसलाई इजरायल राष्ट्र बनाए। बीपीको साहित्य रचनामा मोदीआइन तथा हिटलर र यहुदी उपन्यासको कथापात्र बाहेक अरु सबै कथा, उपन्यासमा नेपाली पात्र छन्। संस्कृति, सभ्यता वा चलन र परम्परा सबै नेपाली छन्। तर, नेपाली परिवेशमा आधुनिक अभिव्यक्ति दिने बीपीको रचनामा जनता नै प्रमुख प्रतीक, पात्र भेटिन्छन्। विषय वा विश्लेषणले साहित्यमा पनि सर्जक बीपीले जनतालाई वा उनीहरूको मनोदशालाई नै केन्द्रविन्दु बनाउनु भएको छ। अर्थात् बीपीको सम्पूर्ण दर्शन मानिस वा जनता केन्द्रित छ।

उहाँले व्याख्या गर्नुभएको प्रजातान्त्रिक समाजवाद सर्वहारा समाजवाद र निख्खर पुँजीवादभन्दा पृथक लाग्छ। अर्थात, यी दुवै वादको जनकल्याणकारी पक्ष बीपीले प्रजातान्त्रिक समाजवादको सिद्धान्तमा समावेश र मिश्रण गर्नुभएको छ। सर्वहारा साम्यवादीहरु लोकतन्त्रलाई निषेध गर्ने केन्द्रीकृत समाजवादतिर थिए, कम्युनका कम्युनिस्टहरुले ल्याउने समाजवादतिर। पुँजीवादीहरू समाजवादलाई अस्वीकृत गर्थे, लोकतन्त्रमात्र भन्थे। तर, पुँजीवादले समयमै कल्याणकारी सामाजिक बाटो लिएर आफूलाई दीर्घजीवी बनायो। बीपी यी दुई प्रयोगभन्दा पृथक प्रजातान्त्रिक समाजवादलाई एक अर्काको पूरक वा अन्योन्याश्रित प्रणाली मान्नुहुथ्यो र बनाउन चाहनुहुन्थ्यो। यसैकारण सोसलिस्ट इन्टरनेसनलका नेता बीपी कोइरालाले - साम्यवादमा लोकतन्त्र मिसाइदिए प्रजातान्त्रिक समाजवाद र समाजवादबाट लोकतन्त्र झिकिदिए साम्यवाद हुन्छ भन्ने सरल भाष्य गर्नुभएको हो। असन्तुलित वा एकले अर्कोलाई निषेध गर्ने प्रणालीबीच बीपीको मध्यमार्गी व्याख्याले गहिरो राजनीतिक दर्शन दिएको छ।

जनतासँग अप्रत्यक्ष सम्बन्ध तर प्रत्यक्ष प्रभाव राख्ने विदेशनीतिको भूराजनीतिक सन्दर्भमा नेपालको अवस्थितिलाई उहाँले दुई हात्तीबीचको स्थितिसँग तुलना गर्नुभएको छ - भारत र चीन। ती उठे पनि वा बसे पनि बीचको बिरुवा माडिने जोखिमको स्थिति। यस्तै अवस्थाले त्रिदेशीय निकास बनाइनु पर्ने पश्चिम नेपालको लिम्पियाधुरा भारत र चीन मिलेर दुई देशीय बनाउने प्रयत्न गरेका छन्। बीपीलाई नै अन्यायमा पारेको २०१७ सालको राजनीतिक दुर्घटना वा हालै बिम्स्टेक, सैनिक अभ्यासको उहापोह यही अवस्थितिको दुःख हो। नेपालको विकास राजनीतिमा यी दुई हात्तीको धक्काको लामो फेहरिस्त छ। बीपी नेतृत्वको सरकारले १८ महिनामात्रै काम गर्न पायो। राजा महेन्द्रले भारतीय इसारा लिएर निर्वाचित संस्थालाई भंग गरिदिए र जनप्रतिनिधिलाई थुनेर आफ्नो महत्वाकांक्षा पूरा गर्न लागे। तर, त्यति अवधिमै पनि बीपीले सगरमाथा आफ्नो पक्षमा लिई चीनसँग विस्तार गर्नुभएको सम्बन्ध, इजरायल, पाकिस्तानलगायत थप १६ मुलुकसँग कायम दौत्य सम्बन्ध र संयुक्त राष्ट्रसंघलगायत क्षेत्रमा नेपालको कूटनीतिक प्रभावजस्ता अविस्मरणीय काम भएका हुन्। २०१७ को 'कु' लाई कतिपयले बीपी र राजा महेन्द्रबीचको टक्कर मानेका छन्। तर, त्यो पूर्ण सत्य होइन। बीपीसँग टक्कर लिएका त भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुले हो।

चीनसँगको सम्बन्ध विस्तार, आफ्नो उत्तरी सुरक्षा सीमा हिमालय क्षेत्रसम्म भन्ने नेहरुलाई बीपीले दिएको जबाफ र बीपीकै भनाइ स्वीकार गर्दै उनले दिनुपरेको स्पष्टीकरण, नेपालमा भारतीय होइन, नेपाली मुद्रा नै चलाईनुपर्ने निर्णय र नेपालको क्याबिनेटमा भारतीय प्रतिनिधि बस्ने प्रचलनमाथि निषेध, इजरायललाई राष्ट्रको मान्यता दिने पहिलो दक्षिण एसियाली मुलुक नेपाल हुनुजस्ता दर्जनौ स्वतन्त्र निर्णयबाट रुष्ट भारतीय पक्षको प्रहार नेपाली काँग्रेस र यसका नेता बीपीमाथि भएको थियो। भारतको त्यही आगोमा राजा महेन्द्रले आफ्नो महत्त्वाकांक्षा र वंशीय स्वार्थको रोटी सेकेका हुन्। आफ्नो सुरक्षा घेराभित्रको सोच्ने भारतीय मानसिकताको सानो मुलुक नेपालका बीपी अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनका उपाध्यक्ष, तत्कालीन अध्यक्ष विली ब्राण्टले विश्व समाजवादी आन्दोलनका अभिभावक मानेका बीपी, चीन र रुसबीच बिग्रिएको त्यसबेलाको सम्बन्धलाई सुधारको दिशा दिनसक्ने मानिएका एसियाली नेता बीपीको उचाइ नेहरुको लागि ईर्ष्याको कुरा थियो। त्यतिबेला जबर्जस्त थियो समाजवादी आन्दोलन अहिले जस्तो ओइलाएको होइन।

बीपीले नेपालको आवश्यकतामा समाजवादलाई प्रायः लघु औजार, लघु उद्योग र स्वआर्जन वा उत्पादनलाई प्राथमिकता दिनुभएको छ। अहिलेको उन्नत भौतिक, प्राविधिक र वैश्विक युगमा उहाँले भन्नुभए जस्तो- प्रत्येक नागरिकलाई घर, गाई, शिक्षा र स्वास्थ्यको प्रस्ताव अक्षरमा मात्र बुझ्नु गलत हुन्छ। यस प्रस्तावमा निहित केन्द्रीय लक्ष्य नागरिकको हित र समृद्धि नै महत्त्वपूर्ण हो। जनतालाई नै राष्ट्र ठान्ने बीपीले समृद्ध र सक्षम नागरिक नै बलियो राष्ट्र हो भन्नुभएको छ। सुमेकरको सानो नै राम्रो भन्ने मान्यताबाट प्रभावितभन्दा पनि बीपीको लघुउद्यम सोचमा भूराजनीतिक कारण छ। आन्तरिक ऊर्जाले सबल जनता राष्ट्रियताको पक्षमा प्रतिरोधक क्षमता राख्छ। त्यसपछि विकासले अर्को चरणमा पाइला सार्छ। ठूला वैदेशिक लगानी दबाब, प्रभाव र निर्देशनका माध्यम हुन्छन् र दुई छिमेकी वेष्टित मुलुक हामीलाई त्यो कठिन भारी हुन्छ, भन्ने बीपीको धारणा देखिन्छ। संविधान सभाको निर्वाचन र संविधान निर्माणसम्मका अनुभवलाई सँगाल्दा बीपीको धारणा सत्यको निकै नजिक छ। बीपीले स्वदेशी लगानी, स्वास्थ्य, शिक्षामा राज्यको जिम्मेवारी र औद्योगीकरणमा भूमिका आदि विषय आफ्नो समाजवादी नीतिमा समावेश गर्नुभएको छ। उहाँले प्रजातान्त्रिक समाजवादलाई मोडेल डेमोक्रेसी (नमूना लोकतन्त्र)भनेर पनि बुझाउन खोज्नुभएको छ। कुनै दार्शनिकले लक्ष्य वा भविष्य देखाउने हो कार्यान्वयन पनि उसैबाट हुने चाहना सम्भव छैन। बीपीलाई पनि यही सूत्र लागू हुन्छ। दर्शनले शाश्वत सन्देश दिने हो, प्रयोग समयले गर्नुपर्छ। प्रा.डा.सुवेदीले चिनाएजस्तै बीपी हरेक विषयमा पहुँच राख्ने राजनेता। तर, तिनै बीपीप्रति जघन्य अन्याय भएको छ। मुख्यतः तीन क्षेत्र उहाँमाथिको अन्यायमा सम्लग्न रहे - राजा, कम्युनिस्ट र भारत। माथि नै भनियो, भारतका नेहरुको बीपीप्रति उब्जिएको डाहा र ठानेको चुनौती। त्यो राजालाई अन्याय गर्ने गतिलो माध्यम बन्यो, अन्यायमा नेहरु पनि लागे।

कथित कम्युनिस्टहरू राजा, पञ्चायतले सूत्रबद्ध गरेको अराष्ट्रिय बीपीलगायत उहाँ र नेपाली काँग्रेसलाई लाञ्छित गर्ने नाराका संवाहक बने। लोकतन्त्रवादी, राष्ट्रवादी र समाजवादी वा जनवादी बीपीलाई लामो जेलबास, निर्वासन र झुठा आरोप लगाएर यी तीनैथरीको मिलोमतोमा क्रूर अन्याय गरियो। यो अन्याय व्यक्ति बीपीप्रति भयो कि, राष्ट्र, जनता र लोकतन्त्र माथि भयो ? बीपीका कृति पढ्न लुक्नु पर्थ्यो। तर, किम इल सुङको विचार, माओ त्से तुङको 'रेडबुक' र तत्कालीन सोभियत रुसका प्रकाशनहरु राजा सञ्चालित पञ्चायती संयन्त्रमार्फत गाउँगाउँका विद्यालयमा पुर्याइन्थे। बीपीलाई न्याय दिएर बचाए नेपाली जनता र अभि सुवेदीहरूले। पत्रकारिताले साथ दियो, दिएकै छ। तर, पञ्च पत्रकारिता भिन्न थियो। राजसत्ताका पृष्ठपोषकले फाँसीसम्म माग गरे। विगतमा कम्युनिस्ट समान स्वरका वाचकहरू अहिले राजावादी 'कोर्स करेक्सन' गर्दै छन्। पछाडि नै सही फिरेको उनीहरुको बुद्धि, विवेक सकारात्मक छ। महान राष्ट्रवादी नेतालाई न्याय गर्न नसकेका ती दिन राष्ट्रघातमा बिते। बीपी एकल काँग्रेसको मात्रै भन्दा नेपाली जनताको नेता हो।

## राजनीतिले....

भावना आएको हुन सक्छ तर त्यो समाजको भावि दिशा र गतिलाई नबुझेर आवेगमा आएको परिणाम हो। घटना घटाउने व्यक्ति विकृत मानसिकताको रहेछ भन्ने त देखियो तर यसको निष्कर्ष यसरी निकालिनु हुँदैन। भारतमा मृत्युदण्डको व्यवस्था छ तर के त्यसले त्यहाँ बलात्कारका घटना घटाउन सक्यो त ? जनदबाबमा संविधान संशोधन गरिएला तर यसको समाधानको विधि मृत्युदण्ड वा इन्काउन्टर होइन। प्रत्येक हिंसाले अर्को हिंसा मात्र बढाउँछ। कोही व्यक्तिले मार्‍यो भनेर उसलाई पनि मार्छु भन्दा त उसको परिवारमाथि पनि हिंसा भयो। अझ त्यो परिवारको कुनै सदस्य यसले गर्दा अतिवादी बाटोतिर हिँड्न सक्ने सम्भावना उत्तिकै रहन्छ। क्रोधले क्रोध मात्र बढाउँछ भने जस्तै हिंसाले हिंसा मात्रै बढाउँछ। कतै बलात्कारीलाई नपुँसक बनाइदिने भन्ने पनि छ। केही देशमा त्यस्तो व्यवस्था पनि छ तर त्यसको तात्पर्य पनि के हो भने एक जनाले बारम्बार कसुर गरेपछि यो मान्छे सुध्रने भएन, दण्ड भोग्दा पनि सुध्रिएन। यसैले कि त यसलाई मारिदिउँ कि नपुसक बनाइऊँ भन्ने हुन्छ। तर यदि तपाईले प्रहरीको अपराध रिपोर्टहरू हेर्नु भयो भने एउटै व्यक्तिले बारम्बार बलात्कार गरेको उदाहरण त्यति छैन। नयाँ व्यक्तिले नयाँ बलात्कारका घटना घटाइरहेको छ। दण्ड कम भएर यी घटना घटिरहेका होइनन्। घटना हुना साथ तत्काल कदम चालिंदा, दोषीलाई कानुनको कठघरालाई ल्याएर सजाय दिन सक्दा त्यो बढी प्रभावकारी हुन्छ। छिटो अनुसन्धान गर्दा यस्तो शरीरसँग जोडिएको अपराधमा फोरेन्सिक प्रमाणहरू सजिलैसँग प्राप्त गर्न सकिन्छ। अपराधी लामो समय फरार रहने अनि मुद्दा सेलाउँदै जाने भयो भने अथवा कतैबाट दबाब हालेर फाइदा लिन सक्ने अवस्था भयो भने अपराधीको मनोबल बढ्छ र आपराधिक घटना बढ्दै गएको हो।

**० यसको अर्थ अपराधीहरूलाई कडा सजाय दिईंदैमा अपराध कम हुँदैन ?**

हो, अपराधीले दण्डबाट उम्कन नसक्ने स्थिति सिर्जना गरिनुपर्छ। त्यसले मात्र साँचो अर्थमा अपराध घटाउँछ। दण्ड सुधारको निम्ति हो भन्ने धारणा पछिल्लो समय बलियो हुँदै गएको छ। अब कुटी-कुटी मार्नुपर्छ, अङ्ग काटिदिन वा कसुरदारलाई कोर्रा हान्ने, फाँसीमा झुण्ड्याउने भन्या चाहिँ पुरानो मान्यता हो। अहिले पनि अरबियन मुलुकमा चोरी गर्नेको हात काटिदिने व्यवस्था छ तर आधुनिक अपराधशास्त्रले भने चोरीको निम्ति हात काटिदिने मात्र समाधान होइन भन्छ। चोरीको पछाडि त आर्थिक कारण जोडिएको हुन्छ। त्यता नगई हात काटिदिँदा ऊ अब पराधीन भयो। ऊ अरूका लागि बोझ भयो। अब क्षणिक मतिभ्रष्ट हुँदा चोरी गर्‍यो। त्यस कारणले हातै गुमायो। त्यस्तो सजायले उसमा आफूमाथि बढी अन्याय भएको भावना पनि जीवनभरी रहिरहन्छ। अपराधीलाई अपराध गर्ने अवसरहरू कम गर्ने र गरिहालेमा तत्काल सजाय हुने व्यवस्था हुँदा मात्र अपराध कम हुन्छ। हामी प्रहरीहरूलाई पढाउँदा उदारण दिने गर्छौं, जस्तो परीक्षा हलमा त्यहाँ खटाइएको अनुगमनकर्ता एक ठाउँ बस्छ भने त्यहाँ चोरी हुने गर्छ। तर ऊ परीक्षा हलमा हिँडिरहन्छ भने चोरी गर्नेलाई समात्छ अनि कोठामा सीसीटीभी पनि छ, चोरी गर्नेलाई तत्काल परीक्षा हलबाट निकालिन्छ भनियो भने चोरी निक्कै कम हुन्छ। मुख्य कुरा दण्डबाट उम्कनु भनेको अपराधलाई प्रश्रय दिनु हो भन्ने कुरा ख्याल गर्नुपर्छ।

**० धेरैजसो बलात्कारका घटनाहरू नातेदार वा आफन्तबाटै हुने गर्छ भन्ने अध्ययन र प्रहरी रिपोर्टहरूले देखाउँछ। यस्तो किन हुन्छ ?**

सीधा सम्बन्ध अवसरसँग छ। अपराध गर्नेलाई अपराध गर्ने अवसर। नातेदार र आफन्तबीचमा रहने नाताले गर्दा नजिकका उनीहरूबीचको विश्वास आदिले गर्दा पीडितले कुनै त्यो किसिमको घटनाको पूर्व आशङ्का गर्दैन। यसले बलात्कार गर्न उसलाई सहज हुन्छ। नैतिकताको ह्रासले गर्दा यो खालको घटना हुन सक्ने सम्भावन भयो। त्यसमा अब सहज अवसरले गर्दा धेरै घटना नातेदारका मान्छेबाट हुनेगर्छ।

**० यसलाई नियन्त्रण गर्न के गर्न सकिन्छ ?**

यसका लागि स्कुलमा विद्यार्थीहरूलाई यस्तो खालको क्रियाकलाप हुन सक्छ, त्यसो भयो भने आमाबुबा, शिक्षकलाई भन्नुपर्छ। उनीहरूमार्फत प्रहरीमा जानुपर्छ, यसलाई लुकाउनु हुँदैन भन्ने शिक्षा स्कुलको पाठ्यक्रममा राख्नुपर्छ। साथै यस्तो घटना भएमा यति सजाय हुन्छ भनेर समाजमा पनि पोस्टर पम्पलेटमार्फत जानकारी गराउन सकिन्छ। साथै जति नै लामो समयमा भए पनि तिमी कानुनबाट उम्कन सक्दैनौ भनेर प्रचारप्रसार गर्नुपर्छ। अहिलेको कानुन कमजोर होइन। १० वर्षमुनिका बालबालिकामाथि यस्तो घटना भएमा अहिले १६ देखि २० वर्षसम्मको सजायको व्यवस्था छ। कानुन कमजोर होइन यसको कार्यान्वयन पक्ष मात्र कमजोर भएकाले अपराधको मात्रा बढेको हो।

**० न्याय क्षेत्रको कानुन कार्यान्वयन प्रहरीको भूमिका कस्तो हुन्छ ?**

हेर्नुस्, न्याय प्रणालीको निर्णय प्रहरीले गरेको अनुसन्धानबाट निर्देशित हुन्छ। अब प्रहरीले राम्रोसँग अनुसन्धान गरेन वा गलत निष्कर्षसहितको अनुसन्धान गरेको छ भने ऊबाट सही निर्णय हुँदैन। कमजोर अनुसन्धान भयो र कमजोर प्रमाणको आधारमा मुद्दा ल्याइएको छ भने न्यायाधीश सङ्कटमा पर्छ। कसुर ठहर गरौं निर्दोष पनि पर्न सक्छ जस्तो देखिन्छ। नगरौं बाहिर समाजमा कडा सजाय दिनुपर्छ भनेर विरोध भइरहेको हुन्छ। त्यसरी न्यायाधीशलाई सङ्कट पर्छ। त्यसैले न्यायका लागि अनुसन्धानको अहम् भूमिका हुन्छ। उसले त अनुसन्धानमा टेकेर त्यसको सही पाटो ठम्याएर तिमी दोषी हौ भनेर घोषणा गरिदिने हो। त्यसैले न्यायाधीशको काम निर्दोष र दोषीलाई छुट्याउने भएकाले कमजोर अनुसन्धानमा उसको हात हुँदैन।

*रातोपाटीडटकमबाट*

# दोस्रो बिहेमा मस्त हुने कलाकारहरु

अभिनेता अभिनेत्री सुस्मिता बम्जन (केसी)ले इन्गेजमेन्ट गरेकी छन्। उनले साउथ इन्डियन नागरिक किलन स्वामीसँग इन्गेजमेन्ट गरेकी हुन्। गत ९ सेप्टेम्बरमा इन्गेजमेन्ट गरेकी सुस्मिताले आउँदो भ्यालेन्टाइन डेको अवसर पारेर विवाह गर्ने भएकी छन्। सन् २००१ मा अभिनेता भुवन केसीसँग छुट्टिए पनि एक्लै रहँदै आएकी उनले स्वामीसँग दोस्रो विवाह गर्न लागेकी हुन्। उनले दुई वर्ष अगाडि 'म त तिम्रै हुँ' चलचित्र निर्माण गरेकी थिइन्। उक्त चलचित्र प्रदर्शनको सिलसिलामा अस्ट्रेलिया जाँदा स्वामीसँग उनको त्यहीँ भेट भएको थियो। भुवनसँग रहँदा भने उनले 'नेपाली बाबु', 'करोडपति', 'सुपरस्टार'लगायतका चलचित्र अभिनय गरेकी थिइन्। यी चलचित्र सुपरहिटको सूचीमा छन्।

सुस्मिता मात्र कहाँ हो र ? अहिलेकी हट एन्ड हिट अभिनेत्री प्रियङ्का कार्की पनि दोस्रो विवाह गर्ने तरखरमा छिन्। उनले अभिनेता आयुष्मान देशराज जोशीसँग दोस्रो लगनगाँठो कस्न लागेकी हुन्। डेढ वर्षयताको अफयेरलाई विवाहमा परिणत गर्न लागेकी उनले आयुष्मानसँग केही पहिले इन्गेजमेन्टसमेत गरेकी छन्। दुबैको छिट्टै विवाह गर्ने हल्ला पनि छ। प्रियङ्काले यस अगाडि अमेरिका बस्दै आएका रोचक मैनालीसँग विवाह गरेकी थिइन्। प्रियङ्का पछिल्लो समय चलचित्र 'कथा काठमाडौं'मा अभिनेता प्रमोद अग्रहरीसँग दिएको इन्टिमेन्ट दृश्यका कारणले हट केक बनेकी छन्।

प्रियङ्का र सुस्मिता मात्र होइन, नेपाली कलाक्षेत्रमा अन्य थुप्रै कलाकार पनि छन्। जसले रोजेका छन् दोस्रो विवाह। सुस्मिताका पूर्वपति तथा अभिनेता भुवन केसीको सुस्मितासँग दोस्रो विवाह थियो। उनले सुस्मिता अगाडि विजया गिरीसँग विवाह गरेका थिए। विजयालाई धोका दिएर सुस्मिता भित्र्याएका भुवन अभिनेत्री जिया केसीसँगको लिभिङ टुगेदरमा रमाउँदै आएको हल्ला छ। बाध्यताले गरे पनि दोस्रो विवाह गर्ने कलाकारको नाम लिनुपर्दा वरिष्ठ कलाकार हरिवंश आचार्यको नाम पनि छुटाउन मिल्दैन। पहिलो श्रीमती मिरा आचार्यको निधन भएपछि आचार्यले बुटवलकी रमिला पाठकसँग दोस्रो विवाह गरेका हुन्। ५४ वर्षको उमेर दोस्रो विवाह गरेका हरिवंश अहिले दोस्री श्रीमतीसँग खुसी छन्।

त्यस्तै एक्सन किङ भनेर चिनिने अभिनेता निखिलको पनि अभिनेत्री संचितासँगको घरजम दोस्रो हो। कोपिला उप्रेतीसँग पहिलो विवाह गरेका निखिलले उनलाई धोका दिँदै संचिता भित्र्याएका थिए। विवाहपछि यी दुवै केही समय मुम्बईमा समेत लुके। अहिले नेपाली चलचित्रमा क्रियाशील छन्। अभिनेत्री संचिताको पनि निखिलसँग पहिलो विवाह भने होइन। उनले पहिलो विवाह मोडल तथा अभिनेता आकाश शाहसँग गरेकी थिइन्। आकाशलाई धोका दिएर उनले निखिल रोजेकी हुन्। आकाश प्रायः समय बलिउडतिरै रहने भएकाले निखिल रोजेकी उनले केही पहिले बताएकी थिइन्।

त्यसो त अहिले पुराना एक्सन किङ भनेर चिनिने अभिनेता शिव श्रेष्ठले पनि दोस्रो घरजम गर्ने व्यक्ति हुन्। गङ्गादेवी श्रेष्ठसँग पहिलो विवाह गरेका श्रेष्ठले उनीसँगको दाम्पत्य जीवन असफल भएपछि चितवनकी सिर्जना श्रेष्ठलाई दोस्री पत्नीका रूपमा भित्र्याएका थिए। त्यसपछि पनि उनी एक युवतीसँगको प्रेममा थिए। तर त्यो सम्बन्ध परिवारले टिक्न दिएनन्। चर्चित निर्माता छविराज ओझाले पनि अभिनेत्री रेखा थापासँग दोस्रो विवाह गरेका थिए। रेखासँग छविको दोस्रो होइन तेस्रो भन्ने पनि चलचित्र क्षेत्रमा भेटिएका छन्। कतिपय त यो हल्ला मात्र हो पनि भन्छन्। तर अहिले छवि र रेखासमेत छुट्टिइसकेका छन्। छविको नाम अहिले अभिनेत्री शिल्पा पोखरेलसँग जोडिएर आउने गरेको छ। रेखा भने अहिले सिङ्गल नै छिन्।

कलाकार तथा निर्माता पवन मैनालीले पनि गतवर्ष दोस्रो विवाह गरे। ५२ वर्षका मैनालीले दोलखाकी लक्ष्मी सिवाकोटीसँग दोस्रो विवाह गरेका हुन्। दर्जनौं चलचित्रमा अभिनय गरेका पवनले 'पिँजडा' नामक चलचित्र निर्माणसमेत गरेका थिए। जुन चलचित्र अभिनेता निखिलको अभिनयमा डेब्यु थियो। अभिनेत्री मोडल सिम्पल खनालले पनि अहिले दोस्रो घरजम गरिसकेकी छन्। नाम सिम्पल भए पनि मोडलिङमा हट देखिँदै आएकी सिम्पलको पहिलो पति निर्देशक प्रसन्न पौडेल हुन्। प्रसन्नसँग वैवाहिक जीवन सहज रूपमा अगाडि बढ्न नसकेपछि एक्लो रहँदै आएकी उनले अहिले भारतीय मूलका एक व्यवसायीसँग विवाह गरेको बुझिएको छ।

निर्देशक सुरज चन्दसँग विवाह गरेर एक छोरीको आमा बनेपछि मात्र अभिनयमा भित्रिएकी पूजा चन्दले पनि अहिले दोस्रो विवाह गरेकी छन्। उनले केही वर्ष अगाडि अमेरिकामै गायक राजु लामासँग दोस्रो लगनगाँठो कसेकी हुन्। हाम्रो सानो घर होला, सहर, वरपीपल जस्ता सफल चलचित्र अभिनय गरेकी पूजालाई अमेरिकामा सुरजले नै पठाएका थिए। सुरज र छोरी छोडेर उनले अर्को श्रीमान रोजेकी हुन्। अभिनयका गुरु भनेर चिनिने कलाकार अनुप बरालको पनि दिया मास्केसँग दोस्रो घरजम हो। ७ वर्षसम्म प्रेममा रहेर निर्देशक अनुपले दियालाई २०७१ मा घर भित्र्याए। विवाह गर्नुभन्दा पहिले उनीहरू लिभ इन रिलेसनसिपमा रहेको पनि चर्चा थियो। अनुपको दियासँग दोस्रो विवाह भए पनि दियाको भने पहिलो हो।

अभिनेता भुपेन चन्दसँग विवाह गरेर अमेरिका उडेकी अभिनेत्री सौजन्य सुब्बाको पनि भुपेन दोस्रो श्रीमान् हुन्। पहिलो विवाह टुटेपछि एक्लै रहँदै आएकी सौजन्यले भुपेनसँग प्रेमविवाह गरेकी हुन्। त्यसो त सौजन्यसँग पनि भुपेनको दोस्रो विवाह नै हो। पहिली पत्नी हुँदाहुँदै साजन्यसँग उनले प्रेम विवाह गरेका थिए। सौजन्य भुपेन दुवै अहिले अमेरिकामा बस्दै आएका छन्।

नेपाली लोकगीतको म्युजिक भिडियोको बजारमा मोडल तथा निर्देशक शंकर बीसीको ठूलो नाम छ। पेसामा शंकर जति सफल र खुशी छन्, उनको पारिवारिक जीवन भने त्यस्तो छैन। किनभने उनले पनि दोस्रो घरजम गरेका छन्। पहिलो पत्नीलाई नेपालगञ्जतिरै व्यवस्थित घरबार बसालिदिएका उनले दोस्रो लगनगाँठो निशा सुनारसँग कसे। लोकगीतका म्युजिक भिडियो निर्माणको सिलसिलामा परेको प्रेम उनले विवाहमा परिणत गरेका हुन्। यी दुवैको एक छोरी छन्। गायक सत्यराज आचार्यले पनि अहिलेकी श्रीमती अनिता थापा दोस्री पत्नी हुन्। पहिली श्रीमतीको निधनपछि सत्यले अनितासँग प्रेम विवाह गरेका हुन्। थापाकी छोरी अनिता र बाहुनका छोरा सत्यले पारिवारिक सहमतिमा विवाह गरेका थिए।

नेपाली साङ्गीतिक आकाशमा थुप्रै चर्चित गीत दिएका गायक यम बरालले पनि केही पहिले दोस्रो विवाह गरे। पहिलो पत्नीसँग डिभोर्स भएपछि उनले दोस्री पत्नी भित्र्याएका हुन्। उनी पछिल्लो समय विदेश कार्यक्रममा समेत व्यस्त रहने गरेका छन्।

यी त उदारण मात्र हुन्। खोतल्दै जाने हो भने दोस्रो विवाह गर्ने धेरै कलाकार भेट्न सकिन्छ। तर यस्ता कलाकारको कथा भने बोग्ला बेग्लै रहेको छ। केही कलाकारले बाध्यताले दोस्रो विवाह गरेका छन्, भने केहीले अघिल्लोबाट धोका पाएर दोस्रो विवाह रोजेको हुन्। केहीले भने अघिल्लोलाई धोका दिएर दोस्रो विवाह गरेको देख्न सकिन्छ।

**प्रस्तुतिः कुवेश गिरी**

## नेपाली....

समाचार स्रोतले उल्लेख गरेको छ। यतिबेला पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीका सम्पत्तिबारे चर्चा चलेको छ।

नेपाली सेनाभित्र कमाई हुने विभागहरुमध्ये आर्थिक प्रशासन विभाग मानिन्छ। यही विभागमार्फत् सेनालाई सम्पूर्ण बजेट पठाइने स्रोतले बताएको छ। त्यसैगरी, दोस्रोमा सम्भार रथि विभाग यसले सेनालाई आवश्यक पर्ने हवाई साधन, हातहतियारलगायतका महँगा साधन खरिद गर्छ। बुट, जुत्ता, झोला, कम्बल तेस्रो प्रबन्ध रथि विभागमा पर्दछन जसले दैनिक रसद-पानी, दाल, चामल, माछा, मासु, मट्टितेल आदि ठेक्कामा लगाउँछ। चौथो हो इन्जिनियरिङ विभाग अहिले फास्टट्र्याक यही विभागले हेर्दछ र त्यसबाहेक हेडक्वाटर, शशि भवन र सिंहदरबारलगायतको पुनर्निर्माण गर्दछ।

त्यसैगरी, पाँचौं विकास निर्माण निर्देशनालय, छैठौंमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु निर्देशनालय सातौंमा शान्तिसेना सञ्चालन निर्देशनालय र आठौंमा सैनिक कल्याणकारी कोष रहेका छन्। यिनीहरुले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित काम गर्ने बताइएको छ।

## वामदेवलाई....

नेकपाका नेताहरुले बताएका छन्।

नेकपा अध्यक्ष एवं प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली र सचिवालयका सदस्यहरुले चासो नदिएपछि यतिबेला डोल्पाबाट उपनिर्वाचनमार्फत् चुनाव लड्ने सपना लगभग समाप्त भएको समाचार स्रोतले बताएको छ। पूर्वीरुकुम र प्युठानबाट पनि गौतमलाई नछाड्ने संकेत पाएपछि अहिले बाँके-१ र दैलेखले चर्चा पाएको छ। 'मुखमा रामराम बगलीमा छुरा' भएको नेकपाका नेताहरुकै कारण गौतमको माहोल बिग्रिरहेको बताइएको छ। आफ्नो खुट्टामा गौतमले बन्चरो हान्न सक्ने आँकलन गरेर अध्यक्ष एवं प्रधानमन्त्री ओलीले चासो नदेखाएको जानकारहरुले बताएका छन्। केही समय पछाडि राष्ट्रियसभामा सांसद् बन्न छाडेर गौतमले उपनिर्वाचनमार्फत् सांसद् भई प्रधानमन्त्री बनेर बर्दियाका जनतालाई देखाउन चाहेको समाचार स्रोतले बताएको छ।

## राउतले....

राजधानी जनकपुरको रामानन्द चोकमा भने 'स्वतन्त्र मधेश' को नारा लगाउँदै झण्डै एक हजार जना भेला भएको कुरालाई लिएर अहिले सर्वत्र चासो व्यक्त भएको छ। त्यत्तिका मानिसहरुको भीड जम्मा पार्ने व्यक्तिका रुपमा सी.के. राउत रहेकाले पनि त्यो भीडको विषयलाई लिएर आश्चर्य तथा टीका टिप्पणी भएको हो।

सो भीड जम्मा हुनुमा राष्ट्रिय जनता पार्टी, नेपालका कार्यकर्ताहरुको समेत सहभागिता हुनु हो भन्नेहरुलाई सो दलका नेताहरुले त्यसो नभएको भनी खण्डन गरेका छन्। उनीहरुले राउतको विचारलाई दुषित देखिरहिएको अवस्थामा राजपा नेपालका कार्यकर्ताहरु उनको सभामा सहभागी हुन नसक्ने प्रतिक्रिया दिएकाले पनि त्यत्तिको भीड राउतले कसरी जम्मा पार्न सके भनी अहिले झनै प्रश्नहरु तेर्सिन थालेका छन्।

राउतले सम्बोधन गरेको उक्त सभामा आफ्ना कार्यकर्ता राममनोहर यादवको श्रद्धाञ्जलिसभा, मधेश आन्दोलनका क्रममा शहीद भएकाहरुको सम्झनामा कार्यक्रम गरिएको भनिएको थियो। सभास्थलमा प्रहरीको बाक्लो उपस्थिति भए पनि उनीहरुको उपस्थिति शान्ति सुरक्षाको लागि मात्र रहेको देखिएको थियो। सभामा सम्बोधन गर्ने क्रममा राउतले कुनै उत्ताउलो र भड्किलो खालको भाषण गर्ने सम्भावना देखेर प्रहरी प्रशासन चनाखो भइरहेको अवस्थामा उनले त्यस किसिमको भाषण नगरेकाले प्रहरी प्रशासनबाट खासै अवरोध पनि भएको थिएन।

## अमेरिकामा....

तस्वीरहरु राखे गरे पनि भट्टराईको भ्रमणलाई लिएर त्यहाँ रहेका कतिपय नेपालीले विरोध पनि गरेका छन्। पछिल्लो समयमा विदेश भ्रमणलाई प्राथमिकतामा राखी घुमफिरमा निस्किएका भट्टराई अहिले झण्डै एक महिनाको भ्रमणका क्रममा अमेरिकामा रहेका छन्।

नयाँ शक्ति पार्टी नेपालका संयोजक समेत रहेका भट्टराई कतै कालो झण्डा देखाइएको बताइएको छ। उनी नेकपा (माओवादी) का नेता भएका बेला उनीहरुले जनयुद्धको नाममा १७ हजार निर्दोष नेपालीको हत्या गरेको भन्दै तत्कालिन विद्रोही माओवादीका नेता विशेषगरी बाबुराम भट्टराई र पुष्पकमल दाहालको चर्को विरोध गर्दै आएका छन्।

## फोरमले....

राजपाका बारा जिल्ला संयोजक मनोज चौरसियाको सभापतित्वमा सम्पन्न विरोध सभामा क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्य एकबाल मिया, महामन्त्री जीतेन्द्र सोनल, पार्टीका उपाध्यक्ष रमेश यादव, अरुणकुमार दुबे लगायतकाले वर्तमान सरकारको विरोध गरेका थिए। उनीहरुले वर्तमान सरकारले संविधान संशोधन गरी निकास दिने अपेक्षा विपरित कार्य गरिरहेको बताएका थिए। संविधान संशोधनको कुरालाई अघि सारी सरकारमा उपेन्द्र यादवको दल पनि समावेश भै वर्तमान सरकारलाई दुई तिहाईको सरकारमा परिणत गरेको अवस्थामा समेत संशोधनको कुराप्रति सरकार संवेदनशील नभएकोलाई आश्चर्यका रुपमा चित्रित गर्दै त्यसरी सरकारमा सामेल भएको उपेन्द्र यादवको दल यस विषयमा मौन रहनु झनै आश्चर्यको विषय भएको टिप्पणी पनि उनीहरुले गरेका थिए।

## नेवानि....

महिना बाँकी रहँदा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले हटाउन चाहे पनि विभिन्न कारणले नहटाई अधिकारविहीन बनाएको समाचार स्रोतले जानकारी दिएको छ। निगमको व्यवस्थापन र समृद्धिलाई भन्दा हवाई माफियाहरुको पछि लागेर कमिसनलाई महत्व दिने गरेका कारण नेपाल वायुसेवा निगम अहिले ३२ अर्ब रुपियाँको ऋणको बोझमा परेको निगमका जानकारहरुले बताएका छन्। कमजोर व्यवस्थापनकै कारण कंसाकारले चिनियाँ जहाज उडाउन नसकी ग्राउण्डेड बन्न पुगेको छ भने रुखो व्यवहारका कारण पाइलटहरुले कंसाकारलाई साथ नदिएको समाचार स्रोतले बताएको छ।

निगममा एकलौटी र ब्रह्मलुट गर्दै आइरहेका कंसाकारले एयरबस खरिदमा अर्बौं घोटाला गरेपछि महालेखा परीक्षकले समेत खरिद प्रक्रियाको बारेमा प्रश्न उठाएको थियो। सरकारले वायुसेवा निगमलाई सुधारको दिशातर्फ लैजान कार्यकारी निर्देशकमा खरेललाई ल्याए पनि छाल गनेर भ्रष्टाचार गर्न पल्केका कंसाकार रहेसम्म वायुसेवा निगमको सुधार असम्भव रहेको बताइएको छ।

## ओलीको....

आफूले पनि त्यही शैली अपनाउनुपर्छ, पार्टीभित्र अहिले सामूहिकता हराएको छ। के हुँदैछ, के गरिँदैछ, कसैलाई थाहा हुँदैन। यस्तो स्थितिमा पार्टीका नेता, कार्यकर्ता एकढिक्का भएर कसरी उभिन सक्छन्। उहाँ नै सामूहिकतामा चल्नुभएको छैन, त्यसको परिणाम अहिले देखिँदैछ भनेका छन्।

प्रधानमन्त्री ओलीको कार्यशैलीबारे अहिले नेकपाभित्रै रडाको मच्चिएको जानकारहरुले बताएका छन्। प्रधानमन्त्री ओलीको अरिंगालले सबैभन्दा बढी आफ्नै पार्टीका नेता तथा कार्यकर्ताहरुलाई टोकेको समाचार स्रोतले बताएको छ। दुई तिहाई बहुमतको सरकारको बाघजस्तो प्रधानमन्त्री बन्नुपर्ने ओली आफ्नै कार्यशैली र निर्मला पन्तको बलात्कारले सिङ्गो मुलुक नै हल्लिएको अवस्थामा नेकपाका नेता तथा कार्यकर्ताहरुले सरकारको बचाउ नगरेकोपछि ओलीले सहारा खोजेको जानकारहरुले बताएका छन्। प्रतिपक्ष दल काँग्रेसबाहेक नेकपाकै नेताहरुले समेत यो सरकार कसको स्वार्थमा चलेको छ भनी प्रश्न गर्न थालेका छन्। जनताको जीउधनको रक्षा गर्नुपर्ने ओली नेतृत्वको सरकारले र स्वयम् प्रधानमन्त्री ओलीले अरिंगाल बनेर टोक्ने निर्देशन दिएपछि सर्वसाधारण जनता होसियार रहनुपर्ने भएको छ।

## दाहालको....

पुगिसकेका ओलीलाई भारतले अझै पनि पूर्णरुपमा विश्वास गर्न नसकेको अवस्था रहेको राजनीतिक वृत्तमा चर्चा छ। जो प्रधानमन्त्री भए पनि उसलाई आफ्नो पक्षमा पार्न प्रयास गर्ने भारतीय नीति अनुरुप भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी धार्मिक भ्रमणकै नाममा भए पनि नेपालमा आई ओलीलाई फकाउने प्रयास गरेका थिए। त्यसरी भारतले आफूलाई भाउ दिएको बुझाइमा रहेका प्रधानमन्त्री ओलीले चीनमा पुगी केही महत्वपूर्ण समझदारीहरु गरेपछि भारतीय पक्षले ओलीलाई शंकाकै घेरामा राखिरहेको अवस्था छ। यस्तो अवस्थामा भारतले दाहाललाई भारत भ्रमण गराई आफ्नो विकल्पका रुपमा उभ्याउन खोजेको बुझाइमा ओली रहेको पनि ओली निकटको समाचार स्रोतले जानकारी दिएको छ।

भारतभन्दा बढी आशा चीनको रहेको ठानिरहेका ओलीलाई चीनले समेत दाहालको भ्रमण गराइदिएकाले मनमा तुषारापात भएको बताइएको छ। ओलीले भारतले जे जस्तो गरे पनि चीनले भने आफ्नो साथ दिइरहने विश्वास लिएको अवस्थामा दाहाललाई पनि चीन भ्रमण गराएकाले चीनप्रति पनि पहिलेको जस्तो विश्वास गर्ने ठाउँ नभएको बुझाइमा ओली पुगेको पनि स्रोतले बताएको छ। तत्कालीन नेकपा (एमाले) सँग पार्टी एकता गर्दा आफू दुई वर्षपछि पछिल्लो कार्यकाल चलाउनका लागि प्रधानमन्त्री बन्ने अलिखित सहमति गर्न पुगेका दाहालले प्रधानमन्त्री बन्नका लागि जे पनि गर्न सक्ने भनी ओलीलाई उनकै निकटवर्तीहरुले भन्ने गरेको पनि स्रोतको भनाइ छ। त्यसो त पार्टी एकता गरेपछि ओलीकै हैसियतमा पार्टीको अध्यक्ष समेत दिइएको अवस्थामा 'पर्ख र हेर' को अवस्थामा रहेका दाहाल पद मात्र दिइएको तर जिम्मेदारी र प्रतिष्ठा भने नदिइएको प्रति एकदमै चिन्तित हुने गरेको दाहाल निकटको स्रोतले जानकारी दिएको छ। त्यसरी एउटै पार्टीको अध्यक्ष भए पनि ओलीले आफूलाई २ नं. स्तरीय अध्यक्षका रुपमा थन्क्याएको भनी समाचारहरुमा टिप्पणीहरु आउन थालेको विषयलाई पनि दाहालले सही रुपमै लिने गरेको स्रोतको कथन छ।

हुँदाहुँदैको पार्टीको अध्यक्षबाट २ नम्बरे अध्यक्षमा झर्नु परेको बुझाइमा रहेका दाहाल भावी महाधिवेशनबाट पार्टीको अध्यक्ष समेत बन्ने दाउका साथ एमालेसँग आफ्नो दललाई एकीकरण गराउन सहमत भएका थिए। तत्कालीन एमालेका नेताहरुमा गुटहरु कायम रहेको अवस्थामा ओलीले आफूलाई समर्थन गरी आफ्ना प्रतिस्पर्धी गुटका नेताहरुको तेजोवध गर्ने अपेक्षा दाहालले गरे पनि पछिल्लो समयमा तत्कालीन एमालेका नेताहरुले ओलीलाई आफ्नो विकल्पमा दाहाललाई नभई माधवकुमार नेपाललाई पार्टीको अध्यक्ष बनाउने वातावरण बनाउनका लागि ओलीलाई सुझाव तथा दबाव दिएको अवस्थामा पार्टीको निर्वाचित अध्यक्ष बन्ने आफ्नो सोचमा तुषारापात हुने बुझाइमा दाहाल रहन पुगेका छन्। यस्तो अवस्थामा दाहालले आफ्नो वातावरण बनाउनका लागि जे पनि गर्न सक्ने भनी ओली भने सशंकित छन्।

पछिल्लो समयमा पूर्व माओवादी रहेका नारायणकाजी श्रेष्ठसँग पनि राम्रो सम्बन्ध बन्न नसकेको अवस्थामा रहेका ओलीले नारायणकाजीको चीन भ्रमणलाई लिएर पनि चिन्ता व्यक्त गर्ने गरेको स्रोतको भनाइ छ। उनले पनि दाहाललाई लागि वातावरण बनाउन विभिन्न प्रयासहरु गरिरहेको बुझाइमा ओली रहेका छन्। डा.सुरेन्द्र के.सी.को अनसनका विषयमा के.सी.का जायज मागहरुलाई सरकारले सम्बोधन गर्नुपर्छ भन्ने मान्यता लिएका श्रेष्ठप्रति त्यो बेलादेखि नै नकारात्मक बन्न पुगेका ओली उनले पार्टीको प्रवक्ताबाट दिएको राजीनामाका बारेमा बदलाभाव स्वरुप उनले आफूलाई कुनै पनि बेलामा अप्ठ्यारोमा पार्न सक्ने बुझाइमा समेत ओली रहन पुगेको स्रोतको भनाइ छ। यस्तै, उपराष्ट्रपति नन्दबहादुर पुन पनि चीन भ्रमणमा निस्किएपछि ओली झनै दबाबमा परेको बताइएको छ। पुन पनि पूर्वमाओवादी नेता भएका कारण उच्चस्तरीय भ्रमणको दौरान आफ्नो विरुद्धमा मोर्चा कसिने पो हो कि भनी ओली त्रसित बनेको पनि स्रोतले बताएको छ।

## आयललाई....

मूल्यवृद्धि हुँदा त्यसको असरले जनजीवन प्रभावित पार्ने संकेत देखिएको छ। आइओसीले पछिल्लो पटक सेप्टेम्बर १५ मा गरेको मूल्य समायोजनको असर नेपाली उपभोक्तालाई परेको छ।

निगम करिब एक वर्षदेखि नेतृत्वविहीन बन्दै आइरहेको छ। निगमले खरिद गरेको जग्गा प्रकरण विवादित बनेकाले निगमको नेतृत्व गर्न कोही पनि तयार नभएपछि सुशील भट्टराईलाई निमित्तको जिम्मेवारी दिइएको थियो। संकटग्रस्त अवस्थामा विभिन्न चुनौतीहरु पार गर्दै भट्टराईले निगमलाई सुधारोन्मुख अवस्थामा ल्याएका छन्। यसैबीच, आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले निगममा खुल्ला प्रतिस्पर्धाबाट नेतृत्व छनोट गर्नका लागि विज्ञापन गरेका छन्। इन्जिनियरलाई प्राथमिकता दिनुपर्ने विज्ञापनमा सि.ए. लाई प्राथमिकता दिएर निगमलाई धराशयी बनाउने रणनीतिमा लागेको समाचार स्रोतले बताएको छ। तेल भण्डारणका लागि ढुङ्गा, माटोलगायतका विषयमा जानकारी राख्नुपर्ने इन्जिनियरलाई भन्दा लेखाको मात्र जानकारी राख्ने सि.ए. लाई मन्त्री यादवले कसको स्वार्थमा ल्याउन लागेका हुन् भन्ने व्यापक चर्चा चलेको छ।

खुला प्रतिस्पर्धाबाटै ल्याउने भए निगमभित्रकै व्यक्तिहरु तेल, ट्यांकरलगायतका विषयमा राम्रो जानकारी राख्नेलाई प्रतिस्पर्धा गराएर ल्याउँदा निगमको कल्याण हुने अन्यथा वाणिज्यशास्त्रमा र अर्थशास्त्रमा मास्टर गरेको भरमा राजनीतिक नियुक्तिमार्फत् कार्यकारी निर्देशक बनाइए निगम फेरि पनि पुरानै अवस्थामा पुग्ने समाचारमा उल्लेख छ।

## मधेशी....

केन्द्रित दलहरुको दोहोरो चरित्र भएको आरोप निधिले लगाएका छन्। संविधानलाई स्वीकार नगर्ने फोरम अध्यक्ष उपेन्द्र यादव वर्तमान सरकारमा उपप्रधान तथा स्वास्थ्यमन्त्री रहेका छन्।

प्रचलित संविधानअन्तर्गत मधेश केन्द्रित दलले तीनै तहको निर्वाचनमा भाग लिएर लाभका पदमा बसी सत्ताको फाइदा लिँदै आइरहेको छ। मधेशी जनतालाई संविधान संशोधनको भ्रम छरेर दलका नेताहरुले दोहोरो चरित्र देखाएर संविधानविरुद्ध नै जाइलाग्नु नैतिक दृष्टिले जायज नभएको मधेशका बुद्धिजीवि एवं राजनीतिज्ञहरुले बताएका छन्। वर्तमान संविधानलाई कालो दिवसका रुपमा मनाउने र संविधान दिवस नै नमनाउने निर्णय गरेको राजपा सरकार बाहिर छ भने संघीय समाजवादी फोरम सरकारमा बसेर कम्युनिस्टको नक्कल गर्दै दुवै हातमा लड्डु लिएर बसेको जानकारहरुले बताएका छन्।

## थापा....

विज्ञप्तिमा उल्लेख छ।

सर्वसाधारणले परिवर्तनको अनुभूति गर्न नपाएका, मुलुकको अवस्था विगतको तुलनामा जटिल र संकट ग्रस्त बन्दै गएको आरोप पनि सो बैठकले लगाएको थियो। यसैगरी देशभित्र पर्याप्त रोजगारीको अभावका कारण करिब ४० लाख सिर्जनशील र उत्पादनशील युवा जनशक्ति विदेश पलायन हुन बाध्य भएकोमा चिन्ता व्यक्त गर्दै गरीब र धनीबीचको खाडल पहिले भन्दा बढेर गएको पनि विज्ञप्तीमा उल्लेख छ। संगठित र योजनाबद्ध धर्मपरिवर्तनले नेपालको राष्ट्रिय पहिचान संकटमा परेको उल्लेख गर्दै धार्मिक मान्यतामा आएको ह्रासले नेपाली समाजमा व्यभिचार, भ्रष्टाचार र अनैतिक कार्यले प्रोत्साहन पाएको पनि उल्लेख छ। देशमा विदेशीको चलखेल र प्रभाव व्यापक भएको तथा विखण्डनकारी तत्वको जन्म भएको उल्लेख गर्दै साम्प्रदायिक भावना बढेर राष्ट्रिय एकतालाई चुनौति दिइरहेको भन्दै विज्ञप्तीमा 'लोकतन्त्रको आवरणमा लुटतन्त्र कायम भएको' आरोप लगाइएको छ।

# बुढानिलकण्ठमा नेपाल इन्भेष्टमेण्ट बैंकको काउन्टर

काठमाडौं। नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले काठमाडौंको बुढानिलकण्ठ नगरपालिका वडा नं. १३ स्थित चुनिखेलमा आफ्नो आठौं एक्स्टेन्सन काउन्टर खोलेको छ। बैंकका नायब महाप्रबन्धक विजेन्द्र सुवाल र वडा अध्यक्ष श्रीकृष्ण श्रेष्ठले काउन्टरको संयुक्त रुपमा उद्घाटन गरे। काठमाडौंको पूर्वी भूभागमा पर्ने बुढानिलकण्ठस्थित १३ नम्बर वडा कार्यालयमा खोलिएको काउन्टरले चुनिखेल क्षेत्रको वडासम्बन्धी सम्पूर्ण आर्थिक कारोबार गर्न सहयोग गर्ने बैंकको विश्वास छ। साथै काउन्टरले सात हजारको संख्यामा रहेका स्थानीय जनतालाई वित्तिय साक्षरता प्रदान गरी बैंकिङ कारोबारका लागि प्रोत्साहन गर्ने बैंकले जनाएको छ।

त्यस्तै सर्लाहीको बरथहवास्थित गुदारी बजारमा रहेको नेपाल इन्भेष्टमेण्ट बैंकको शाखालाई स्थानीय मागअनुसार इलाका प्रहरी कार्यालय अगाडि स्थानान्तरण गरिएको छ। ८० हजारको हाराहारीमा रहेका स्थानीयलाई छिटो, छरितो र उत्कृष्ट वित्तीय सेवा दिन बैंक प्रयासरत रहने बैंकले जनाएको छ। सर्वसाधारणलाई सहज बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यले वित्तीय संजाल नपुगेका क्षेत्रमा शाखा विस्तार गर्ने योजना अनुसार बैंकले सेवा विस्तारको अभियानलाई निरन्तरता दिइरहेको छ।

# माछापुच्छ्रे बैंकको 'माछापुच्छ्रे महोत्सव'

काठमाडौं। माछापुच्छ्रे बैंक लिमिटेडले बैंकिङ्ग कारोबार शुरु गरेको १८ वर्ष पुरा गरी १९ औं बर्षमा प्रवेश गर्न लागेको उपलक्ष्यमा आश्विन महिना भरी आफ्नो सम्पूर्ण शाखाहरुमा माछापुच्छ्रे महोत्सव सञ्चालन गरेको छ। १८ औं वार्षिकोत्सवको उपलक्ष्यमा माछापुच्छ्रे बैंकका सम्पूर्ण शाखाले ग्राहकलाई भिन्न किसिमको बैंकिङ्ग अनुभूती गराउने बताएको छ। साथै, यस महोत्सवलाई मध्यनजर गर्दै ग्राहकहरुलाई निःशुल्क डेबिट कार्ड र इन्स्टयान्ट कार्ड, निःशुल्क, डिम्याट खाता, वार्षिक लकर शुल्क र माछापुच्छ्रे मोबाइल मनी जारी शुल्कमा ५०% छुट, माछापुच्छ्रे क्रेडिट कार्डमा ५०% छुट र रिटेल कर्जा सेवा शुल्कमा ०.१८% छुट लगायत विभिन्न सरप्राइज गिफ्टहरु पनि प्रदान गर्ने बैंकले बताएको छ।

बैंकले उक्त महोत्सव आश्विन महिना भरी जारी रहने बताएको छ। बैंकले सर्वसाधारणहरुलाई बैंकको नजिकको शाखामा गई महोत्सवमा सहभागी हुन तथा विशेष सुविधाहरुको लाभ लिन आव्हान गरेको छ। पोखराबाट २०५७ सालमा बैंकिङ्ग कारोबार शुरु गरेको यस बैंकले हाल ८६ वटा शाखा कार्यालय, २ वटा एक्स्टेन्सन काउन्टर, २८ वटा शाखा रहित सेवा लगायत ९९ वटा ए.टि.एम.बाट देशभरीका ५ लाख ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ।

# यातायात समितिको बैंक खाता खुला हुने

काठमाडौं। सरकारले यातायात समितिहरुको रोक्का रहेका बैंक खाता खुला गर्न आन्तरिक गृहकार्य सुरु गरेको छ। यसका लागि यातायात व्यवस्था विभागले विभिन्न विकल्पसहितका सझाव अघि सारेको छ। दशैंको अग्रिम टिकेट बुकिङका लागि व्यवसायीले बस सञ्चालन, कर्मचारी व्यवस्थापन, काउन्टरको सञ्चालन लगायतमा खर्चको समस्या देखाएका थिए। पैसा जति सबै रोक्का भएको खातामा रहेकाले दशैंको खर्च व्यवस्थापन गर्न नसकिने व्यवसायीको भनाइ थियो। विभागले खाता खोल्न वा आवश्यक रकम झिक्न दिने आश्वासन दिएपछि व्यवसायी असोज ५ गतेबाट बुकिङ खोल्न समहत भएका थिए। त्यसैअनुसार समितिका खातामा रहेको पैसा खर्च गर्न दिन प्रस्ताव अघि बढाइएको हो। त्यसैका आधारमा यवस्था विभागले यातायात, अर्थ र गृह मन्त्रालयलाई विभिन्न विकल्पहरुसहित खाता खोल्न सुझाव दिएको छ। विभाग स्रोतका अनुसार समिति कम्पनीमा गएपछि सबै रकम कम्पनीकै खातामा सार्ने, आवश्यक खर्चको व्यवस्थापन गर्ने लगायतका ४-५ वटा विकल्पहरु अघि सारेर सरकारलाई सुझावहरु दिएको बताए। यसअघि पनि साउनसम्मको खर्च रोक्का खाताबाट भुक्तानी गर्ने गरी सरकारले समितिहरुसँग विवरण लिएको थियो।

खाता रोक्का हुँदा व्यवसायीले घाइतेको उपचारमा पनि समस्या भइरहेको बताएका छन्। यातायात समितिहरुलाई सरकारले पुससम्म कम्पनीमा जान समय दिएको छ। व्यवसायीले समितिको रोक्का भएको बैंक खाताको रकम राष्ट्रियकरण हुनसक्ने देखेपछि सो रकम निकाल्न विभिन्न जोडबल गर्दै आएका छन्। त्यसैअनुसार उनीहरुले दशैंको बुकिङमा पनि बार्गेनिङ गरेका थिए। सरकारले दशैंपछि सार्वजनिक सवारीको भाडा समायोजन गर्ने मौखिक सहमति पनि गरेको छ। पछिल्लो समयमा डिजेल र पेट्रोलको मूल्य उच्च रुपमा बढिरहेकाले भाडा समायोजन गर्नुपर्ने माग व्यवसायीले गरेका छन्। सरकारले त्यसमा पनि सकारात्मक जवाफ दिएपछि व्यवसायी बुकिङ खोल्न राजी भएको विभाग स्रोतले बताएको छ।

## किन....

चलखेल हुने डि. ई. हरुको सरुवा यस पटक कायमै रहन्छ कि रहँदैन भन्ने चर्चा चलेको छ। यसपालि डि. ई. हरुको सरुवामा काठमाडौं, भरतपुर, विराटनगर र बुटवलजस्ता आकर्षक डिभिजन सडकमा जाने व्यक्तिहरुका बारेमा बढी चर्चा हुने गरेको छ। कार्यदक्षता र क्षमता भएकाहरुलाई यी ठाउँहरुको जिम्मेवारी दिइने मन्त्रालय उच्च स्रोतले बताएको छ। बालुवाटारको दबाबमा म्याद थपेको पत्र बुझेका सडक विभागका महानिर्देशक रवीन्द्रनाथ श्रेष्ठले स्वच्छता र क्षमताको पहिचान गर्छन् कि विगतकै परम्परालाई निरन्तरता दिन्छन्, त्यो हेर्न बाँकी रहेको छ। तथापि डिजी श्रेष्ठ पनि गलत व्यक्तिहरुको घेराबन्दीमा परेको सडकमा चर्चा छ। यता राज्यको तलब खाए पनि जिम्मेवारी नपाउँदा एकजना सु. ई. तनावमा परेका छन् भने हुलाकी सडक निर्देशनालयका श्याम खरेल र मध्यपहाडी पश्चिमखण्डका सूर्यबहादुर भाटले रमना लिएर विभागमा हाजिर भएको समाचार स्रोतले बताएको छ।

## काँग्रेसमा....

केन्द्रीय कार्यसमिति, प्रदेश समिति, जिल्ला कार्यसमिति, प्रतिनिधिसभा, क्षेत्रीय समिति, प्रदेश, क्षेत्रीय समिति, गाउँ/नगर, उपमहानगरपालिका वडा समिति र बुथ समिति रहेको समाचार स्रोतले बताएको छ।

काँग्रेस महामन्त्री पूर्णबहादुर खड्का संयोजकत्वको विधान संशोधन मस्यौदा समितिले पेस गर्ने मस्यौदामा काँग्रेसको वर्तमान संरचनामा व्यापक हेरफेर र समानुकूल बनाइएकोले काँग्रेसको भविष्य उज्ज्वल हुनसक्ने जानकारहरुले बताएका छन्।


# इभेन्टका लागि सम्झनु होस

काठमाडौं उपत्यकामा कुनै पनि किसिमका सांगीतिक वा अन्य खालका इभेन्टहरु गर्नका लागि हामीलाई सम्झनु होस्। त्यस्ता इभेन्टहरुका लागि आवश्यक सम्पूर्ण व्यवस्था हामीले गरी आयोजकहरुलाई सहजता प्रदान गर्ने हाम्रो लक्ष्य पनि हो।

**सीप एण्ड साउट म्युजिक फेष्टिवल प्रा.लि.**

काठमाडौं-२९, लाजिम्पाट

सम्पर्क नं.९८०१०००४२४ (राहुलजी)


Chief-Editor/Publisher : **Koushal K. Bhattarai**, Editor : **Krishna Lamsal**, Executive Editor : **Piamani Bhattarai**, Legal Advisor : **Advocate Hari Sharan Jamakatel**

Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .